

# विद्यार्थीहरूको दृष्टिमा चुरे संरक्षण

## यसै पुस्तकबाट

"चुरेको बिनाश सर्वसाधारणले यसको महत्व नबुझेर भएको हो । यदि तराई मधेशको सुख चाहियो भने हामीले चुरेको संरक्षण गर्नैपर्छ भन्ने कुराको चेतना सबैमा हुनु जरुरी छ ।"

- सावित्री कुमारी चौधरी
कल्याणपुर, सप्तरी

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको प्रकाशन

**प्रतिलिपि अधिकार © २०७२ साल, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुरमा रहेको छ**

**सर्वाधिकार सुरक्षित**

यस संग्रहमा प्रकाशित निबन्धहरू राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको अनुमति बिना छाप्न वा छायाँप्रति निकाली वितरण गर्न पाइने छैन तर निबन्धका कुनै वाक्यांश वा अनुच्छेदहरू सन्दर्भ उल्लेख गरी उद्धरण गर्न पाइने छ ।

# विद्यार्थीहरूको दृष्टिमा चुरे संरक्षण

*वितरक:*

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

www.chureboard.gov.np

email: mail@chureboard.gov.np

**मुद्रण:**

सिग्मा जनरल अफसेट प्रेस

**नि:शुल्क वितरण**

ISBN: 978-9937-2-9911-4


नेपालको चुरे क्षेत्र
सङ्केत
अन्तर्राष्ट्रिय सिमाना
जिल्ला सिमाना
चुरे क्षेत्र पर्ने जिल्ला
चुरे क्षेत्र
० ५५ ११० २२०कि. मि.

# आरम्भ

यो संग्रहमा ५४ वटा निवन्ध छन् ।

पहिलो चुरे संरक्षण दिवस २०७२ को अवसरमा चुरे क्षेत्रका ३६ जिल्लामध्ये १८ जिल्लामा आयोजना गरिएको विद्यालय-स्तरीय निबन्ध प्रतियोगितामा उत्कृष्ट ठहरिएका प्रत्येक जिल्लाका तीन जना छात्र-छात्राहरूको कृति हो यो । उनीहरुको मौलिक सिर्जनामा तथ्याङ्कीय र व्याकरणीय शुद्धाशुद्धि गरिएको छ, अरु जस्ताको तस्तै प्रस्तुत छ ।

यस संग्रहमा लेखकीय नाम परेका कतिपय बालबालिकाहरूको जीवनको पहिलो प्रकाशन हुनुपर्छ । आफूलाई लेखकको रुपमा, एउटा सर्जकको रुपमा सार्वजनिक रुपमा देखिन पाउँदा निश्चित रुपमा उनीहरूलाई गर्व हुनेछ । प्रकृतिसंग पौंठेजोरी खेलेर हाम्रो जीवन सहज हुन सक्दैन । प्रकृतिको संरक्षण हामीले गऱ्यौं भने, प्रकृतिले पनि हामीलाई उन्नत र समृद्ध जीवनका लागि भरपुर स्रोत उपलव्ध गराउँछ । विद्यालय-जीवनमै कलिला उमेरका बालबालिकाहरूले जुन दृष्टिकोण चुरे संरक्षणका सवालमा प्रस्तुत गरेका छन्, त्यसले आउने पुस्ता विगतको जस्तो पक्कै हुने छैन भन्ने संकेत गर्छ ।

बालबालिकाहरूले विकास संरक्षण-मुखी हुनुपर्छ र संरक्षण विकासमुखी हुनुपर्छ भन्ने सन्देश दिन खोजेका छन् । चुरेको संरक्षणका लागि प्रभावित क्षेत्रकै बासिन्दा खटिनुपर्छ भन्ने सन्देश पनि छ ।

यो संग्रहमा प्रकाशित कृतिहरू पढेर चुरे क्षेत्र र त्यसबाट प्रभावित तराई-मधेशका सबै बालबालिकाहरूलाई प्रकृति संरक्षणमा लाग्न प्रेरणा मिलोस्, समितिको यही शुभकामना छ ।

**राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति**

# विषय सूची


**झापाः झापा जिल्लामा चुरे संरक्षणका समस्या र चुनौती**

*सरिता राउत* ..................... १

*दिपेश राजवंशी* ..................... ३

*सन्देश गौतम* ..................... ५

**मोरङः चुरे संरक्षणको आवश्यकता र यसमा स्थानीय शिक्षालयको भूमिका**

*युबकला राई* ..................... ७

*रोहित ढकाल* ..................... १०

*रमा वि.क.* ..................... १२

**सप्तरीः तराई मधेशको सुखको लागि चुरे संरक्षण**

*सावित्री कुमारी चौधरी* ..................... १४

*मो. नश्म अहमद* ..................... १६

*सिर्जना कुमारी देव* ..................... १८

**उदयपुरः चुरे बुझौं र बुझाऔं**

*एन्जिला कार्की* ..................... २०

*लक्ष्मण अधिकारी* ..................... २३

*आशिष भण्डारी* ..................... २५

**धनुषाः चुरे विनाशका कारणहरु, यसबाट परेको प्रभाव र न्यूनीकरणका उपायहरु**

*शिव कुमार महरा* ..................... २८

*विजय कुमार मण्डल* ..................... ३२

*प्रगति प्रिया मण्डल* ..................... ३६

**महोत्तरीः चुरे क्षेत्र संरक्षणको आवश्यकता**

*शैलेन्द्र कुमार यादव* ..................... ४०

*अमित कुमार मण्डल* ..................... ४३

*अस्मिता उपाध्याय* ..................... ४५

**सिन्धुलीः चुरे विनाशका कारण, परिणाम र संरक्षणका उपायहरु**

*चन्दन चौधरी* ..................... ४७

*महान श्रेष्ठ* ..................... ५१

*बीना कोइराला* ..................... ५३

**पर्साः चुरे संरक्षण आजको आवश्यकता**

*मुक्ति राम* ..................... ५६

*मंजय कुमार प्रजापति* ..................... ५९

*छवि प्रसाद खवास* ..................... ६०

**मकवानपुरः चुरे संरक्षणमा विद्यार्थीको भूमिका**
*शिशिर तामाङ* ....................................................................६२
*अञ्जली चौधरी* ..................................................................६४
*मनिषा सुवेदी* ....................................................................६६
**चितवनः राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्थापना र यसको औचित्य**
*आभाष भण्डारी*....................................................................६८
*मधु बराल* ........................................................................७१
*मार्टस द एटम गौतम*...............................................................७४
**रुपन्देहीः चुरे क्षेत्रको संरक्षण आजको आवश्यकता**
*अस्मिता पौडेल*....................................................................७७
*अमृता भण्डारी*....................................................................७९
*प्रविन यादव*.......................................................................८१
**कपिलवस्तुः चुरे संरक्षण र हाम्रो भविष्य**
*दिवाकर मौर्य*......................................................................८३
*झरना न्यौपाने*.....................................................................८५
*वासुदेव पाण्डे*.....................................................................८७
**अर्घाखाचीः चुरे वन क्षेत्रको संरक्षण तथा महत्व**
*आस्था घिमिरे*.....................................................................८९
*अम्मर बहादुर घर्ती मगर*...........................................................९२
*शान्ता थापा क्षेत्री* ................................................................९४
**दाङः चुरे संरक्षण आजको आवश्यकता**
*प्रतिभा रिजाल*.....................................................................९६
*प्रतिष्ठा ओली*......................................................................९९
*सन्देश रिजाल*.....................................................................१०२
**सुर्खेतः चुरे संरक्षणमा विद्यार्थीको भूमिका**
*दिवाकर प्रताप साह*...............................................................१०४
*एलिसा पौड्याल*...................................................................१०६
*स्नेहा पोखरेल*.....................................................................१०८
**बर्दियाः चुरे संरक्षण र हाम्रो भविष्य**
*प्रकाश भट्टराई*....................................................................११०
*प्रतिभा शाही* .....................................................................११२
*अर्जुन थारु* ......................................................................११४

**कैलाली: चुरे संरक्षणमा समुदायको भूमिका**

*श्याम रावल* ........................................ ११६

*सन्दीप अवस्थी* ........................................ ११८

*गोपाल साउँद* ........................................ १२१

**कञ्चनपुर: चुरे संरक्षण आजको आवश्यकता**

*यमुना पन्त* ........................................ १२३

*अविषेक चन्द* ........................................ १२६

*ज्ञानु बोहरा* ........................................ १२९

# झापा जिल्ला

## "झापा जिल्लामा चुरे संरक्षणका समस्या र चुनौती"

**सरिता राउत, कक्षा - १० (दश)**

श्री महारानीगञ्ज माध्यमिक विद्यालय, शनिश्चरे, झापा

**प्रथम स्थान प्राप्त**

नेपाललाई भौगोलिक हिसाबले तीन भागमा बाँडिएको छ । हिमाल, पहाड र तराई । चुरेले नेपालका ३६ जिल्लालाई छोएको छ । ती मध्ये झापा पनि एक हो । झापाको खुदुनाबारी, ईलामको लोदिया, गरूवा जस्ता ठाउँहरू चुरे प्रदेश अन्तर्गत पर्दछन् । समुद्री सतहबाट १२० मीटरटेखि १९७२ मीटरसम्मको उचाईमा रहेको तराईदेखि उतरपट्टी महाभारत पर्वत श्रृंखलादेखि दक्षिणपट्टीको पहाडलाई चुरे भनिन्छ। चुरे प्रदेशलाई शिवालिक पनि भनिन्छ । चुरेमा मसिनो ढुङ्गा मिसिएको बलौटे माटो पाइन्छ ।

वर्तमान समयमा हेर्ने हो भने चुरेको अवस्था एकदमै दयनीय तथा जीर्ण छ । चुरेमा रहेका वनजङ्गल फडानी र चुरेका फेदबाट बालुवा, गिट्टी, ढुङ्गा निकाल्ने काम बढीभन्दा बढी भइरहेको छ । यसले गर्दा तराई डुबानमा पर्ने सम्भावना बढी छ। चुरे क्षेत्रमा बढ्दो वनफडानीले गर्दा यहाँ धेरै प्राकृतिक प्रकोप आइपर्ने सम्भावना छ। चुरेबाट दिन प्रतिदिन काठ, ढुङ्गा, गिट्टी तस्करी भई अन्य देशमा निर्यात हुने गर्दछ। बहुमूल्य जडीबुटीहरु दिनानुदिन लोप हुँदै गएका छन् । चुरे संरक्षण गर्नका लागि हिजो आज निकै योजना तथा नीति तयार भएका छन् । तर कार्यान्वयन हुन सकेको छैन । चुरे संरक्षण हामीले नगरे भावर र तराईमा पानीको अभाव हुनेछ। चुरे संरक्षण गर्न राष्ट्रिय स्तरबाट पहल गर्नुपर्ने हुन्छ ।

चुरेमा विभिन्न लोपोन्मुख जीवजन्तु पाइन्छन् । अहिले चुरेका वनजङ्गलमा विभिन्न किसिमका मानवीय क्रियाकलापले गर्दा जीवजन्तु लोप हुँदै गएका छन् । हामीले चुरेको संरक्षण गर्ने हो भने बाढी, पहिरो, भूक्षय जस्तो प्राकृतिक प्रकोपबाट बच्न सक्छौं । चुरेमा पाइने जीवजन्तु, जडीबुटी तथा काठ तस्करीले गर्दा जैविक विविधतामा पनि ह्रास आउनेछ। खोलामा क्रसर राखी अनावश्यक रूपमा बालुवा, गिट्टी, ढुङ्गा निकाल्ने गर्दा वातावरण प्रदुषण हुन्छ। यही प्रकारले चुरे विनाश गर्दै जाने हो भने तराई पनि नासिन सक्छ। तराईको उर्वराशक्तिमा पनि

ह्रास आउन सक्छ। चुरे क्षेत्रमा रहेको वनजङ्गलको विनाश गऱ्यौं भने केही दिन मै पानीको अभाव हुन्छ । चुरेमा पाइने जीवजन्तुको अवलोकन गर्न देश विदेशबाट पर्यटकहरु आउने गर्छन् । चुरे विनाश भयो भने ती किन आउँछन र ? नेपालको प्रमुख स्रोत नै वनजङ्गल र जलविद्युत हो। वनजङ्गलको विनाश गऱ्यौं भने पानीको अभाव भई जलविद्युत रहँदैन । हामीले अन्धकारमय जीवन बाँच्नु पर्नेहुन्छ ।

चुरे पर्वत संरक्षणका लागि विभिन्न संघ-संस्थाले चेतनामूलक कार्यक्रम ल्याउनु पर्छ। अन्तर्राष्ट्रिय स्तरमा लागू भएका वातावरण संरक्षण सम्बन्धी कानून हामीले पालना गर्नुपर्छ । सरकारले चुरे संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्छ। सरकार, नागरिक र विभिन्न संघ-संस्था मिलेर ठोस नीति तयार गरी लागू गर्नुपर्छ। चुरे पर्वत संरक्षणमा प्रहरी, सेना र निजामती कर्मचारी खटाउनुपर्छ। चुरे विनाश गर्ने व्यक्तिलाई उचित कारबाही गर्नुपर्छ । चुरे संरक्षण गर्न भनी खटिएका केही कर्मचारीहरू लोभलालचमा परी आफै चुरे विनाश गर्ने कार्यमा सहभागी हुने गर्दछन्। त्यस्ता भ्रष्टाचारीहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ। चुरे अतिक्रमण गर्नेमा विशेष रूपले गरिब तथा बेरोजगार युवाहरू पर्दछन्। बेरोजगार युवाहरूलाई रोजगारको अवसर सिर्जना गरिदिनु पर्छ। गरिबी निवारणका लागि विभिन्न कार्यक्रम ल्याउनुपर्छ। चुरे क्षेत्रमा भएका नाङ्गा डाँडाहरूमा वृक्षारोपण गर्नुपर्दछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमले तय गरेका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। चुरे क्षेत्रलाई चुरे संरक्षण क्षेत्र भनी घोषणा गर्नु पर्दछ। चुरे क्षेत्रबाट अनावश्यक रूपमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने कार्यमा सरकारले प्रतिबन्ध लगाउनुपर्छ। राज्यले समय समयमा चुरे संरक्षण क्षेत्र अवलोकन गर्न चुरे संरक्षण टोली खटाउनुपर्छ।

चुरे संरक्षण गर्न वृक्षारोपण गरी अनावश्यक वनफडानीलाई रोक्नुपर्छ। राष्ट्रिय स्तरमा निर्माण भएका नीति सरकारले पूर्ण रूपमा लागू गर्नुपर्छ। समय समयमा चुरे क्षेत्रको अवलोकन तथा अध्ययन गर्नुपर्छ । हामीले चुरे क्षेत्र संरक्षण गऱ्यौं भने हाम्रा भावी सन्ततिहरू उत्प्रेरित हुन्छन् । चुरे संरक्षण कार्यलाई अभियानको रूपमा चलाउनु पर्दछ। विद्यालयहरुमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ। हामी सबैले हाम्रो कर्तव्य ठानेर चुरे क्षेत्र संरक्षण गर्नुपर्छ। जसले देशलाई तथा आफूलाई प्राकृतिक प्रकोपबाट जोगिन र जोगाउन सकिन्छ।

# "झापा जिल्लामा चुरे संरक्षणका समस्या र चुनौती"

**दिपेश राजवंशी, कक्षा - १० (दश)**
श्री भानु उच्च माध्यमिक विद्यालय, अर्जुनधारा, झापा
**द्वितीय स्थान प्राप्त**

नेपाल भौगोलिक विविधताले भरिपूर्ण मुलुक हो। नेपाललाई मुख्यतः हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ। यसका अतिरिक्त चुरे पर्वत श्रृंखला पनि एक हो। नेपालको भौगोलिक मानचित्र अनुसार महाभारत पर्वत श्रृंखलादेखि तल (दक्षिण) र तराईदेखि माथि (उत्तर) मा समुद्री सतहबाट करिब १२० मीटर देखि १९७२ मीटरसम्मको उचाईमा रहेको जमिनको भू-भागलाई चुरे क्षेत्र भनिन्छ। चारकोसे झाडीले छोएको दोमट तथा कमसल भू-भागको रूपमा चुरे पर्वत श्रृंखलालाई चिनिन्छ। झापा जिल्लाको सन्दर्भमा ईलाम जिल्लादेखि तल दानावारी, खुदुनाबारी बाहुनडाँगी जस्ता स्थानहरू, कन्काई र दमकदेखि माथिको क्षेत्र चुरेमा पर्दछ।

महाभारत पर्वत श्रृंखलाबाट स्थायी रूपमा बग्ने मेची, कन्काई जस्ता नदीहरूले बगाएर ल्याएको ढुङ्गा, माटो, बालुवा इत्यादि चुरे क्षेत्र भएर तराई पुग्दछन्। यस क्षेत्रमा पतझर तथा सदावहार वन पाइन्छ। महाभारत श्रृंखलादेखि तल स-साना उपत्यकाहरू जस्तो देखिने यस क्षेत्रमा हाल विभिन्न समस्या र चुनौतीहरू देखा परेका छन्। विशेष गरी यस क्षेत्रमा क्रसर उद्योग सञ्चालन हुँदा गिट्टी, ढुङ्गा र बालुवाहरू अनियन्त्रित तवरले निकासी भएका छन्। यसले गर्दा विनाश नजिकिँदै छ। चुरेमा देखा परेका चुनौतीहरू निम्न अनुसार छन्:-

- क्रसर उद्योगी वा पहुँचवालाको विगविगी हुनु।
- रातारात विभिन्न बहुमूल्य काठ तथा जडीबुटीको तस्करी हुनु।
- राजनीतिक दलको आडमा नियम कानून उल्लङ्घन गरी वनफडानी गर्नु।
- सुकुम्वासीको नाममा चुरे क्षेत्रमा मानवीय बस्तिहरू जथाभावी बसाल्नु।
- वन अतिक्रमण, आगोलागी, काठ तथा जडीबुटी चोरी निकासी बढ्नु।
- वनविनाशका कारण वर्षायाममा आउने बाढीले तराईका गाउँ तथा बजारहरू बगाएर धनजनको क्षति हुनु।
- सरकारको चासो कम हुनु र
- जनसहभागिताको कमी हुनु।

चुरे संरक्षणका लागि सबै पक्षको एकता हुन आवश्यक छ । सरकारी निकाय, समाजसेवी कार्यकर्ता, राजनैतिक दल, विद्यालय, शिक्षक, विद्यार्थीहरू सबैको सहयोग जुटाउनु आवश्यक छ । सरकारले चुरे संरक्षण नीति निर्माण गर्नु आवश्यक छ । वि.सं. २०६६/६७ मा पहिलो पटक नेपालमा चुरे संरक्षणको लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू भयो । यसले केही हदसम्म संरक्षण गरेको पाइन्छ । अझ बढी संरक्षण गर्ने आशा पलाएको छ । चुरे क्षेत्रको समस्या सामाधान गरी यसको संरक्षणका निम्ति सरकारले संरक्षण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्छ । चुरे क्षेत्रबाट प्राप्त स्रोत तथा साधनको न्यायोचित प्रयोग हुनुपर्छ । चुरे संरक्षणले मात्र तराई क्षेत्रको मरुभूमिकरणलाई रोक्न सकिन्छ । चुरे संरक्षणले विभिन्न पर्यटन उद्योगहरू फस्टाउँछन् एवं विदेशी पर्यटकहरू निम्त्याउन सकिन्छ । विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । सरकारी निकाय र नागरिक समाजको जागरुकताले संरक्षण नीति कार्यान्वयनमा आउन सक्छ । सरकारी निकाय तथा नागरिक समाजको सक्रिय सहभागिताले यी चुनौतीहरूको सामाधान गर्न सकिन्छ । चुरे क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न आवश्यक छ ।

# “झापा जिल्लामा चुरे संरक्षणका समस्या र चुनौती”

**सन्देश गौतम, कक्षा - ९ (नौ)**
श्री सूर्योज्योती माध्यमिक विद्यालय, शनि-अर्जुन -३, झापा
**तृतीय स्थान प्राप्त**

नेपाल भौगोलक विविधताले भरिएको एक सुन्दर देश हो । भौगोलिक आधारमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशमा विभाजन गरिएको छ । यही तराई प्रदेशदेखि उत्तर र पहाडी प्रदेशदेखि दक्षिणमा रहेको, समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्म उचाई भएको, पूर्वदेखि पश्चिमसम्म फैलिएको जुन नेपालको उत्तरदेखि दक्षिण करिब १९३ कि.मि. मध्ये चौडाई मध्ये दुन सहित भएको स्थानमा ४५ कि.मि. सम्म चौडाई भएको क्षेत्रलाई चुरे श्रृंखला वा चुरे क्षेत्र भनिन्छ । पश्चिममा पाकिस्तानको इन्दुस नदीदेखि र पूर्वमा भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरे क्षेत्रलाई शिवालिक वा कान्छो पहाड भनेर पनि चिनिन्छ । नेपालमा पूर्वमा ईलामदेखि र पश्चिममा कन्चनपुरसम्म ३६ वटा जिल्लामा चुरे फैलिएको छ । यसले नेपालको कुल भू-भाग मध्ये १२.७८% ढाकेको छ ।

हावापानीको विविधताले गर्दा भिन्न भिन्न ठाउँमा भिन्न भिन्न किसिमका वनस्पतिहरु र वन्यजन्तुहरू पाइन्छन् । बलौटे माटो भएकाले खेती योग्य जमिन नभए पनि विभिन्न किसिमका वनस्पतिका लागि उपयोगी रहेको देखिन्छ । जसले गर्दा तल्ला भेगहरूलाई जलस्रोतको आपूर्ति गर्ने जमिन वा प्राकृतिक स्रोतको संरक्षण गरेकाले यसको भिन्नै किसिमको महत्व रहेको छ ।

झापा जिल्लाको सन्दर्भमा बाहुनडाँगी, बुधबारे, शनि-अर्जुन, सुरुङ्गा, शान्तिनगर, मेचीनगर, शिवसतासीधाम, दमक लगायतका अन्य केही गा.वि.स. र नगरपालिकाहरू चुरे क्षेत्रमा पर्दछन् । वर्षायाममा चुरे भएर बाढीले मलिलो माटो बगाएर ल्याउने हुनाले तराई क्षेत्रमा प्रशस्त अन्न उब्जनी हुने गर्दछ । त्यसैले चुरे श्रृंखलाको विशेष महत्व छ । यसले जैविक विविधतालाई कायम राख्न उल्लेखनीय योगदान पुऱ्याएको छ । तर आजको बढ्दो शहरीकरण, औद्योगिकीकरण, जनसङ्ख्या वृद्धि जस्ता विविध कारणहरूले गर्दा यस क्षेत्रलाई निकैनै प्रभाव पारेको छ । मानवीय कारणले गर्दानै चुरेमा पाइने वन, वन्यजन्तु र चराचुरुङ्गीहरूलाई असर पार्दै गएको पाइन्छ ।

हामीहरूले आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्नका लागि यस क्षेत्रको दोहन गरिरहेका छौं । गरिबी र जनचेतनाको अभावले चुरे क्षेत्रको विनाश भएको हो । नीति नियम र अनुगमनको अभाव पनि छ । सरकारी र गैर सरकारी निकाय नै भ्रष्टाचारमा संलग्न भएको कुरा बेला बखत सुन्न पाइन्छ । चुरे विनाश भएको देखेर सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको अवधारणा ल्याएको छ । यो कार्यक्रमले नदी नालाको किनारमा बाँस, काँस, रुख रोप्ने कार्यक्रम, जलाधार संरक्षण आदि गर्दछ । २०७१ साल असार २ गते गठित राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको अध्यक्ष हाल रामेश्वरप्रसाद खनाल हुनुहुन्छ । एल.डब्लु.एफ., जिल्ला भू-संरक्षण कार्यालय जस्ता संस्थाहरूले निरन्तर प्रयास गरिरहँदा पनि संरक्षण प्रभावकारी हुन सकिरहेको थिएन् ।

हामीले प्राकृतिक सम्पदाहरूको संरक्षण गर्नुपर्छ । आ-आफ्नो तहबाट विभिन्न चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । भूक्षय हुने, बाढी पहिरो जाने, जमिनहरू मरुभूमिमा परिणत हुने जस्ता समस्याहरु देखा पर्न थालेका छन् । चुरे श्रृंखलामा पाइने वनस्पतिहरू जस्तै साल, सिसौ, खयर र अन्य केही जडीबुटीहरू दिनानुदिन चोरी निकासी भइरहेका छन् । यो अवस्थामा झापा जिल्लाको चुरे संरक्षणको सबैभन्दा ठूलो चुनौती यस्तै चोरी निकासी हो । सबै मिलेर अब चुरे संरक्षणमा लाग्नु पर्दछ ।

# मोरङ जिल्ला

# "चुरे संरक्षणको आवश्यकता र यसमा स्थानीय शिक्षालयको भूमिका"

**युबकला राई, कक्षा - १० (दश)**
श्री लक्ष्मी माध्यमिक विद्यालय, केराबारी - ९, भलुवा, मोरङ

**प्रथम स्थान प्राप्त**

नेपालको भौगोलिक बनावटमा विविधता छ। यसको प्राकृतिक भू-बनोट र स्वरूपमा पनि भिन्नता रहेको पाइन्छ। भौगोलिक भिन्नताको कारणले नै नेपालको भू-बनोट, हावापानी, धरातल, तापक्रम, वनस्पति, पशुपक्षी आदिमा पनि भिन्नता रहेको पाइन्छ। भौगोलिक क्षेत्रकै आधारमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ। करिब चार करोड बर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा थेगर र गेगर थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे श्रृङ्खला हो। पाकिस्तानको इन्दुस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्म रहेको चुरे क्षेत्रलाई शिवालिकको नामले पनि चिनिन्छ। चुरे क्षेत्रले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत क्षेत्रफल ओगटेको छ। खुकुलो पत्रे चट्टान भएको र महाभारतबाट बग्ने नदीहरू यही चुरे क्षेत्र हुँदै तराईतर्फ बग्ने हुँदा प्राकृतिक रूपमा यो अत्यन्त संवेदनशील रहेको छ।

सन् १९५० को दशक पहिले घना जङ्गलको रूपमा रहेको नेपालको चुरे क्षेत्रको वनजङ्गल तत्पश्चात् उच्च दरले प्रतिवर्ष विनाश भइरहेको छ। यस क्षेत्रको भौगोलिक बनोट, अवस्थिति र मानवीय कारक तत्वहरू जस्तैः तीव्र वन विनाश, खुला चरिचरन, अनुपयुक्त खेती प्रणाली, अव्यवस्थित बसोवास आदि छन्। यसले गर्दा जैविक विविधता र जमिनको उत्पादकत्वमा ह्रास ल्याएको छ। चुरे भावर र तराई बीच प्राकृतिक र सामाजिक रूपमा अत्यन्त नजिकको सम्बन्ध भएको कारणले गर्दा चुरे क्षेत्रको वन विनाशको असर चुरे क्षेत्रमा मात्र सीमित नभएर नेपालको अन्नभण्डार मानिने तराई क्षेत्रमा समेत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पर्ने भएकोले चुरे क्षेत्रको संरक्षणले राष्ट्रिय महत्व पाएको छ। भनिन्छ, "हरियो वन नेपालको धन।" यो साँचो कुरा हो। वास्तवमा भन्ने हो भने यो हरियो वन नै नेपालको धन हो। नेपालमा विभिन्न पहाड पर्वतहरू छन्। चारैतिर हरियाली

वनजङ्गल छ । यी वनजङ्गलमा विभिन्न किसिमका जडीबुटी, वनस्पति, पशुपक्षी छन् । यस क्षेत्रमा उपलब्ध जडीबुटीबाट हामी विभिन्न किसिमका औषधीहरू बनाई बिक्री वितरण गर्न सक्छौं । यस क्षेत्रको हरियाली वनजङ्गलमा पशुपक्षीको वासस्थान तिनीहरूको आवाज, प्रतिकृया, रहनसहनले प्राकृतिक सौन्दर्यता कायम गरेको हुन्छ । यस्तो प्राकृतिक सौन्दर्यताले मानव जातिलाई आनन्द प्रदान गर्दछ । त्यसैले यहाँ विभिन्न विदेशी पर्यटकहरू आउने गर्दछन् । यदि विदेशी पर्यटकहरूको आगमन नेपालमा भएमा हामीलाई विदेशी मुद्रा आर्जन भई हाम्रो देश विकासमा सहयोग पुग्छ । चुरे क्षेत्रका वनजङ्गल, घाँसपात, पानी मुहान र जलाधार संरचनामा सहयोग पुऱ्याइरहेको हुन्छ । बोट बिरूवाहरूले पानीलाई सोसेर जमिनमा रहन मद्दत गर्छ । हरियाली वनजङ्गलमा वाष्पिकरण कम हुन्छ जसले गर्दा जमिनमा पानी सञ्चय हुन्छ । खासगरी औलो उन्मुलन पश्चात् चुरे तथा भावर क्षेत्रमा मानव वस्ती बिस्तार भएको हो । आवादी र खेतीका लागि वनजङ्गल मास्ने ऋम बढेर गयो । वनफडानी, वन पैदावारको अत्याधिक प्रयोग, खुला चरिचरन यसका समस्या हुन् । यसको रोकथाम र व्यवस्थापन गर्न अत्यावश्यक छ । यसलाई समयमै रोकिएन र चुरे क्षेत्रको पारिस्थितिकीय प्रणाली थप कमजोर बन्यो भने तराई-मधेशको जनजीवन पनि थप संकटग्रस्त बन्नेछ । आपतको बेला टाढाको देउता भन्दा नजिकको भूत नै काम लाग्छ भने झै स्थानीय शैक्षिक संस्थाहरूले आफ्ना बाल बच्चाहरूले यस विविधतालाई जोगाउन गर्नुपर्ने कार्यहरू सञ्चालन गर्न सक्छन् । जनचेतना जगाउन वृक्षारोपण गर्नमा विद्यार्थी प्रयोग गर्न सक्छन् ।

चोरलाई चाबी दिनु भन्ने लोक भनाईबाट पनि के प्रस्ट हुन्छ भने स्थानीय जनतासंग प्रत्यक्ष र परोक्ष सम्बन्ध हुने भएकोले यस चुरेक्षेत्रको संरक्षणमा उनीहरूको पनि सहभागिता हुनु उपयुक्त हुन्छ । त्यसैगरी क्रियाकलापका रूपमा वनजङ्गल जोगाउन जनचेतनामूलक सूचनाहरू र सन्देशहरूको पनि प्रकाशन र प्रसारण कार्य क्षेत्र निर्माण गरी श्री लक्ष्मी मा.वि. लेटाङ्ग भोगटेनीले विगतमा खोलाको किनारमा "वगरलाई बगैंचा बनाऔं" भन्ने आन्दोलन गरी त्यहाँ बोट बिरूवालाई जोगाएको दृष्टान्त देख्न पाएका थियौं ।

चुरे क्षेत्रको वनजङ्गल विनाश गर्नाले बर्षेनी खेतीयोग्य जग्गामा ढुङ्गा बालुवा, गिट्टी भरिन गएको छ । वस्तीहरू संकटमा पर्न गएका छन् । त्यसैले नेपाल सरकारले यसको रोकथामका लागि आर्थिक बर्ष २०६६/६७ देखि राष्ट्रपति चुरे कार्यक्रम

लागू गरेको देखिन्छ। विकास समिति ऐन २०१३ को दफा ३ ले दिइएको अधिकार प्रयोग गरी राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन २०७१ जारी गरेको थियो। नेपालको चुरे संरक्षणका लागि शिक्षालयले आफ्ना स्थानीय समुदायमा हामीले चुरे क्षेत्रको संरक्षण गर्नुपर्छ र यसो गर्नाले हाम्रो देशको विकास हुन्छ भनेर जनचेतनामूलक सन्देशहरू सर्वसाधारणमा जगाउन सक्छन्। यस क्षेत्रमा गाईबस्तु छाडा छोड्नेलाई कानून बमोजिम सजायको व्यवस्था गर्नुपर्छ। विद्यालयका विद्यार्थीहरूले बोट बिरूवा नभएको ठाउँमा बोट बिरूवाहरू रोपिदिन सक्छन्। अभिभावकलाई गाईबस्तु लगेर नछोडिदिनु भन्न सक्छन। यसरी शिक्षकहरूले आफ्नो विद्यार्थीहरूलाई चुरे क्षेत्रको संरक्षणका लागि सचेत गराए भने विद्यार्थी र उसको अभिभावकबाट नै चुरे संरक्षणमा सहयोग पुग्छ। "उद्यमीको भागमा माछा मासु अल्छीको भागमा आँशु नै आँशु" भने जस्तै अहिले हामीलाई चुरे संरक्षण गर्नु पर्छ यसको संरक्षण गर्नाले हामी, हाम्रो गाउँघर र देशलाई पनि ठूलो सहयोग पुग्छ भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि हामीले यस क्षेत्रलाई मास्यौं भने पछि चुरे क्षेत्रको विनाशले हाम्रो जीवनमा पर्ने असरहरू भोग्नु बाहेक अरु केही हुनेछैन। त्यसैले चुरे संरक्षणको लागि अहिले देखि नै अघि बढ्नुपर्छ। चुरे संरक्षणको लागि विभिन्न शिक्षालयहरूले बोट बिरूवा नभएको ठाउँमा बोट बिरूवा रोप्नुपर्छ। वनजङ्गलमा डढेलो लगाउनु हुँदैन भनेर सबै समुदायलाई सचेत गराउनुपर्छ। चुरे संरक्षणको लागि भूसंरक्षण र नदी नियन्त्रण गर्न सबै समुदायका जनताहरूलाई जागृत गराउनुपर्छ। अनि मात्र चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन हुन्छ। चुरे क्षेत्रका वनजङ्गलहरू विनाश गर्नाले बाढी पहिरो गई त्यहाँको माटो बग्दा उत्तर तराईका वस्तीहरू पुरिने र दक्षिण तराईका वस्तीहरू डुबानमा पर्ने हुन्छ। साथै यहाँको माटो कमजोर भई बाखा हिँड्दा समेत ढुङ्गा माटो लड्ने हुन्छ। त्यसैले चुरे संरक्षणको लागि अघि बढन आवश्यक छ। यो कुरा विद्यालय कार्यक्रम मार्फत बुझ्न र बुझाउन सकिन्छ।

# "चुरे संरक्षणको आवश्यकता र यसमा स्थानीय शिक्षालयको भूमिका"

**रोहित ढकाल, कक्षा - १० (दश)**
श्री बुद्ध माध्यमिक विद्यालय, केरावारी - ९, देवीभोरा, मोरङ
**द्वितीय स्थान प्राप्त**

चुरे क्षेत्र नेपालमा महाभारत पर्वतदेखि दक्षिण तराई प्रदेशदेखि उत्तर भएर फैलिएको छ। महाभारत पर्वतदेखि दक्षिणतर्फ र तराईको भावर प्रदेशदेखि उत्तरका विभिन्न डाँडा-काँडा भू-बनोट र भू-संरचनालाई चुरे क्षेत्र भनिन्छ। नेपालको १२.७८% भू-भाग चुरे क्षेत्रले ढाकेको छ। हामीले चुरे क्षेत्रलाई संरक्षण गर्नुपर्छ। तर अहिलेको परिवेशमा के भएको छ भने चुरे क्षेत्रलाई मानिसले धेरै मर्कामा पारेका छन्। यसले गर्दा चुरेक्षेत्र विनाश हुँदैछ। यसलाई रोकी चुरे क्षेत्रको संरक्षण गर्नु सम्पूर्ण मानिसको कर्तव्य हो।

चुरे क्षेत्र दोहन भनेको चुरे क्षेत्रको विनाश हुनु हो। यसका कारक तत्वहरू विभिन्न छन्। यसमा सर्वप्रथम वन विनाश पर्दछ। मानिसले आफ्ना आवश्यकता पूरा गर्न चुरे क्षेत्रमा रहेका वन विनाश गर्दै आएका छन्। यसले गर्दा चुरे क्षेत्र दोहन हुन पुगेको छ। त्यस्तै बढी भन्दा बढी गिट्टी, बालुवा र ढुङ्गाको माग बढ्नु र त्यस्ता वस्तुको अनियमित ढंगले दोहन गर्नु हो। चुरे क्षेत्रमा रहेका प्राकृतिक साधन ढुङ्गा, माटो, गिट्टी अनियन्त्रित तरिकाले प्रयोग गर्दा चुरे क्षेत्र विनाश भएका छन्। त्यस्तै भिरालो क्षेत्रमा अनियन्त्रित खेती गर्दा पनि चुरे क्षेत्र विनाश हुन्छ। खोरिया खेती र वनमा आगोलागीले पनि चुरे क्षेत्र विनाशतर्फ धकेलिन्छ। मानिसले आफ्ना दैनिक जीवनमा आवश्यक पर्ने कुराहरूको परिपूर्ति गर्ने क्रममा चुरे क्षेत्रको विनाश हुन पुगेको छ। चुरे क्षेत्रको दोहनको अर्को कारण जनसङ्ख्या वृद्धि हो। मानिसको अत्यधिक मागले गर्दा चुरे क्षेत्र प्रभावित हुन पुगेको छ। चुरे क्षेत्रको यही गतिमा दोहन हुने हो भने भावी पुस्ताको जीवन निकै कष्टकर हुनेछ। यसले गर्दा चुरे क्षेत्रको दोहन न्यूनिकरण गर्न पनि अत्यन्त आवश्यक पर्छ। चुरे क्षेत्र दोहन न्यूनिकरणमा स्थानीय समुदाय र विद्यार्थीहरूको ठूलो भूमिका हुन्छ।

चुरे क्षेत्रको दोहन न्यूनिकरण गर्न स्थानीय समुदायले सामुदायिक वनलाई दह्रो मजबुत बनाउनुपर्छ। वन विनाशलाई रोक्नुपर्छ। त्यस्तै विभिन्न काम गर्न सचेत

उपभोक्ता समूह बनाउनुपर्छ। खाली जग्गामा वृक्षारोपणलाई जोड दिनुपर्छ। कुनै निश्चित समारोहमा वृक्षारोपण गर्ने कार्यक्रम गर्नुपर्छ। यसले गर्दा वनको विकास हुनसक्छ। बढ्दो जनसङ्ख्या हुँदा बढी प्राकृतिक स्रोत साधन चाहिने हुँदा त्यसका लागि कुनै वैकल्पिक साधनको व्यवस्था गर्नुपर्छ। त्यस्तै विभिन्न जनचेतनामूलक काम स्थानीय समुदायले गर्न सक्छन्। त्यहाँ रहेका बुद्धिजीविले विभिन्न तालिम तथा गोष्ठीको आयोजना गरी चुरे क्षेत्रको दोहनका कारण, असर र न्यूनिकरणका उपायको जानकारी गराउन सक्छन्। चुरे क्षेत्र दोहन न्यूनिकरणमा स्थानीय विद्यार्थी र बालवालिकाले पनि ठूलो भूमिका खेलेको हुन्छ। यसमा बालवालिकाले विद्यालयमा सिकेका कुराहरू कुनै पनि ठाउँमा रहेका मानिसहरू समक्ष पुऱ्याउने गर्दछन्। विद्यार्थीहरू कुनै पनि गाउँ ठाउँमा छरिएर रहेका छन्। यसले गर्दा चुरे सम्बन्धी बालवालिकाले जनचेतना फैलाउने काम गर्दछन्। चुरे क्षेत्र दोहनका कारक तत्वहरूलाई न्यूनिकरण गर्न बालवालिकाले गाउँ-गाउँ तथा विद्यालयमा वृक्षारोपण गर्ने कार्यक्रम गर्न सक्छन्। चुरे क्षेत्र दोहन न्यूनिकरण गर्न सम्पूर्ण समुदायका व्यक्ति, संघ-संस्था, विद्यार्थी आदिले ठूलो भूमिका खेल्न सक्दछन्।

चुरेको सबैभन्दा प्रभावित क्षेत्र पूर्व-पश्चिम राजमार्ग उत्तरका भागलाई मानिएको छ। चुरे क्षेत्रको विनाश हुन हामी सबैले रोक्नुपर्छ। हामीले चुरे क्षेत्रको विनाशलाई रोकी आफ्ना र भविष्यका पुस्ताका लागि चाहिने आवश्यक स्रोतलाई संरक्षण गर्नुपर्छ। चुरे क्षेत्रमा धेरै खानेपानीका स्रोतहरु छन। यसले गर्दा हामीले चुरे क्षेत्र दोहनलाई न्यून पार्नुपर्छ। नत्र खानेपानीका स्रोतहरू सबै सुक्न सक्छन्।

# “चुरे संरक्षणको आवश्यकता र यसमा स्थानीय शिक्षालयको भूमिका”

**रमा वि.क., कक्षा - १० (दश)**
श्री शान्ति भगवती उच्च माध्यमिक विद्यालय, मोरङ्ग
**तृतीय स्थान प्राप्त**

तराईको समथर भू-भागदेखि माथि र महाभारत श्रृङ्खलादेखि तल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको पहाडी भू-भाग नै चुरेक्षेत्र हो। यो क्षेत्र प्राकृतिक सम्पदा र खनिज सम्पदाले भरिपूर्ण मानिन्छ। पर्यटकीय दृष्टिले पनि यो क्षेत्र निकै महत्वपूर्ण रहेको छ । फलफूल र पशुपालनको दृष्टिले पनि यो क्षेत्र निकै उर्वर मानिन्छ । त्यसैले यस क्षेत्रको संरक्षण गर्न सके हाम्रो देशको आर्थिक अवस्थामा सुधार हुने कुरामा कसैको दुई मत नरहला ।

समयको बदलिदो परिवेशसँग आज आएर मानिसहरुको व्यक्तिगत स्वार्थको कारण चुरे क्षेत्रको तीव्र रूपले विनाश हुँदै गइरहेको छ। यहाँको वनसम्पदा र खोलानाला अतिक्रमण हुँदै गइरहेको छ। पशुपक्षीहरूको चोरी निकासी बढिरहेको छ। यसको लागि सम्बन्धित क्षेत्रमा रहेको स्थानीय विद्यालयले र प्रशासनले रेखदेख गर्ने बेला आएको छ । सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सबै शिक्षक, अभिभावक, विद्यार्थीहरू सरोकारवालाहरू र सम्पूर्ण समुदायको एकता हुनुपर्ने बेला आएको छ। जथाभावी वनफडानी नगर्ने, खाली जग्गा वृक्षारोपण गर्ने, व्यवस्थित ढङ्गले वस्ती बसाल्ने जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। अनियन्त्रित ढङ्गले ढुङ्गा, गिट्टी निकासी र क्रसर उद्योगलाई मापदण्ड अनुसार सञ्चालन गर्नुपर्ने, विद्यमान कानूनको प्रावधानहरू कडाईको साथ पालना गर्न गराउन स्थानीय विद्यालयले सरोकारवालाहरूलाई दवाव दिन सक्छन् ।

यदि हामीले चुरे क्षेत्रको संरक्षण नगर्ने हो भने हाम्रो भावी सन्ततिहरूले कठिन परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । बाढी, पहिरो, भूक्षयले बर्षेनी धनजनको क्षति हुनसक्छ । चुरे क्षेत्रको तीव्र विनाशसँगै त्यहाँ उत्पत्ति हुने खोलानालाहरू सुक्न सक्छन् । जसको प्रत्यक्ष असर हामो कृषिबाली र स्वच्छ पिउने पानीमा हुनसक्छ । गाईबस्तु चरनको समस्या, जङ्गली जनावरहरूको सुरक्षित वासस्थान उजाड हुनसक्छ । जसले गर्दा पर्यटन व्यवसायमा प्रत्यक्ष

प्रभावपर्छ । जुन हाम्रो देशको आर्थिक विकासमा सहयोग गर्ने मुख्य कुरा हो । यसरी चुरे क्षेत्रको दोहनको कारक तत्वहरू गरिबी, अशिक्षा, जनचेतनाको कमी, राष्ट्रिय सम्पदा माथि व्यक्तिगत स्वार्थ, अवैध चोरी निकासी हुन् । मुख्य गरेर यी सबै कारणले गर्दा चुरे क्षेत्रको दोहन हुने गर्दछ ।

तसर्थ, मेरो विचारमा चुरे क्षेत्रको संरक्षण गर्नु भनेको सरकारको मात्र दायित्व नभएर हामी सबै जनताको सरोकारको विषय हो । त्यसैले स्थानीय सरोकारवालाहरु जनता, शिक्षकहरू, विद्यार्थीहरू, समाजसेवीहरूको प्रत्यक्ष संग्लग्नता यस कार्यमा हुन आवश्यक छ । यो चुरे क्षेत्र हाम्रो सबैको हो भन्ने राष्ट्रिय भावना अनुसार हामी सबैको सहयोगमा मात्र चुरे क्षेत्रको संरक्षण हुन सक्छ । अवैध रूपमा हुने चोरी निकासीलाई निरुत्साहित गराउन विद्यालयले पहल गर्न सक्छन् । समय समयमा विद्यालयले चुरे क्षेत्रको संरक्षण गर्ने विषय सन्दर्भ अनुसार नाटक प्रदर्शन गरेर र सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर चुरे क्षेत्रको संरक्षणमा महत्वपूर्ण भूमिका निभाउन सकिन्छ ।

## सप्तरी जिल्ला

# "तराई मधेशको सुखको लागि चुरे संरक्षण"

**सावित्री कुमारी चौधरी, कक्षा - १० (दश)**
श्री भ.स.रा.ज.उ.मा.वि. कल्यानपुर, सप्तरी
**प्रथम स्थान प्राप्त**

नेपाल दक्षिण एशियाको उत्तरतर्फ रहेको चीन र दक्षिणतर्फ रहेको भारतको बीचमा रहेको विश्वको कुल क्षेत्रफलको ०.००३% र एशियाको ०.०३% भू-भाग ओगटेको सानो भू-परिवेष्ठित मुलुक हो । यहाँका भौगोलिक विविधताको कारण सबै ठाउँको हावापानी, रहनसहन चालचलन फरक फरक छ । नेपालमा कहीं समथर फाँट छ भने कतै चुरेका फाँट छ । अब प्रश्न आउँछ चुरे भनेको के हो ? महाभारत पर्वत श्रेणीको दक्षिणतर्फ र मूल तराईको उत्तरतर्फ रहेको समुद्र सतहबाट १२० मीटर उचाईदेखि सरदर १,९७२ मीटर उचाईसम्म पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको विशाल पर्वतमालालाई चुरे भनिन्छ । चुरेको उत्तरतर्फ महाभारत पर्वत श्रृंखला छ भने यसको दक्षिणी भागमा उब्जाउशील समथर हरियाली तराईको फाँट छ । चुरे तराई-मधेशको आमा हो । यदि चुरेको संरक्षण भएन वा यसको विनाश भयो भने तराई मधेश टुहुरो हुनेछ । चुरेको विनाशले देशमा नै भोकमरि आउन सक्छ । नदी कटानको जात्रा शुरु हुनेछ । त्यसकारण चुरेको संरक्षण जरुरी छ ।

नेपालको तराई मधेश क्षेत्रमा चुरे भएर धेरै नदी बगेका छन् । चुरेको विनाश रोकियो भने तराई मधेश फाँटलाई नदी कटानबाट जोगाउँछ । वन्यजन्तु तथा पक्षीहरूको पनि संरक्षण हुनेछ । तराई मधेशमा चुरेको हरियालीबाट वर्षा गराउन जलाशय तथा सिमसार क्षेत्रको संरक्षण हुनेछ । चुरे पर्वतको संरक्षणसँग जडीबुटी, काठको उपलब्धता एवम् घडियाल गाही, हात्ती, बाघ, अजिङ्गरआदि प्रसिद्ध जनावरहरू जोडिएका छन् । नेपाललाई विश्वमा यी जन्तुहरुले चिनाएको छ । नेपालको गौरव पनि बढाएको छ । रुसको साईवेरिया तथा विश्वको विभिन्न देशहरूबाट हिउँदमा चराहरू नेपाल आउने र बच्चा कोरलेर फर्किने गर्छन् । प्राकृतिक रूपमा समेत नेपालसँग विभिन देशको भगिनी सम्बन्ध गाँसेको छ । चुरेको वन्यजन्तु, पशुपक्षीको सुरक्षाको लागि विभिन्न निकुञ्ज र वन्यजन्तु आरक्षणहरूको स्थापना भई सकेको छ । यसबाट पनि पर्यटन व्यवसाय गरेर विदेशी मुद्रा आर्जन भइरहेको छ । यहाँको बहुमूल्य

जीवजन्तु तथा जडीबुटीहरूले तराई मधेशको विकासमा निकै टेवा पुऱ्याएको छ। चुरे क्षेत्रमा विभिन्न किसिमका सुनखानी, कोइलाखानी, फलाम आदि बहुमूल्य गहनाहरू रहेका छन्। आज दिनप्रतिदिन चुरे क्षेत्रका प्राकृतिक स्रोतमाथि आक्रमण भइरहेको छ। जनसङ्ख्या वृद्धिले गर्दा पनि चुरे क्षेत्र नासिदै गइरहेको छ। चुरे क्षेत्रको बनजङ्गलको फडानी भईरहेकोले बहुमूल्य वन्यजन्तुहरू लोप हुँदै गइर हेका छन्। चुरे क्षेत्रको बनजङ्गल फडानीबाट जलाशय पनि नासिदै गईरहेको छ। चुरेको जडीबुटी दिन प्रतिदिन चोरी निकासी भईरहेको छ।

अत्यन्तै महत्व बोकेको चुरे पर्वतमा यस प्रकारको विनाशकारी कार्य हुँदा तराई मधेशले ठूलो संकट भोग्नु पर्ने दिन टाढा छैन। चुरेको विनाश सर्वसाधारणले यसको महत्व नबुझेर भएको हो। यदि तराई मधेशको सुख चाहियो भने हामीले चुरेको संरक्षण गर्नैपर्छ भन्ने कुराको चेतना सबैमा हुनु जरूरी छ। चुरेबाट बहुमूल्य जीवजन्तु, पक्षी, जडीबुटीको सदुपयोगबाट तराई मधेशको विकास हुन्छ भन्ने कुरा सबैले बुझ्नु पर्दछ। तराई मधेशको लागि एकजना मात्र अगाडि बढ्दा केही हुँदैन। यसका लागि प्रत्येक व्यक्ति, नागरिक, शिक्षक, समाजसेवी, कर्मचारी र विद्यार्थी सबै एकजुट हुनु पर्दछ। अनि मात्र तराई मधेशको सुख खोज्न सकिन्छ यो कार्य असम्भव छैन।

यदि चुरे पर्वतले तराई मधेशलाई यति सुख दिन्छ भने तराई मधेशको मानिसले पनि चुरेको संरक्षण गर्नु पर्दछ। यदि चुरेले तराई प्रदेशको जमिन कटान, भूक्षय, पहिरो, डरलाग्दा बाढी जस्ता प्रकोपबाट जोगाउँछ भने तराई मधेशको मानिसले पनि चुरेको बहुमूल्य सम्पदाहरू संरक्षण गर्नु पर्दछ। चुरेको संरक्षण गर्नु तराई मधेशको नागरिकको दायित्व हो। त्यसैले तराई मधेशको सुखको लागि चुरेको संरक्षण अति आवश्यक छ।

# "तराई मधेशको सुखको लागि चुरे संरक्षण"

**मो. नशम अहमद, कक्षा - १० (दश)**
श्री जनता माध्यमिक विद्यालय, पंसेरा, सप्तरी
**द्वितीय स्थान प्राप्त**

चुरे भनेको तराईदेखि उत्तरतिरको होचो पहाडलाई भनिन्छ । वास्तवमा तराई र मधेशको सुख र धन नै चुरेको वन हो । किनभने यसमा विभिन्न किसिमका जीवजन्तु, पशुपक्षी, चराचुरुङ्गी, जडीबुटी, अमूल्य काठ, दाउरा आदि पाइन्छ । त्यसैले यिनीहरूलाई विनाश र लोप हुन नदिन हामी सबै मधेशीहरूको लागि चुरे संरक्षण अति नै आवश्यक छ ।

वन पहिला देखि नै शान्तिको स्थान हो । उहिले ऋषिमुनीहरू वनजङ्गलमा गएर तपस्या गर्थे । किताबहरूमा यस्तै पढ्न पाइन्छ । 'दश कुवा बराबर एउटा पोखरी, दश पोखरी बराबर एउटा पुत्र हुन्छ र दश पुत्र बराबर एउटा रूख हुन्छ' यो भनाइ पुराणमा पाइन्छ । त्यसैले एउटा रूख काट्नु भनेको दश पुत्र लाई मार्नु जस्तै हो । त्यसैले वनजङ्गल मास्नुको सट्टा वनजङ्गगलमा रूख लगाउनु राम्रो हुन्छ । त्यसैले हामी सम्पूर्ण मधेशी चुरे संरक्षणमा कम्मर कसेर लाग्नुपर्छ ।

वनजङ्गल प्राकृतिको वरदान हो । जसले गर्दा भूक्षय, बाढी, पहिरो आदि रोक्छ । वनजङ्गल कै कारण समयमा वर्षा भई खेतीपातीमा सहयोग पुग्छ । सिंचाई गर्नमा पनि सहयोग पुग्छ । वनजङ्गल भनेको रूख बिरुवा, जीवजन्तु र चराचुरुङ्गीको साझा घर हो । यसलाई विनाश गर्‍यो भने यस्ता अमूल्य धन सम्पत्तिहरू पनि लोप हुन्छन् । हामी तराईवासीको जीवन दुःखमय हुन्छ । तर यसलाई संरक्षण गर्न आरक्षण र राष्ट्रिय निकुञ्ज स्थापना गर्न सकिन्छ । चुरेको वन हरियो भयो भने यसले पर्यटन व्यवसायलाई अघि बढाउँछ र वैदेशिक मुद्रा आर्जनमा सहयोग पुग्छ । जसले गर्दा तराई मधेशका जनताको जीवनस्तर उकास्न सजिलो हुन्छ । यदि चुरेको वनविनाश भयो भने राजमार्गमा चल्ने गाडीले फ्याँक्ने कार्बनमोनोअक्साईड कार्बनडाइअक्साईड जस्तो खतरनाक ग्याँसलाई रोक्न सक्दैन । मानिसहरू विरामी भई रोगी हुन्छन् । त्यसैले चुरे वनमा रूखहरू लगाउनु पर्छ काट्नु हुदैन ।

तर यसको महत्वलाई बुझ्दाबुझ्दै पनि तराई र मधेशको बढ्दो जनसङ्ख्या, बेरोजगारी, शिक्षाको कमीले आज वनविनाश बढिरहेको छ । यसको असर तराई क्षेत्रमा समयमा वर्षा नभई किसानहरूलाई खेतीपातीको काममा समस्या भएको छ । यसले गर्दा तराईको जीवनस्तर पहाड भन्दा बिग्रदै गईरहेको छ । वनजङ्गलमा

पाइने जडीबुटीले आयुर्वेदिक औषधि बनाइन्छ। बोट बिरूवाले मानिसलाई अक्सिजन प्रदान गर्ने भएकोले रूख बिरूवाहरू काट्नु हुँदैन । जङ्गलमा रूख काटेको ठाउँमा नयाँ-नयाँ बोट बिरूवा लगाउनुपर्छ। नेपाल एक गरिब देश भएतापनि बनजङ्गलले गर्दा धनी छ र प्राकृतिक रूपले सुन्दर छ। वनजङ्गल भयो भने वातावरण संरक्षण हुन्छ । जसले गर्दा मानिसहरू स्वस्थ रहन्छन् । तर वनजङ्गल विनाश भयो भने वातावरण दुषित हुन्छ। दुषित वातावरणमा मानिस रोगी हुनगई महामारी फैलन्छ। जसले गर्दा विकासको काममा बाधा अड्चन आउन सक्छ । चुरेका वन मासियो भने तराईको किसानलाई खेतीपातीको समस्या झेल्नुपर्छ । तराईको जनताको जीवन दुःखमय हुन्छ। त्यसैले चुरे संरक्षण गर्न हामी सम्पूर्ण तराईवासीलाई सक्रिय रूपमा लाग्नुपर्छ । यदि तराईलाई सुख उपभोग गर्नु छ भने चुरे वन संरक्षण कार्यमा सम्पूर्ण तराईवासीलाई लाग्नु आवश्यक छ। वनजङ्गललाई वा चुरे वनलाई आगलागी हुन दिनुहुदैन । रूख काट्नु भएन । जथाभावी ढुङ्गा, गिट्टी निकासी गर्नु भएन । तव हुन्छ, तराईको विकास । यस संरक्षण कार्यमा एक जनाले केही गर्न सक्दैन । जनचेतना जगाई सम्पूर्ण तराई तथा मधेशीले एकता भई काम गरेमा यो काम अवश्य नै सफल हुनेछ। चुरे वनले गर्दा नै हाम्रो तराईको इज्जत बढेको छ। यसमा भएको नदीनाला, पहाडहरूले आफ्नो प्रतिष्ठालाई बढाउने काम गर्दछ । त्यसैले वनजङ्गलबाट जथाभावी रुख काटेर दाउरा ल्याउन रोक लगाउनु पर्छ । वनमा गएर चुरोट खानुहुँदैन । वनमा आगलागी हुनसक्छ। यदि वनजङ्गल संरक्षण भयो भने समयमै वर्षा हुन्छ । किसानहरू आरामपूर्वक खेती गर्छन् । जसले गर्दा तराईका किसानहरूलाई ठूलो फाइदा हुन्छ र किसानहरूको जीवन सुखमय हुन्छ। त्यसैले चुरे संरक्षण गर्नु अति नै आवश्यक छ ।

वनविनाश हुँदा पानीको मुहानहरू सुक्छन् । ठूलो खडेरी आउन सक्छ । त्यसैले वृक्षारोपण र चुरे संरक्षणमा सम्पूर्ण मानिसहरू लाग्नुपर्छ । निकुञ्ज र आरक्षण स्थापना गर्नाले चुरे संरक्षणमा ठूलो सहयोग पुग्छ । त्यसैले यस्ता संस्थाहरूको स्थापना गर्नुपर्छ। यदि चुरे वनलाई संरक्षण गऱ्यौं भने हामी मधेशीलाई स्वास्थ्य, वातावरण र आर्थिक स्थितिमा फाइदा हुन्छ ।

अन्त्यमा, तराईको सुख र धन चुरेको वन नै हो । यो कुरालाई सम्पूर्ण मधेशीले बुझेर जनचेतना जगाएर चुरे संरक्षणमा लाग्यो भने अवश्यनै चुरेको वन हरियो र आकर्षक देखिनेछ । तराईको जीवनस्तर उच्च हुनसक्छ । वनजङ्गलमा चुरोट, बिंडी, गाँजा खाने काममा निषेध लगायो भने अवश्य नै चुरे संरक्षण गर्न सकिन्छ ।

# “तराई मधेशको सुखको लागि चुरे संरक्षण”

**सिर्जना कुमारी देव, कक्षा - ९ (नौ)**

श्री प.वि.उ.मा.वि., राजविराज, सप्तरी

**तृतीय स्थान प्राप्त**

चुरे भन्नाले तराई र महाभारत बीचको पहाडी र वनजङ्गल भएको भू-भागलाई चुरे भन्ने गरिन्छ। प्रायः तराईको हरेक जिल्लाको उत्तरतिर चुरे पहाड पर्दछ। तराई मधेशको सुखको लागि चुरे संरक्षण गर्नु धेरै आवश्यक छ। यदि हामीले चुरेको संरक्षण गरेनौं भने विभिन्न समस्याहरू आईपर्नेछन्। तराई मधेशको सुखको लागि चुरे संरक्षण गरेनौं भने पानी पर्दैन। खडेरी पर्छ। यसको प्रत्यक्ष असर तराईलाई नै पर्छ। अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टि जस्ता वातावरणीय समस्या आईपर्नेछन्।

वास्तवमा हामीलाई चुरेको वनजङ्गलबाट जीवनको लागि आवश्यक अमूल्य अक्सिजन र पानी पाइरहेका छौं। हामीले यसको संरक्षण अवश्य गर्नुपर्छ। चुरे संरक्षण गरेनौं भने दुर्लभ जडीबुटीहरू लोप हुनेछन्। यी जडीबुटी औषधी बनाउन काम लाग्छ। जीवनको लागि अन्न, अन्नको लागि पानी, पानीको लागि रूख र रूखको लागि चुरे संरक्षण गर्नुपर्छ। चुरे पहाडमा विभिन्न जीवजन्तु र चराचुरुङ्गी बस्छन्। यी पशुपक्षीको वासस्थान चुरे पहाडलाई आगलागीबाट बचाउनुपर्छ। हामीले त्यहाँबाट काठदाउरा प्राप्त गर्छौं। त्यसको संरक्षण गरेनौं भने हामीले यी कुराहरु प्राप्त कसरी गर्ने ?

हामीले चुरे संरक्षणको लागि त्यहींका वासिन्दाहरूलाई शिक्षा दिनुपर्छ। सबै स्थानीय वासिन्दाहरू मिलेर यसको संरक्षण गर्नुपर्छ। हामीले नै संरक्षण गरेनौं भने विभिन्न समस्या र कष्टहरु भोलीका दिनमा आइपर्नेछन्। चुरे संरक्षण नेपालमा अहिले गौरवको कार्यक्रमको रूपमा आएको छ। चुरे संरक्षण गर्नु भनेको हाम्रो आफ्नो संरक्षण गर्नु हो। हामीले जसरी आफ्नो संरक्षण गर्छौं त्यसरी नै चुरे पहाडको संरक्षण गर्नुपर्छ। चुरेको वनमा विभिन्न प्रकारका वन्यजन्तु रहने गर्दछन् र त्यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। यसले जैविक विविधताको संरक्षण हुन्छ। चुरे पहाडले मानिसलाई धेरै थोक दिइरहेको छ। हामीले आफ्नो स्वार्थको लागि चुरेको विनाश गर्नुहुँदैन। त्यो स्वार्थ मनबाट हटाउनुपर्छ। चुरे प्रकृतिले दिएको

उपहार हो । यदि त्यो चुरे पहाड राम्रो भएन भने कोही मान्छे घुम्न आउदैन । पर्यटक आउँदा रोजगारी मिल्छ । आय आर्जन हुन्छ । त्यसकारण हामी तराई र मधेशीहरूको जीविकोपार्जनमा सुधार हुनेछ । एक सुन्दर, शान्त र विशाल देश हुन चुरे संरक्षणले भूमिका खेल्नसक्छ । त्यसकारण सबै नागरिक, शिक्षक र हामी सबैले अहिले तराई मधेशको सुखको लागि चुरे संरक्षण भन्ने विषयमा जोड दिन जरूरी छ । संरक्षण गर्नु हामी सबैको कर्तव्य ठान्नुपर्छ । चुरेको संरक्षण विरुद्धमा लाग्नु हुँदैन ।

चुरेको विनाश हुँदा विभिन्न चराहरू लोप हुँदै जान्छन् । त्यो चुरेको पर्यावरणमा नकारात्मक असर हो । वातावरण सन्तुलनको लागि सबैको अस्तित्व हुनुपर्छ । चुरे संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो । चुरे संरक्षण गरेनौं भने विभिन्न थरिका समस्याहरू आइपर्छन् र मानिसहरूलाई विभिन्न दुःख, कष्ट भोग्नुपर्ने हुन्छ । त्यसकारण तराई मधेशको सुखको लागि चुरे संरक्षण आवश्यक छ ।

# उदयपुर जिल्ला

## "चुरे बुझौं र बुझाऔं"

**एन्जिला कार्की, कक्षा - १० (दश)**
श्री भगवती मा.वि., हडिया-५, उदयपुर

**प्रथम स्थान प्राप्त**

नेपाललाई मुख्य तीन भौगोलिक क्षेत्रमा बाँडिएको छ, हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश। नेपालको तराई क्षेत्रको उत्तरमा तथा महाभारत श्रृंखलाको दक्षिणमा पूर्व मेचीदेखि महाकालीसम्म पूर्व पश्चिम लम्पसार परेर फैलिएको भू-भाग चुरे क्षेत्र हो । हिमालय पर्वतको उत्पत्ति भन्दा धेरै पछि करिब १ करोड ५० लाख बर्ष पहिलेदेखि करिब १० लाख बर्ष अघिसम्मको अवधिमा थेगर र गेगर थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे श्रृंखला हो। पाकिस्तानको इन्दुस नदीदेखि पूर्वमा भारतको ब्रम्हपुत्र नदीसम्म फैलिएको चुरेलाई शिवालिकको नामबाट पनि चिनिन्छ। नेपालको कुल भू-भागको १२.७८ प्रतिशत चुरे क्षेत्रमा पर्दछ। अधिकांश ठाउँमा तराईको भू-भाग सकिएर माथि उठेको पहिलो भू-भाग तथा महाभारतको क्षेत्रको भू-भागबाट तल ओर्लिदा अन्तिम पहाडको रूपमा चुरे पहाड रहेको छ। खुकुलो पत्रे चट्टान भएको र महाभारत श्रृंखलाबाट बग्ने नदीहरू पनि यही चुरे क्षेत्र भई तराईतर्फ जाने हुँदा प्राकृतिक रूपले यो क्षेत्र अत्यन्त संवेदनशील रहेको मानिन्छ ।

पहिला चुरे क्षेत्रमा जङ्गल प्रशस्त रहेको थियो । हालका दिनहरूमा चुरे क्षेत्रको वन विनाश हुँदा नदीहरू अव्यवस्थित रूपमा बग्ने गरेका छन्। हिउँदमा सुख्खा हुने नदीहरू वर्षायाममा जोखिमयुक्त हुन्छन् । यस क्षेत्रमा विभिन्न बहुमूल्य जडीबुटीहरू जस्तैः अमला, नीम, सर्पगन्धा आदि पाइन्छ। यस क्षेत्रमा मूल्यवान काठहरू साल, सिसौ, खयर, जामुन आदि पाइन्छ। यो क्षेत्र वन्यजन्तुको लागि पनि प्रमुख बासस्थानको रूपमा रहेको छ। बाघ, भालु, मृग जस्ता जनावर यस क्षेत्रको गहनाको रूपमा रहेका छन्। यस क्षेत्रमा पर्ने सिमसार क्षेत्रमा घडियाल गोही, अजिंगर जस्ता घस्रने जीवहरू प्रशस्त मात्रामा पाइन्छ। आर्थिक दृष्टिकोणले यस क्षेत्रबाट पर्याप्त आम्दानी गर्न सकिने स्रोतहरू पनि रहेका छन्। यस क्षेत्रमा रहेको राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षणले लाभ दिइरहेको छ। चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्षण यस क्षेत्रको पर्यटकीय

क्षेत्रहरू हुन्। चुरेको यी क्षेत्रहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरू आइरहन्छन्। जसले गर्दा वैदेशिक मुद्रा आर्जन गरी राज्यले राजस्व संकलन गरिरहेको छ। पर्यटकहरू प्राकृतिक सौन्दर्यता र वातावरणमा रमाउन चाहन्छन्। जसले गर्दा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण क्षेत्रहरूको अवलोकन र मनोरम दृश्यको लागि पर्यटकहरू आउने गर्दछन्। यसबाट स्थानीय समुदायलाई र राज्य दुवैलाई फाइदा पुगेको छ। चुरे क्षेत्रले हामीलाई सदियौंदेखि वातावरणीय दृष्टिले फाइदा पुऱ्याउँदै आएको छ। तर चुरे क्षेत्रको अति दोहनका कारण यो क्षेत्रको अस्तित्व अहिले संकटमा परेको छ। बेरोजगारी, जमिन अतिक्रमण, अव्यस्थित भू-उपयोग, डढेलो, अव्यवस्थित विकास निर्माणका कार्य, वैकल्पिक उर्जाको अभाव, अव्यवस्थित चरिचरन, जडीबुटी, दाउरा र घाँसपातको नाममा जथाभावी रुख काटने कार्य र काठ तस्करी जस्ता कार्यले यो क्षेत्र धरापमा परेको छ। जङ्गल मासिने कार्य सँगसँगै यस क्षेत्रमा आश्रय लिएर बस्ने वन्यजन्तुहरू पनि क्रमशः लोप हुने अवस्थामा छन्। कमजोर चट्टानबाट निर्मित यस क्षेत्रमा वर्षायाममा भूक्षय भई बालुवा र माटो बगाउँदा तराई क्षेत्र मरुभूमिकरणमा परिणत हुने सम्भावना देखिन्छ। यसको विनाशसँगै वातावरण, पर्यावरण, जैविक विविधता र प्राकृतिक प्रणालीमा नकारात्मक असर परेको छ। अव हामी सबैले चुरे क्षेत्रलाई चिन्ता र जिम्मेवारीको विषय बनाउनुपर्छ। यस क्षेत्रको संरक्षणको लागि सरकारी निकाय लगायत सबै क्षेत्रबाट कदम चाल्नु पर्छ।

चुरे क्षेत्रको अस्तित्व जोगाउन हामी सबै जुटौं र यसको संरक्षणमा एक भई लागौं। होइन् भने 'हरियो वन नेपालको धन' भन्ने कथन पनि सेलाएर जानेछ। नेपालको तराई क्षेत्रको गहनाको रूपमा रहेको चुरे क्षेत्रको विनाश गर्दा हामी नेपालीलाई नै हानी पुग्दछ। पर्यटकहरूको आगमन सबैभन्दा बढी हुने चुरे क्षेत्रमा गाउँघरका सर्वसाधारणले समेत रोजगारी पाएका छन्। यस क्षेत्रको जङ्गलले हामीलाई स्वच्छ हावा, पानी र वातावरण दिएको छ। एक त जङ्गलको संरक्षण गरेन भने ओजोन तह पातलिंदै जान्छ जसबाट हामीलाई विभिन्न किसिमको छालामा लाग्ने रोगहरू लाग्नेछ। त्यसैले यस क्षेत्रको संरक्षण गर्नु जरुरी छ। मधेशको संरक्षणको लागि पनि चुरे क्षेत्रको संरक्षण गर्नु अति आवश्यक रहेको छ। चुरे अहिले संकटमा छ। यसको तत्काल संरक्षणको खाँचो छ। चुरे क्षेत्रको संरक्षणको लागि हामी एक जनाले मात्र गरेर हुँदैन्। हामी सबै नेपाली यसको संरक्षणको लागि सचेत हुनु जरुरी छ। त्यसैले यसको संरक्षणको लागि बसाँई सराइलाई व्यवस्थित गर्नुपर्छ। वनफडानी गर्ने कार्यलाई रोक्नुपर्छ। जथाभावी

रूपमा ढुङ्गा, बालुवा, गिट्टी निकाल्ने र विदेश निकासी बन्द गर्नुपर्छ । वृक्षारोपण कार्यलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा अगाडि लानुपर्छ । यस क्षेत्रको संरक्षणको लागि स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मको संरक्षणको उपायहरू पत्ता लगाई कार्यान्वयनमा ल्याउनुपर्छ । चुरे क्षेत्रको आवश्यकता र महत्वलाई ध्यानमा राखी यसको संरक्षण गरेनौं भने भावी सन्ततिले जङ्गल कस्तो हुन्छ भनी देख्न पनि पाउने छैनन् । चुरे कसरी विनाश हुँदै गएको छ भन्ने कुरा समुदायलाई जानकारी गराउँदै संरक्षणमा सहभागिता जुटाउनुपर्छ । भूक्षय नियन्त्रण र नदी कटान रोक्न उपयुक्त प्रविधि सहित योजना तर्जुमा, कार्यान्वयन, यसको दिगो संरक्षणको लागि समुदायसंग व्यापक छलफल गर्नुपर्छ । विज्ञको टोलीबाट गुरुयोजना निर्माण गर्नुपर्छ । चुरे क्षेत्रमा वातावरणमैत्री भौतिक पूर्वाधार विकास निर्माण गर्नुपर्छ । वन अतिक्रमण रोक्ने, खुल्ला चरिचरन बन्द गर्ने र डढेलो नियन्त्रणका उपायहरू अवलम्बन गर्नुपर्छ । चुरे क्षेत्र तराईको एक गहना भएकोले समुदायमा आधारित संरक्षण कार्यलाई संस्थागत गर्दै यसलाई चोट हैन माया र संरक्षण गरी सदुपयोग गरौं, चुरेमा हरियाली, हामी सबैको खुशीयालीको लागि यसको संरक्षणमा हामी सबै आजैबाट जुटौं ।

# "चुरे बुझौं र बुझाऔं"

**लक्षमण अधिकारी, कक्षा - १० (दश)**

श्री जनता उच्च माध्यमिक विद्यालय, जोगीदह - ६, उदयपुर

**द्वितीय स्थान प्राप्त**

तराई र मध्य पहाडको बीच भागमा रहेको ३५० मीटरदेखि ४५ किलो मीटर चौडाईको र १२० देखि १९७२ मीटरसम्मको उचाईको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको विशेष गरी पत्रे चट्टान, बलौटे माटो, गिट्टी, मसिना गोला ढुङ्गाबाट बनेको कमलो पहाडलाई चुरे वा शिवालिक पहाड श्रृंखला भनिन्छ । यो तराई प्रदेशको उत्तरमा भिरालो पहाडको रूपमा शुरु भई पूर्वमा ईलामदेखि पश्चिममा कञ्चनपुरसम्म अवस्थित  रहेको छ । यो चुरे पर्वत श्रेणीको सबभन्दा अग्लो क्षेत्र भासुको पहाड कैलाली जिल्लामा रहेको छ । यसको मोहोडा मनसुनी हावाको दिशामा पर्ने भएकाले यहाँ अन्य पहाडहरूको तुलनामा बढी वर्षात हुन्छ र यहाँको पहाड कमजोर प्रकृतिको रहेको हुँदा सामान्य वर्षाले पनि उच्च भूक्षय हुने गर्दछ । चुरे क्षेत्रबाट उत्पत्ति भएका खोलाहरूमा सेडिमेन्ट लोड बढी हुन्छ यसले गर्दा चुरेको तटीय क्षेत्रमा बाढीले ठूलो प्रकोप निम्त्याउँछ। चुरे पर्वत श्रृंखला मानव क्रियाकलाप प्रति संवेदनशील रहेको मानिन्छ ।

चुरे क्षेत्रले नेपालको कुल भू-भागको १२.७८% भू-भाग ओगटेको छ । चुरे क्षेत्र मानव तथा अन्य प्राणीहरूको लागि वातावरणीय पक्ष, आर्थिक पक्ष, सामाजिक पक्ष एवं जैविक विविधता र पर्यटकीय दृष्टिकोणले अति नै महत्वपूर्ण मानिन्छ । चुरे क्षेत्रले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सबैको लागि प्रत्यक्ष रूपमा फाइदा पुऱ्याइरहेको हुँदा यसको संरक्षण पनि हामी उदयपुरवासीको लागि मात्र नभई सबैको लागि हो । यसको संरक्षण गर्नु हामी सबै देशवासीहरूको कर्तव्य हो। चुरे क्षेत्र नेपालका ३६ जिल्लामा फैलिएर रहेको छ। चुरे क्षेत्रबाट मनिसहरूका लागि चाहिने विभिन्न वनस्पतिहरू तथा जडीबुटीहरूको साथसाथै जीविकोपार्जनका लागि चाहिने दैनिक वनपैदावारहरू प्राप्त हुन्छ । जसले गर्दा मानव जीवनको लागि चुरेको भूमिका अपरिहार्य मान्न सकिन्छ । तराईको उर्वर भूमिलाई जोगाई राख्न तथा कृषि उत्पादनका लागि सिंचाई गर्न आवश्यक पर्ने स्रोत चुरे क्षेत्र नै भएको हुँदा यसलाई जोगाउनु पर्दछ । हामीले यस क्षेत्रको खुल्ला भू-भागमा वृक्षारोपण गरी वनजङ्गलको बाक्लो घनत्व कायम राख्न नितान्त जरुरी छ। जिल्ला

वन कार्यालय र समुदायले मात्र चुरेको संरक्षण गर्न सक्दैनन् । चुरे संरक्षण र सम्बर्द्धनका लागि प्रभावकारी उपायहरू पत्ता लगाउनुपर्छ । चुरेको समस्याहरू पहिचान गरी छुट्टै योजना निर्माण गरेर कार्यान्वयन गर्नु आवश्यक हुन्छ । यसै अनुसार नेपाल सरकारले आर्थिक बर्ष २०६६/६७ देखि राष्ट्रपति चुरे संरक्षणको कार्यक्रम सञ्चालन  गरेको छ ।

चुरे संरक्षणको योजना अनुरूप नेपाल सरकारले वन कार्यालय मार्फत चुरे क्षेत्रबाट प्रभावित स्थानहरूमा विभिन्न कार्यक्रमहरू जस्तैः खुल्ला चरिचरन मुक्त, वनफडानी र वन तस्करी रोक्ने आदिको बारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । जिल्ला वन कार्यालयले पनि काठ निकासी, चोरी, डकैती आदि गतिविधिको नियन्त्रणको प्रयास गरिरहेको छ । चुरे क्षेत्रको पहाड अत्यन्त कमलो भएकाले वर्षायाममा पहिरो जाने सम्भावना अत्याधिक रहन्छ। हामी चुरे क्षेत्रका वासिन्दाहरूले पनि बुझेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा चुरे संरक्षण हुन्छ । आम मानिसमा जनचेतना फैलाउन सके चुरे संरक्षणमा सहयोग पुग्नेछ ।

# "चुरे बुझौं र बुझाऔं"

**आशिष भण्डारी, कक्षा - ९ (नौ)**
श्री शिव माध्यमिक विद्यालय, सुन्दरपुर, उदयपुर
**तृतीय स्थान प्राप्त**

सर्वप्रथम चुरे के हो भन्ने बुझ्नु आवश्यक छ। यो पाकिस्तानको इन्दुस नदीबाट पूर्व पट्टी नेपाल हुँदै भारतको ब्रहमपुत्र नदीसम्म फैलिएको छ। जसलाई भारतमा शिवालिक पनि भनिन्छ। यो क्षेत्र महाभारत पर्वत श्रृंखलादेखि दक्षिण भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ। नेपालमा चुरे पर्वत समुद्री सतहदेखि १९७२ मीटर उचाईसम्म रहेको छ। नेपालमा यस क्षेत्रले नेपालको कुल क्षेत्रफल मध्ये १२.७८% भू-भाग ओगटेको छ। चुरे कमजोर चट्टानले बनेको छ। यहाँ बालुवा र माटो मिसिएका ढुङ्गाहरू पाइन्छन्। नेपालको चुरे क्षेत्रलाई चुरे पर्वत, साँघुरा खोंच र भित्री मधेश वा दुन गरी ३ भू-खण्डहरूमा विभाजन गरिएको पाईन्छ। यस क्षेत्रमा बढी वर्षा हुने र माटो कमलो भएकोले भूक्षय बढी हुने गर्दछ। नेपालको आधा जति जनसङ्ख्या बसोवास गर्ने तराई प्रदेशको लागि प्राकृतिक स्रोतको आश्रयस्थलको रूपमा रहेको यस क्षेत्रको खासगरी दुन प्रदेशमा माटो मलिलो र उर्वर भएकोले पनि जनसङ्ख्या वृद्धि संगै प्राकृतिक स्रोतको दोहन बढेको छ। चुरेको विशेषता संगसंगै यसको विविधताको बारेमा बुझ्नु पनि अति आवश्यक छ। चुरेमा बढी वर्षा र कमलो माटो भएकाले विशेष गरी मानिसको आवश्यकतालाई पूर्ति गर्न चुरेले सहयोग गर्छ। चुरेमा विभिन्न बोट-बिरूवाहरू रहेका छन्। जहाँबाट हामी घर र फर्निचर निर्माणका लागि काठ तथा घरायसी उपयोगका लागि घाँस दाउरा प्राप्त गर्दछौं। उद्योगका लागि आवश्यक कच्चा पदार्थ, जडीबुटी आदि चुरे क्षेत्रबाट नै प्राप्त गर्न सकिन्छ। यति मात्र नभएर चुरेका केही भागहरू सौन्दर्यताले भरिपूर्ण भएकाले यहाँबाट हामीले विभिन्न पर्यटन व्यवसाय जस्तैः होटल, पथ प्रदर्शक आदिबाट आर्थिक फाइदा लिन सक्छौं। यस क्षेत्रमा विभिन्न किसिमका जडीबुटी पाइनुका साथै विभिन्न जनावरहरू हात्ती, बाघ, गैंडा, अर्ना आदि पाइन्छन्। त्यसैले हामी मानवका लागि यो क्षेत्र धेरै महत्त्वपूर्ण रहेको छ।

यस्तो महत्व र आवश्यकता हुँदाहुँदै पनि मानिसले आफ्नो कर्तव्य बिर्सिएर वनविनाश गर्दे आएका छन्। आजकल चुरे क्षेत्रको अवस्था विंग्रदै गएको छ। चुरे विनाशले

मानिसलाई ठूलो क्षति हुनेछ । बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपले मानिसलाई दुःख दिएको छ । मानिसले चुरे विनाश गरेकोले 'हरियो वन नेपालको धन' भन्ने उक्ति भनाई मै सीमित हुन गइरहेकोले यो क्षेत्र एकदिन मरुभूमिकरण नहोला भन्न सकिदैन । वर्तमान अवस्थालाई हेर्दा वनफडानी गरेर घर बनाउने, तस्करी गर्ने, चोरी शिकारी आदि जस्ता कारणले वनविनाश हुँदै आएका छन् । चुरे विनाशका कारणहरू निम्नानुसार छन्:-

१. बेरोजगारीको समस्या र तस्करी ।
२. जमिन अतिक्रमण र भू-उपयोग ।
३. वनमा डढेलो लगाउने ।
४. अव्यवस्थित विकास निर्माणका कार्य सञ्चालन ।
५. वैकल्पिक उर्जाको अभाव ।
६. अव्यवस्थित चरिचरन ।
७. जडीबुटी र घाँसपातको नाममा जथाभावी बोट बिरूवा काट्ने कार्य ।
८. जङ्गली काठ, दाउरा आदिको अत्याधिक प्रयोग ।
९. बालुवा, गिट्टी र ढुङ्गाको अत्याधिक निकासी ।
१०. चुरे संरक्षण सम्बन्धी चेतनाको अभाव ।
११. चुरे संरक्षण सम्बन्धी कानून तथा कार्यान्वयनको अभाव ।
१२. औद्योगिकिकरण ।

नेपालमा चुरे विनाशबाट उत्पन्न असरहरू निम्नानुसार छन्:-

१. अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टि जस्ता समस्या श्रृजना हुने ।
२. दैवी प्रकोप, प्राकृतिक प्रकोप, बाढी पहीरो आदि ।
३. वातावरण प्रदुषण ।
४. पृथ्वीको भार वहन क्षमतामा ह्रास आउने ।
५. कच्चा पदार्थको अभाव ।
६. काठ-दाउरा र घासपातको अभाव ।
७. मरुभूमिकरण ।
८. जङ्गलको क्षेत्र घट्ने तथा खोलाको चौडाई बढेर जाने ।
९. मानव जीवनलाई नकारात्मक असर पार्ने ।

चुरे विनाशका असरवाट बच्न यसको संरक्षण गर्ने उपायहरू निम्नानुसार रहेका छन्:-

१. वैकल्पिक रोजगारको व्यवस्था गर्ने ।
२. चुरे संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
३. व्यवस्थित ढंगले विकास निर्माण कार्य गर्ने ।
४. व्यवस्थित चरिचरन ।
५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षणण क्षेत्र लागू गर्ने ।
६. बालुवा, गिट्टी र ढुङ्गा निकासीमा प्रतिबन्ध लगाउने ।
७. वैकल्पिक उर्जाको व्यवस्था गर्ने ।
८. चुरे संरक्षण सम्बन्धी कडा कानून तथा कार्यान्वयनको व्यवस्था गर्ने ।
९. विद्यालयहरूमा चुरे संरक्षण सम्बन्धी शिक्षाको व्यवस्था गर्ने ।

यी माथिका कारण, असर र संरक्षणका उपायहरू आजैबाट व्यवहारमा उतारेर देखाउने हो भने आगामी बर्षहरूमा "हरियो वन नेपालको धन" भन्ने भनाई चरितार्थ हुन्छ । हामीले आवश्यकता अनुसारका काठ, दाउरा, जडीबुटी आदि प्राप्त गर्न सक्छौं । यदि हामीले यसलाई साँच्चै नै हरियो बनाउने हो भने हामीले यसलाई प्रयोगमा ल्याई फाइदा लिन सक्छौं । प्राकृतिक सौन्दयर्ताले भरिपूर्ण रहेको ठाउँलाई पर्यटकीय गन्तव्य बनाई आर्थिक लाभ लिन सकिन्छ । यसरी त्यहाँका जनताले चुरे क्षेत्रको संरक्षण गर्दै यसलाई विभिन्न रूपमा उपभोग गरी जीविकोपार्जनको राम्रो माध्यम बनाउन सक्छन् । यसलाई हामीले बुझेर 'चुरे संरक्षण गरे पानी, पानी नै हाम्रो जिन्दगानी' भनी अरुलाई पनि बुझाउनु पर्दछ ।

## धनुषा जिल्ला

# "चुरे विनाशका कारणहरू, यसवाट परेको प्रभाव र न्यूनिकरणका उपायहरू"

**शिव कुमार महरा, कक्षा - १० (दश)**
श्री कंटीर झा नमुना उच्च माध्यमिक विद्यालय, वभनगामा, धनुषा
**प्रथम स्थान प्राप्त**

तराई प्रदेशको उत्तर र महाभारत पर्वत श्रृंखलाको दक्षिणमा अवस्थित भू-भागलाई चुरे क्षेत्र भनिन्छ। यो समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको उचाईमा अवस्थित छ। हाम्रो वरपरको हावापानी संरक्षणमा वनजङ्गलको ठूलो भूमिका हुन्छ। भू-बनोट अनुसार वनजङ्गलमा फरक फरक किसिमका जीवजन्तु र वनस्पतिहरू पाइन्छन्। हामीहरूले वनजङ्गलबाट घाँसपात, काठ-दाउरा, जडीबुटी साथै फलफूल प्राप्त गर्दछौं। वनजङ्गलमा विभिन्न किसिमका जनावर जस्तै: बाघ, एकसिंगे गैडा, हात्ती आदि साथै विभिन्न किसिमका थुप्रै चराहरू देख्न सकिन्छ। वनजङ्गलवाट हामीले प्रशस्त फाइदा लिइरहेका छौं। यसले हाम्रो जीवन निर्वाह गर्नका लागि विभिन्न स्रोत दिइरहेको हुन्छ। वनजङ्गलले प्राकृतिक सौन्दर्य प्रदान गर्दछ। यसले पर्यटन व्यवसायमा टेवा पुऱ्याउँछ। वनजङ्गलमा भएका राम्रा कुराहरूले पर्यटकलाई मनोरञ्जनमा सहयोग गर्दछ। तर हामी मानिसहरूको क्रियाकलापबाट हरियो वन नेपालको धन क्रमशः घट्दै गइरहेको छ। पहिले चुरे क्षेत्रमा प्रशस्त वनजङ्गल थियो। हाल त्यो वनजङ्गल मानिसहरू कै क्रियाकलापबाट विनाश भइरहेको छ। चुरे विनाश हुने मुख्य कारण मानिस कै खराब क्रियाकलाप हो।

चुरे क्षेत्र विनाशका कारणहरू निम्न लिखित छन्:-

१. जनसङ्ख्या वृद्धि: जनसङ्ख्या वृद्धिले नै वनविनाशमा प्रमुख भूमिका खेलेको छ। जनसङ्ख्या वृद्धि हुँदा वासस्थानको अभाव हुन्छ। आ-आफ्नो वासको लागि वनजङ्गल फडानी गरेर घरहरू बनाँछन्। यसरी रूखहरू काटदा वनजङ्गल विनाश हुन्छ।

२. **काठ र जीवजन्तुहरूको चोरी निकासी:-** मानिसहरूले आ-आफ्नो आर्थिक स्थिति सुदृढ गर्नका लागि वनजङ्गलमा भएका रुखहरू काट्ने र त्यहाँका

जीवजन्तुलाई शिकार गर्ने गर्दछन् । फलस्वरूप जैविक विविधतामा ह्रास आउँछ ।

३. **जथाभावी गाईवस्तु चराउनुः-** मानिसहरूले आ-आफ्नो जीविकोपार्जनका लागि गाई, भैंसी, बाख्रा आदि पाल्छन् । तिनीहरूलाई जथाभावी लगेर जङ्गलमा छाडा छाडिदिन्छन् । तिनीहरूले वनजङ्गलमा भएका बोट बिरूवाहरू, जडीबुटी आदि खाईदिन्छन्, खुरले माटो खोस्रिन्छन् र भूक्षय हुन्छ ।

४. **शिक्षाको अभावः-** हाम्रो वरपर मानिसहरू प्रसस्त पढे लेखेका छैनन् । वनजङ्गलबाट हामीहरूलाई हुने फाइदाहरूको बारेमा उनीहरूले थाहा पाइसकेको हुँदैन । यसको महत्व नजानेकोले वनविनाश हुन्छ ।

५. **जनचेतनाको अभावः-** वनजङ्गलबाट हामीहरूलाई के के फाइदा लिइरहेका छौं भन्ने कुराको बारेमा गाँउघरका कतिपय मानिसहरू लाई थाहा हुँदैन । वनजङ्गलको महत्व बारे उनीहरूलाई जानकारी नै हुँदैन र वनजङ्गल विनाश गर्न लाग्छन् ।

६. **वन सुरक्षा सम्बन्धी नियमनको अभावः-** सरकारले वन सुरक्षा सम्बन्धी कुनै नियम नलगाएकोले वनजङ्गल वरपर भएका मानिसहरू जथाभावी वनजङ्गल फडानी गर्न थाल्छन् ।

७. **धुम्रपान निषेध क्षेत्र नभएकालेः-** मानिसहरू वा वटुवाहरू जङ्गलमा गएर बिंडी, चुरोट खाएर जतातते फालिदिन्छन् र आगो लाग्छ । आगो लाग्दा वनजङ्गल विनाश हुन्छ ।

चुरे वनविनाशबाट परेका प्रभावहरू निम्न छन्ः-

१. **अक्सिजनको अभावः-** अक्सिजन हाम्रो जीवन हो । हामी श्वास नलिई १-२ मिनेटसम्म मात्र बाँच्न सक्छौं । वनजङ्गल विनाश गर्दा अक्सिजनको अभाव हुन्छ । त्यसबाट प्रशस्त मानिसहरू विभिन्न रोगको चपेटामा पर्न सक्छन् ।

२. **प्राकृतिक प्रकोपले सताउँछः-** वनजङ्गल विनाशले गर्दा सो ठाउँको उर्वराशक्ति घटछ र त्यो ठाउँको माटो खुकुलो र कमजोर भइहाल्छ । बाढी, पहिरो र भूक्षयले बगाएर लैजान्छ ।

३. **भोकमरी हुन्छः-** वनजङ्गल विनाश गर्दा त्यो ठाउँको उर्वराशक्ति घट्छ । बालीनाली राम्ररी उम्रन सक्दैन । खाद्यान्नको अभाव हुन्छ र भोकमरी बढछ ।

४. **पानीका स्रोतहरू सुक्छन्:-** वनजङ्गलले नै वर्षा गराउँछ। यदि वनजङ्गल नासियो भने पानी पर्दैन् । पानीका स्रोतहरू सुक्छन् । खानेपानी र सिंचाईको अभाव हुन्छ ।

५. **रोगको महामारी फैलन्छ:-** वनजङ्गल विनाश हुँदा त्यहाँ खडेरी पर्न जान्छ। मरुभूमि बन्न पुग्छ। त्यहाँको धुलाका कणहरू हावामा मिसिन जान्छन्। वायु प्रदुषण हुन्छ। हावामा कार्वनमोनो अक्साईड, कार्वनडाई अक्साइड जस्ता ग्याँसहरूको मात्रा वृद्धि भई हामीहरूलाई श्वास प्रश्वास सम्बन्धी रोगले सताउँछ। रोगको महामारी फैलन सक्छ।

६. **तापक्रममा वृद्धि हुन्छ:-** वनजङ्गल विनाश हुदाँ सुख्खा खडेरी पर्छ । वनजङ्गल नभएको ठाउँमा प्रशस्त गर्मी हुन्छ । गर्मीले गर्दा मानिस लगायत सम्पूर्ण जीवजन्तुमा नकारात्मक असर पर्दछ ।

चुरे वनविनाश न्यूनिकरणका उपायहरू निम्न छन्:-

१. **वनजङ्गलमा डढेलो नलगाउने:-** वनजङ्गल सम्पूर्ण प्राणी बाँच्ने आधार हो । वनजङ्गलमा आगो लाग्दा त्यसमा भएका सम्पूर्ण स्रोतहरू विनाश हुन्छ। वनजङ्गलबाट हामीहरूले धेरै फाइदा लिइरहेका छौं भन्ने कुरालाई मनन् गरेर यदि वनजङ्गलमा आगो लागि हाल्यो भने सबै जना मिलेर त्यसलाई नियन्त्रणमा लिनु पर्छ । आगो लाग्न दिनु हुँदैन् ।

२. **वृक्षारोपण गर्ने:-** हाम्रो वरपरमा खाली जग्गा जमिनमा वृक्षारोपण गर्नाले हरियाली बढ्छ। वृक्षारोपणले हाम्रो वरपर भएको वातावरण स्वस्थ हुन्छ। हामीलाई शुद्ध अक्सिजन प्राप्त हुन्छ। वृक्षारोपण गर्दा प्राकृतिक प्रकोपहरू कम हुन्छन् । हामी हाम्रो जीवन स्वच्छ वातावरणमा आनन्दमय ढंगले रमाएर बिताउन सफल हुन्छौं ।

३. **तटबन्धन गर्नु:-** नदीको किनारमा ढुङ्गाले बाँध्नु पर्छ । यसले गर्दा नदी छेउको जमिन कटान हुन दिंदैन् । वनजङ्गल र मानव वस्तीलाई बाढी पहिरोको खतरा कम हुन्छ ।

४. **धुम्रपान निषेध क्षेत्र गर्ने:-** धुम्रपान गरेर जताततै फालिदिनाले वनमा आगोलागी हुनसक्छ र वनजङ्गल विनाश हुन्छ। सकेसम्म धुम्रपान नगर्नु राम्रो । धुम्रपान गर्नेहरूलाई निश्चित क्षेत्र तोक्ने व्यवस्था गर्नुपर्छ । वनजङ्गलमा जथाभावी धुम्रपान निषेध गर्नुपर्छ ।

५. **जनचेतना जगाउने:-** वनजङ्गलवाट हामीलाई हुने फाइदा र महत्वको बारेमा गाउँघरमा राम्ररी बुझाउनाले संरक्षणमा उनीहरू नै सक्रिय हुनेछन् ।

६. वनजङ्गललाई चारैतर्फबाट घेरा लगाई विना अनुमति प्रवेश निषेध क्षेत्र बनाउने ।

७. आरक्षणण केन्द्रहरू घोषणा गर्ने ।

८. फोहरमैलाको राम्ररी व्यवस्थापन गर्ने ।

९. कडा नियम कानून बनाउने र पालना गराउने ।

१०. वनविनाश रोक्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

# "चुरे विनाशका कारणहरू, यसवाट परेको प्रभाव र न्यूनिकरणका उपायहरू"

**विजय कुमार मण्डल, कक्षा - १० (दश)**
श्री घ.ज.उ.मा.वि. धनुषाधाम, धनुषा
**द्वितीय स्थान प्राप्त**

हाम्रो देश नेपाललाई 'हरियो वन नेपालको धन' भनेर विश्वमा चिनाउने गरेको थियो । हाल मानिसको लापरवाही, अतिक्रमण, फडानी, काठ-दाउरा चोरी निकासी आदि कारणहरूले वनजङ्गल विनाश भई नाङ्गो डाँडाहरूमा परिणत भइरहेको कुरा सर्वविदितै छ । यस क्रममा चुरेको वन पनि हाल विभिन्न कारणहरूले विनाश भइरहेको छ । चुरे भन्नाले महाभारत श्रृंखला र तराई-मधेशको बीचमा रहेको भू-भागलाई जनाउँछ ।

**चुरे विनाशका कारणहरुः-**

१. वनमा जथाभावी डढेलो लगाउनाले
२. काठ, दाउरा चोरी निकासी गर्नाले
३. घाँसपात जथाभावी काट्नाले
४. चुरोट, बिंडी सेवन गरेर आगो जथाभावी वनमा फाल्नाले
५. रातमा राँको बालेर हिंड्नेहरूको लापरवाहीले
६. वस्तुभाउ वनमा चराउनका लागि छोड्नाले
७. वटुवाहरूले वनमा खाना पकाएर आगो राम्ररी ननिभाई हिड्नाले
८. वन नजिकैको खेतमा भएका भ्यासमिस बाल्नाले
९. जनसङ्ख्याको वृद्धिले गर्दा मानिसहरूको आवश्यकता बढन गई उनीहरूले आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागि वनमा भएका बोट-बिरूवा काटनाले
१०. ढुङ्गा, गिट्टी, बालुवा आदि वनवाट जथाभावी उत्खनन गर्नाले

यी विभिन्न कारणहरूले चुरे वनको विनाश भइरहेको छ। जसबाट विभिन्न प्रभाव र असरहरू देखा परेका छन् । जसलाई निम्न बुंदामा उल्लेख गर्न सकिन्छः-

१. खुल्ला चरिचरन गराएकोले चुरे क्षेत्रमा भूक्षय र पहिरोको संवेदनशील अवस्था श्रृजना हुँदै गएको देखिन्छ ।

२. वनमा बिरूवाहरू राम्ररी उम्रन पाउँदैन र उम्रे पनि राम्ररी हुर्कन सक्दैनन् ।
३. भू-सतह नष्ट वा क्षयीकरण हुन्छ ।
४. पर्यावरणीय असन्तुलन हुन गई समयमा पानी नपर्ने, जलचक्रमा असर पर्ने, खडेरी पर्ने र जमिन वगरमा परिणत हुन्छ ।
५. पानीको स्रोतहरू सुक्छन् ।
६. बोट बिरूवाबाट भुइँमा झरेका वीउ र मुनाहरूलाई गाई वस्तुले कुल्चेर नोक्सान गर्दछ ।
७. जडीबुटीहरू जस्तैः अमला, हर्रो, बर्रो, सर्पगन्धा आदि पाउन मुश्किल हुन्छ ।
८. घर भवन निर्माणका लागि काठ-दाउरा पाउन मुस्किल हुन्छ ।
९. प्राकृतिक मनोरम दृश्य, पशुपक्षी, चराचुरुङ्गी आदिको संख्या लोप भएर जान्छ ।
१०. इकोसिस्टम नै बिग्रन थाल्छ ।
११. चुरे क्षेत्रको शोभा हराएर जान्छ ।
१२. खेतीपाती गर्ने जमिनमा बालुवा थुप्रन गई खेतको उर्वराशक्ति नष्ट हुन्छ ।
१३. वन्यजन्तुको संरक्षण र विकासमा बाधा पुग्छ ।
१४. हामीहरूलाई नभई नहुने अक्सिजनको मात्रा वायुमण्डलमा घटदै जान्छ ।

यसरी चुरे-तराई मधेशको क्षेत्रमा रहेका वनविनाश र त्यसबाट परेको प्रभावहरू र त्यसको न्यूनिकरण गर्ने उपायबारे सोच्नु पनि अति नै आवश्यक देखिन्छ। तसर्थ चुरे वनविनाशलाई रोक्नका लागि न्यूनिकरणका निम्न उपायहरू अपाउनुपर्ने देखिन्छः-

१. चुरे क्षेत्रको महत्वबारे सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम गर्नुपर्छ ।
२. वनमा विना अनुमति प्रवेश निषेध गर्नुपर्छ ।
३. आगो बल्ने चीज वनमा लिएर जान निषेध गर्नुपर्छ ।
४. वटुवाहरूलाई खाना पकाउँदा आगो निभाउन लगाउने ।
५. वनमा विना अनुमति वनभोज कार्यहरू गर्न नदिने ।
६. वन नजिकको गाँउमा उपभोक्ता समितिहरू गठन गरी संरक्षण गर्ने, गराउने ।

७. वन नजिकै भएको खेतबारीमा भएका झारपात जलाउँदा राम्ररी आगो निभाउने ।

८. काठ, दाउरा चोरी निकासी गर्नेहरूलाई कडा नियम बनाई दण्डित गर्ने ।

९. वनको वरिपरि अग्निरेखा खिचेर पात झर्ने बेलामा सफा गर्ने ।

१०. सुकेका रूख र हाँगाहरू सुख्खा मौसम आउनु अगाडि नै हटाउने ।

११. चुरे क्षेत्रको भिरालो भीरपाखामा वृक्षारोपण गर्ने ।

१२. सुख्खा बोट बिरूवा काटेको ठाउँमा नयाँ बिरूवाहरू रोप्ने ।

१३. वनमा घाँसपात स्याउला आदि जथाभावी काट्न नदिने ।

१४. नेपाल सरकारले चुरे क्षेत्र संरक्षण सम्बन्धी विषय पाठ्यक्रममा समावेश गराउने ।

१५. वन्यजन्तुको वासस्थानलाई संरक्षण गर्ने ।

१६. चुरे क्षेत्र सम्बन्धी रेडियो, टेलिभिजन मार्फत प्रचार प्रसार गर्ने ।

१७. चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन सम्बन्धी त्यस ठाउँको वासिन्दाहरूलाई त्यसको महत्व बारे जानकारी गराउने ।

१८. चुरे क्षेत्रमा विकासका पूर्वाधार बनाउँदा वातावरण मैत्री भौतिक विकास गर्नुपर्छ ।

१९. चुरे क्षेत्रमा जथाभावी बाख्रा, गाईवस्तु चराउन नदिने ।

२०. चुरेमा भएका ढुङ्गा, गिट्टी, बालुवा आदि अव्यवस्थित रूपमा उत्खननमा रोक लगाई भूक्षयबाट जोगाउने ।

२१. वनमा भएका सुख्खा बोट बिरूवा काटेर ल्याउने र पुनः त्यस ठाउँमा नयाँ बिरुवा रोपिदिने ।

२२. बोट बिरूवा भएको ठाउँ हरियाली हुन्छ र पर्यटकहरू त्यस ठाउँमा आउन रुचाउँछन् । चुरे क्षेत्रको हरियाली र सौन्दर्य बढाई पर्यटकीय क्षेत्र बनाउने ।

२३. हरियो र कलिलो बोट बिरूवाहरूलाई काट्न नदिने ।

२४. चुरे क्षेत्रमा कुनै विकास निर्माणको कार्य गर्दा त्यसको पर्यावरणीय पक्षमा समेत ध्यानमा राखेर गर्ने ।

२५. चुरे क्षेत्रलाई भूक्षय र पहिरोबाट बचाउन खाली ठाउँहरूमा वृक्षारोपण गर्ने ।

यसप्रकार चुरे विनाशका कारणहरू, त्यसबाट परेका प्रभावहरू र त्यसका न्यूनिकरणका उपायहरू जानकारी हुँदाहुँदै त्यसको समयमा नै न्यूनिकरण गर्न सकेनौं भने पर्यावरणीय असन्तुलन हुन गई भोलि हामी, हाम्रो समाज र राष्ट्रलाई नै नराम्रो असर पर्न जान्छ भन्ने कुरा गर्दा अतिशयोक्ति नहोला । हाम्रो लागि चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न अत्यन्त आवश्यक देखिन्छ । चुरे क्षेत्रको संरक्षण गर्न हामीहरू नै जुट्नुपर्छ । हामी सबै चुरे क्षेत्रको विकास र संरक्षण कार्यमा सहभागी हुनुपर्छ ।

# “चुरे विनाशका कारणहरू, यसवाट परेको प्रभाव र न्यूनिकरणका उपायहरू”

**प्रगति प्रिया मण्डल, कक्षा - ९ (नौ)**
श्री कण्टीर झा नमुना उच्च माध्यमिक विद्यालय, वभनगामा, धनुषा
**तृतीय स्थान प्राप्त**

नेपालको महाभारत पर्वत श्रृङ्खलादेखि तलको दक्षिणी भू-भाग र तराई प्रदेश देखि माथि पूर्वमा ईलाम देखि पश्चिममा कञ्चनपुरसम्म फैलिएको भू-भागलाई चुरे क्षेत्र भनिन्छ । चुरे क्षेत्रको उचाई नेपालमा समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्म रहेको छ । चुरे पर्वतमा विभिन्न किसिमका घाँसपात, काठ, दाउरा, जडीबुटी आदि पाइन्छन् । यसको मानिसहरूले विभिन्न प्रकारले उपयोग गरेका छन् । जस्तैः घर बनाउँदा काठ-दाउरा, बिरामी हुदाँ जडीबुटी आदि प्राप्त गर्दछन् । पहिले यहाँको वातावरण स्वच्छ हुनुका साथै हावापानी मधुरम थियो । यसबाट मानिसहरू पनि आफ्नो जीवन स्वच्छमय निर्वाह गर्दथे । यस क्षेत्रमा विभिन्न आरक्षणण तथा संरक्षण क्षेत्रहरू रहेका छन् । यसक्षेत्रमा रहेको वन र वन्यजन्तुहरूबाट स्वदेशी र विदेशी पर्यटकहरू पनि रमाउँछन् । पहिले नेपाललाई ‘हरियो वन नेपालको धन’ भनेर चिनिन्थ्यो । विदेशीहरू वनजङ्गल बारे अध्ययन गर्न चुरेमा आउने गर्छन् । यसरी अध्ययन गरेर गएपछि उनीहरूले आ-आफ्नो देशमा यहाँको प्राकृतिक सौन्दर्यको बारेमा सूचना दिन्छन् । हामीले प्राकृतिक स्रोतहरूको राम्ररी प्रयोग गर्नुपर्छ । यसबाट हामी लगायत वातावरणमा पनि कुनै नकारात्मक असर पर्दैन । हामी स्वस्थ रहनका लागि पनि हामीले वनजङ्गलको संरक्षण गर्नु पर्दछ । हाम्रो वातावरण स्वच्छ भएमा हामी स्वस्थ हुन्छौं । हामीले आफू बच्नका लागि पनि वातावरण संरक्षण गर्नु पर्दछ ।

चुरे विनाशका कारणहरू यस प्रकारका छन्ः-

१. **जनसङ्ख्या वृद्धिः-** जनसङ्ख्या बढ्दा मानिसहरूको आवश्यकता पनि बढ्छ । उनीहरूलाई गाँस, बास र कपास नभई नहुने वस्तु हो । उनीहरूको लागि हावा, पानी, माटो, खनिज पदार्थ इत्यादि वस्तुहरू चाहिन्छ । जनसङ्ख्या बढ्दा चुरेको प्राकृतिक स्रोत माथि अत्याधिक दवाव परेको छ । प्राकृतिक स्रोतको असन्तुलित प्रयोग भई वनविनाश बढेको छ ।

२. **वनजङ्गल विनाश हुनु:-** मानिसहरूले खेती गर्न र बसोवास गर्न पनि वनजङ्गल फडानी गर्दछन् । त्यसले चुरेको वनजङ्गलको क्षेत्रफल घटदै गएको छ । वनजङ्गलबाट आर्थिक रूपमा लाभ लिन काठ, दाउरा, जडीबुटी, आदिको अत्याधिक उपयोग गरिएको कारणले पनि वन विनाश बढेको छ ।

३. **शिक्षाको अभाव:-** मानिसहरूलाई चुरे विनाश बारे राम्रो ज्ञान वा जानकारी नहुँदा उनीहरूले यसको विनाश गरिरहेका छन् । उनीहरूले स्रोतको चाँहिदो भन्दा बढी मात्रा प्रयोग गर्दछन् । जसबाट हाम्रो वातावरणमा समेत नकारात्मक प्रभाव पर्दछ ।

४. **जनचेतनाको कमी:-** ग्रामीण समुदायमा जनचेतनाको कमीका कारण प्राकृतिक स्रोतहरूको राम्ररी प्रयोग गर्न सकेका हुँदैनन् । रूख बिरूवा जथाभावी काट्नाले के समस्या हुन्छ भन्ने धेरैलाई ज्ञान छैन् । पछि के-कस्तो असरहरू पर्छ भन्ने कुरा बुझ्न र बुझाउन नसकिएकोले समस्या भइरहेको छ ।

५. **डढेलो र आगोलागी:-** मानिसहरू वनजङ्गलमा गई चुरोटको सेवन गर्दछन् । वनमा जथाभावी चुरोट प्रयोग गरेर आगो सल्काउँदा र वनजङ्गलमा ननिभाइकन फ्याँक्दा आगो लाग्दछ र वनविनाश हुन्छ ।

६. **जनसहभागिताको कमी:-** वातावरण संरक्षणको काम सबै मिलेर गर्नु पर्दछ । एक-दुईजनाले गरेर हुँदैन । कुरा बुझ्न र बुझाउन नसकिएकोले जनसहभागितामा समस्या भइरहेको छ ।

यसबाट पर्ने प्रभावहरू निम्न लिखित छन्:-

१. **स्वच्छ वायुको कमी:-** हामी सम्पूर्ण मानिसहरूलाई स्वच्छ हावा नभइ नहुने वस्तु हो । अक्सिजन विना मानिस बाँच्न सम्भव छैन् । १-२ मिनेटसम्म मात्र बाँच्दछ । हाम्रो वनजङ्गल विनाश भएमा प्रदुषणको मात्रा बढछ । फोहरमैलाहरू कुहिएर हावामा मिश्रण भई त्यसले हाम्रो स्वास्थ्यलाई हानी पुऱ्याउँछ ।

२. **भूक्षय, बाढी, पहिरो जानु:-** हाम्रो वनजङ्गलको संरक्षण भएन भने बेलाबेलामा भूक्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरू आइरहन्छन् । धेरै धनजनको क्षति हुन्छ । वातावरणमा विभिन्न किसिमका समस्याहरू देखा पर्दछन् ।

३. **पर्यावरणीय असन्तुलन हुनु:-** हामीलाई चाँहिदो मात्रामा प्राकृतिक स्रोतहरू उपलब्ध हुन सक्दैन् । पानीका स्रोतहरू सुक्दछन् । वायुमण्डलमा स्वच्छ हावाको अभाव हुन्छ । बढ्दो जनसङ्ख्यासंगै मानिसका आवश्यकता र वातावरण बीचमा असन्तुलन उत्पन्न हुन्छ ।

४. **उब्जाउमा कमी हुनु:-** समयमा वर्षा नहुँदा सिंचाईमा समस्या उत्पन्न भई अन्न उब्जनीमा नकारात्मक असर पर्दछ । धान बालीको उब्जनी नहुँदा किसानहरूको रोजगारीमा असर पर्दछ । यसबाट सम्पूर्ण मानिसहरूमा भोकमरीको समस्या आइपर्दछ ।

५. **वनजङ्गलमा ठूलो असर पर्नु:-** हामीले चाँहिदो भन्दा बढी मात्रामा काठ, दाउराको प्रयोग गर्दछौं । काठ, दाउरा चोरेर विदेशमा निर्यात गर्छौं । जसबाट हाम्रो वनजङ्गल विनाश हुन्छ । यस्ता क्रियाकलापले वन लगायत वातावरणमा ह्रास आउँछ ।

यसका न्यूनिकरणका उपायहरू यस प्रकारका छन्:-

१. **कडा कानूनी व्यवस्था:-** सरकारले हरेक वनजङ्गलको संरक्षणका लागि वन्यजन्तु आरक्षणको स्थापना गर्नुपर्छ । कर्मचारीहरूलाई खटाई वनजङ्गलको संरक्षण गर्नु पर्दछ । वनजङ्गलमा कसैले कुनै किसिमको हानी गरेमा कडा सजाय दिने कानूनी व्यवस्था गर्नु पर्दछ । यस्तो गर्‍यो भने चुरे विनाशमा न्यूनिकरण हुन्छ ।
२. **मानिसमा जनचेतना अभिवृद्धि गर्ने:-** सम्पूर्ण मानिसलाई वनजङ्गल र चुरे विनाशबारे जानकारी हुनु पर्दछ । उनीहरूले यसको संरक्षण बारे सूचना अरुलाई पनि दिनु पर्दछ । सम्पूर्ण मानिसहरूलाई यसबारे जानकारी दिनु पर्दछ । चुरे विनाश हुँदा हामी सम्पूर्ण मानिसलाई बाँच्न कठिनाई हुन्छ । यो कुरा समुदायलाई बुझाउनु पर्दछ ।
३. **एउटा रूख काट्दा दुईटा रोप्नु पर्दछ:-** हामीले एउटा रूख काट्दा दुईटा रोप्नु पर्दछ । हामीले आफ्नो घर वरिपरि वृक्षारोपण गर्नु पर्दछ । जसबाट हाम्रो वातावरण स्वच्छ हुन्छ र हामी पनि स्वस्थ हुन्छौं ।
४. **जनसहभागिता जुटाउनुपर्छ:-** कुनै पनि विकासको कार्य गर्दा सम्पूर्ण मानिसहरू एकजुट भएर गरियो भने त्यो काम दिगो हुन्छ । त्यो बढी दिन सम्म टिकाउ हुन्छ । हामीले सहभागितामा बढी काम गर्न

सक्छौं । वृक्षारोपण गर्न पनि जनसहभागिता हुनुपर्दछ । चुरे संरक्षणका लागि खाली भएको स्थानहरूमा वृक्षारोपण गर्दा सबैको हित हुन्छ ।

५. **सरकारी र गैर-सरकारी संघ-संस्थाहरूको सहयोगः-** चुरे संरक्षणका लागि सरकारी र गैर-सरकारी संघ-संस्थाहरूको सहयोग र भूमिका महत्वपूर्ण हुन्छ । समुदायलाई चाँहिदो ज्ञान तथा चेतना यस्ता निकायहरूले प्रदान गर्न सक्दछन् ।

६. **बजेटको सही प्रयोगः-** हाम्रो देश विकासका लागि विभिन्न देशहरूबाट रकमहरू आँउछ । त्यो रकमको सही रूपमा प्रयोग गर्नु पर्दछ । हाम्रो प्राकृतिक स्रोतहरू विनाश भएको ठाउँमा पुनः सो स्रोतहरूको निर्माण गर्न प्रयोग गर्नुपर्दछ । वनविनाश भएको स्थानमा पुनः वृक्षारोपण कार्यक्रमलाई बिस्तार गर्नु पर्दछ ।

७. वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रहरू स्थापना गर्नु पर्दछ ।

८. जनसङ्ख्या वृद्धिदर नियन्त्रण गरेर चुरेमा भइरहेको जनचापलाई घटाउन सकिन्छ ।

# महोत्तरी जिल्ला

## "चुरे क्षेत्र संरक्षणको आवश्यकता"

**शैलेन्द्र कुमार यादव, कक्षा - १० (दश)**
श्री योग कु.उ.मा.वि. बलवा, सरपल्लो-३, महोत्तरी

**प्रथम स्थान प्राप्त**

नेपाल प्राकृतिक रूपमा धनी देश हो । यहाँ प्रशस्त रूपमा प्राकृतिक स्रोतहरू पाइन्छन् । नेपाललाई प्राकृतिक रूपमा धनी हो भनेर चिनाउने चुरे क्षेत्र पनि हो । तराई सकिएर उठेको पहिलो तथा महाभारतबाट ओर्लिंदा अन्तिम पहाड बीचमा रहेको भू-भाग चुरे हो । यो पूर्व-पश्चिम फैलिएको पहाडी भू-भाग हो । यसले नेपालको कुल भू-भागको करिब १२.७८% ओगटेको छ । यो क्षेत्र पूर्व ईलामदेखि पश्चिम कञ्चनपुरसम्म फैलिएको छ । यसले ३६ जिल्ला छोएको छ । चुरे पहाड कोमल भएकाले अति संवेदनशील मानिन्छ ।

चुरे वनजङ्गलले यस क्षेत्रको माटोमा पानी सञ्चय गर्ने क्षमता बढी छ । तर यहाँको वनजङ्गल नासिंदै गयो भने यहाँ पानीको मात्रामा कमी आउनेछ । फलस्वरूप मानव जीवन निर्वाह गर्न उक्त क्षेत्रमा धेरै कठिन हुनेछ । त्यसैले एउटा विद्वानले यो भनेका छन् की "चुरे रहे पानी र पानी रहे हामी" । त्यस्तै यो क्षेत्र तराई भन्दा माथि भएकाले यस क्षेत्रको विनाशले बढी भन्दा बढी प्रभाव तराई क्षेत्रमा पर्दछ । बाढी पहिरोले तराईको उर्वर भूमि कटान गर्नेछ । अन्नभण्डार वगरका रूपमा परिणत हुन जानेछ । त्यसैले एउटा विद्वानले यो पनि भनेका छन् कि "चुरे नासिंदैछ र तराई मासिंदैछ" । नेपाललाई विश्वमा कृषि प्रधान देशको रूपमा र "हरियो वन नेपालको धन" भन्ने देखाउन चुरे क्षेत्रको संरक्षण गर्नु अति आवश्यक छ ।

चुरे क्षेत्र विनाश हुने धेरै कारणहरू छन् । यस क्षेत्रमा औलो उन्मुलन पश्चात् मानवीय गतिविधि बढ्न गयो । यो क्षेत्र प्राकृतिक रूपमा अति नै सुन्दर भएकोले मानिसहरू यस क्षेत्रमा आएर बसोवास गर्न थाले । आवासका लागि वनजङ्गल फडानी गरे । उक्त क्षेत्रका वासिन्दाहरू त्यहाँ रहेका प्रशस्त गिट्टी, बालुवा, ढुङ्गा आदि चोरी गरी बाहिर बेचबिखन गरिरहेका छन् । जसले गर्दा यस क्षेत्रको विनाश

हुँदै गएको छ । त्यस्तै विनाशको अर्को कारण राजनीतिक द्वन्द्व पनि हो । यो क्षेत्र तराई र पहाडका बीचमा पर्ने भएकाले दुवैतर्फबाट स्रोत उपयोगमा आफ्नो भनी लडिरहेका छन् । जसले गर्दा यसको संरक्षण गर्ने नीति नियम कमजोर भएका छन् । अहिले विनाश तीव्र रूपमा भइरहेको छ । विनाशको कारणहरू निम्न अनुसार छन्:

- आफ्नो स्वार्थ पूरा गर्न वनमा रहेका रूख बिरुवाहरूको चोरी गर्नु ।
- खुला चरिचरन क्षेत्र ।
- अवैज्ञानिक ढंगले जमिनको उपयोग आदि ।

चुरेको विनाशबाट परेका नकारात्मक प्रभावहरू निम्न अनुसार छन्:

- वन्यजन्तु लोप हुँदै जानु ।
- तराई क्षेत्रमा इनार, कुवा र हाते पाइप जस्ता जलस्रोत सुक्दै गई पानीको हाहाकार मच्चिनु ।
- नदीको सतह धेरै तल पुग्नु ।
- नदीको चौडाईमा वृद्धि हुनु ।
- पारिस्थितिकीय प्रणालीमा असन्तुलन पैदा हुनु ।
- तराई क्षेत्रमा बाढी पहिरो आउनु ।
- कृषियोग्य जमिनको कटान हुनु ।
- वस्ती बसालेर वन विनाश गर्नु ।
- तराई क्षेत्र मरुभूमि हुँदै जानु ।

यसरी यस क्षेत्रको विनाशका कारण अनावृष्टि, अतिवृष्टि र अल्पवृष्टि जस्ता प्रभावहरू देखा पर्न थालेका छन् ।

यी समस्या समाधानका लागि निम्न उपायहरू अपनाउनु पर्छः

- भूक्षय नियन्त्रण र नदी कटान हुन नदिन एकीकृत योजना सहित नीति नियमको तर्जुमा गर्नुपर्छ ।
- खुला क्षेत्रमा वृक्षारोपण गर्नुपर्छ ।
- वन अतिक्रमण, खुला चरिचरन, डढेलो आदि नियन्त्रण गर्नुपर्छ ।

- यस सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा जनसहभागिता जुटाउनुपर्छ। जनचेतना अभिवृद्धि गर्नुपर्छ।
- २०७१ असार २ गते बनेको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समितिले लागू गरेका कार्यक्रमहरु कार्यान्वयन हुनुपर्छ।
- जथाभावी रूपमा भइरहेको काठ तस्करी र बालुवा, गिट्टी, ढुङ्गा तस्करी रोक्नुपर्छ।
- जथाभावी रूपमा खेर गइरहेका प्राकृतिक स्रोतहरूको पनि व्यवस्थापन गर्नुपर्छ।
- समय-समयमा यस्ता समस्याहरूको शीर्षक दिई विद्यार्थीहरूमा प्रतियोगिता गराई राम्रा-राम्रा पक्षहरूलाई लिई त्यस अनुसार यसको संरक्षण कार्य गर्नुपर्छ।

# “चुरे क्षेत्र संरक्षणको आवश्यकता”

**अमित कुमार मण्डल, कक्षा - १० (दश)**
श्री श्री मा.वि. गोनरपुरा - ३, महोत्तरी
**द्वितीय स्थान प्राप्त**

चुरे क्षेत्र भन्नाले तराई सकिएर उठेको पहिलो तथा महाभारतबाट ओर्लिदा अन्तिम पहाडको बीच रहेको र पूर्व पश्चिममा फैलिएको पहाडी भू-भाग लाई बुझिन्छ । अथवा आज भन्दा चार करोड बर्ष पहिले हिमालयको उत्पत्ति पछि समयक्रममा क्रमशः थेगर र गेगर थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे क्षेत्र हो । चुरे क्षेत्रले नेपालको कूल भू-भागको १२.७८% क्षेत्र ओगटेको छ । चुरे क्षेत्र कोमल भएकाले भू-क्षेत्रको हिसाबले एकदमै संवेदनशील रहेको पाइन्छ। चुरे क्षेत्र नेपालको ३६ वटा जिल्लामा पर्दछ । यहाँ खुकुलो पत्रे चटान भएका र महाभारतबाट बग्ने नदीहरू यही क्षेत्र भई तराईतर्फ जाने हुँदा यहाँ प्राकृतिक रूपमा अत्यन्तै संवेदनशील रहेको छ । पाकिस्तानको इन्दुस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरे शिवालिकको नामबाट पनि चिनिन्छ । चुरे क्षेत्रको भू-बनोट, प्राकृतिक माटो, जैविक विविधता र वर्षा आदिको कारणले यो क्षेत्र अति संवेदनशील रहेको छ ।

चुरे क्षेत्रको संरक्षणको महत्वबारे जनचेतना अभियान मार्फत चुरे क्षेत्रको संरक्षण र विकासमा लागेका सरोकारवालाहरूलाई क्षमता अभिवृद्धि गर्ने, चुरे क्षेत्रमा भइरहेको वनविनाश नियन्त्रण र तल्लो तहको क्षेत्रमा जोखिमलाई न्यूनिकरण गर्ने, बाढी, पहिरो, नदी कटानको नियन्त्रण र पानीको मुहानको संरक्षण गर्ने आदि जस्ता भूमिगत जल रिचार्जमा सुधार ल्याउने, नदी उकास जमिनमा हरियाली प्रबन्धको लागि कृषि, जडीबुटी, फलफूल आदि जस्ता खेतीहरू गरी स्थानीय समुदायको आय आर्जनमा टेवा पुऱ्याउने र चुरे क्षेत्रमा नदी प्रणालीमा उपलब्ध बालुवा, गिट्टी, ढुङ्गा संकलनको नियमन तथा बुद्धिमतापूर्ण उपयोगको निमित्त आवश्यक पहल गर्ने ।

चुरे क्षेत्रको विनाशका कारणहरू निम्न लिखित छन् जुन तल दिइएको छ ।

१. खुला चरिचरन गराउँदा:- भूक्षयको दृष्टिकोणले अति संवेदनशील भएको हुनाले यस क्षेत्रमा मानिसहरूले जथाभावी गाई-वस्तुहरू खुलारूपमा चरन गराई रहेको पाइन्छ । रूखहरूबाट माटोमा झरेका वीउहरू र बिरूवा गाई-बस्तुहरूले कुल्चँदा राम्ररी उम्रन र बढ्न पाउँदैन ।

२. जथाभावी वनफडानी गर्दाः- यस क्षेत्रमा मानिसहरूले दाउराको लागि, घर बनाउनको लागि र पुलहरू निर्माण गर्नको लागि जथाभावी वनफडानी भइरहेको पाइन्छ वा देखिन्छ ।
३. चोरी निकासी गर्दाः- मानिसहरूले आय आर्जनको लागि जथाभावी वन( फडानी गरेर अन्यत्र बेचिने गरेको हुनाले ।
४. आगोलागी हुनाले र डढेलो क्षेत्र नियन्त्रण नगर्नालेः- जथाभावी आगलागी हुनाले जङ्गलमा पैदावार नष्ट हुन जान्छ । वन्यजन्तुको बासस्थान पनि नाश हुन जान्छ र स-साना बिरुवाहरू राम्ररी उम्रन र हुर्कन पाउँदैन ।

चुरे क्षेत्रको विनाशबाट पर्ने र परेका प्रभावहरू यस प्रकारका छन् ।
१. नदी खोलाको चौडाई बढ्दोः- चुरे पहाडबाट तीव्र गतिमा ढुङ्गा गेगर बगाएर ल्याउँदा भावर तथा तराई क्षेत्रको खेतीयोग्य भूमि कटान गर्दै खोलाको चौडाई प्रत्येक बर्ष बढ्दै गएको छ ।
२. कृषिभूमि कटानः- तीव्र गतिमा बढ्दै आएको नदी खोलाले किनारको कृषियोग्य भूमि प्रत्येक वर्ष कटान गर्दै वगरमा परिवर्तन गरिहेका छन् ।
३. वस्ती प्रभावितः- नदी, खोला छेउका वस्तीहरूलाई बाढी र पहिरोले प्रभावित पारेका छन् । खोला नदीको दोहनमा परिवर्तन हुँदा आसपासमा भएका वस्तीहरू वर्षायाममा जोखिमपूर्ण वसाइ हुने वा अन्यत्र बसाँई सर्न बाध्य हुने ।
४. वनविनाशः- वनविनाश कै कारणले आज भोलि भूक्षय, बाढी र पहिरो आइरहेको हुन्छ । वनविनाश गर्दा त्यसको असर तराई मधेशमा पर्ने गरेका छन् ।

चुरे क्षेत्रका संरक्षणका उपायहरू यस प्रकारका छन् जुन तल लेखिएको छ ।
१. वन तथा भू-संरक्षण विकास कार्यमा जनचेतना जागृत गर्ने तथा जनसहभागिता अभिवृद्धि गर्ने ।
२. भूक्षय नियन्त्रण र नदीकटान रोक्न उपयुक्त प्रविधि सहित एकीकृत योजना तर्जुमा कार्यान्वयन गर्ने ।
३. वनस्रोत (वन, बालुवा, गिट्टी) को अत्याधिक ढुवानी रोकी दिगो व्यवस्थापन गर्ने ।
४. वन अतिक्रमण, खुला चरिचरन र डढेलो नियन्त्रण गर्ने ।
५. चुरे क्षेत्रमा वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने ।
६. समुदायमा आधारित संरक्षण कार्यलाई संस्थागत गर्दै लैजाने ।

# "चुरे क्षेत्र संरक्षणको आवश्यकता"

**अस्मिता उपाध्याय, कक्षा - १० (दश)**
श्री उच्च माध्यमिक विद्यालय भंगहा, सिद्धपुर, महोत्तरी

**तृतीय स्थान प्राप्त**

**हाम्रो चुरेः-**

नेपालको पर्वत श्रृंखलाहरू मध्ये चुरे सबैभन्दा होचो श्रृंखला हो । चारकोषे झाडी पनि चुरे क्षेत्रमा नै पर्दछ । यस क्षेत्र समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्म फैलिएको छ । यो क्षेत्र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । यस क्षेत्रमा सदावहार हरियाली बोट बिरूवाहरू पाइन्छन् । यस क्षेत्रमा साल, सिसौ, खयर, पिपल, बाँस आदि बोट बिरूवाहरू पाइन्छन् । बाज, धनेस, बकुला, गिद्ध जस्ता पशुपक्षीहरू पनि पाइन्छन् । वन्यजन्तुमा बाघ, हाती र गैंडा पाइन्छन् । यस क्षेत्रको प्राकृतिक सम्पदा हाम्रो देशको लागि धेरै महत्वपूर्ण छ । यस्तो महत्वपूर्ण क्षेत्रको दिनानुदिन विनाश हुँदै गइरहेको छ । यो संरक्षणको पर्खाइमा रहेको छ । यस क्षेत्रको संरक्षण गर्नु भनेको वातावरणको संरक्षण गर्नु हो ।

**चुरे क्षेत्रको आवश्यकताः-**

"हरियो वन नेपालको धन" भन्ने भनाईलाई केवल उखान मात्रै होइन प्रयोगमा पनि ल्याउनु पर्दछ । चुरे क्षेत्रको वनजङ्गलमा विभिन्न किसिमका पशुपक्षी बोट बिरूवाहरू पाइन्छन् । त्यहाँ रहेका बोट बिरूवाहरू तथा पशुपक्षीहरूलाई नष्ट गऱ्यो भने हामीलाई ठूलो क्षति हुन्छ । चुरे क्षेत्र अहिले उजाड र सुख्खा भइसक्यो । चुरे क्षेत्रमा रहेको बोट बिरूवा तथा पशुपक्षीहरू दिनानुदिन लोप हुँदै गइरहेका छन् । पहाडी प्रदेशबाट चुरे क्षेत्र हुँदै दक्षिणतिर बगेर आएका अनगिन्ती नदीहरूले समथर भूमि सिंञ्चित भएर प्रशस्त उब्जाउ हुँदै आएकोमा अहिले वनविनाशको कारणले वगरमा परिणत भइसक्यो । रातु, औरही नदी वगरको छेउछाउ बस्ने वासिन्दालाई धेरै क्षति पुऱ्याएको छ । तिनीहरूको खेतीयोग्य जमिन मरुभूमिमा परिणत गरिदिएको छ । त्यस क्षेत्रको वनजङ्गलमा अब बाघ गर्जिन छाडे । रूख बुट्यानहरू माड्दै ढसरमसर गर्दे हिँडने हात्ती, गैंडाहरू देखिन छाडेका छन् । बाँसका पिपिराहरू खाँदै उफ्रने मृगका पाठाहरू अब कविका कलममा मात्र बाँकी छन् । त्यसैले चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तत्व हो ।

**चुरे क्षेत्र विनाशका कारणहरूः-**
अत्याधिक मात्रामा जनसङ्ख्या बढ्नु र बसाँई-सराइ बढ्नुले चुरे विनाश हुँदै गएको हो । बोट-बिरुवा, पशुपक्षीहरूको अवैध शिकार गर्ने र छाला, सिङको तस्करी गर्ने, गोठालाहरूले गाईगोरु चराउन जाँदा विनासितिमै डढेलो लगाइदिनु जस्ता मानिसका अविवेकी, अदूरदर्शी, लोभीपापी जस्ता निन्दनीय कामले चुरे क्षेत्रको विनाश भइरहेको छ । त्यसैले चुरे क्षेत्रमा चरनसीमा निर्धारण गर्नुपर्छ । डढेलो लगाउनेलाई कडा दण्डको व्यवस्था गर्नु पर्दछ ।

**चुरे क्षेत्रमा विनाशका नकारात्मक असरहरुः-**
चुरेको विनाशले धेरैलाई चिन्तित तुल्याएको छ । यस क्षेत्रमा पाइने बोट बिरूवा तथा पशुपक्षीहरू लोप हुँदै गइरहेका छन् । यस क्षेत्रमा पाइने अमूल्य जडीबुटीहरू अब यहाँ पाइदैंन् । वनविनाशका कारणले गर्दा भूक्षय आउने, पानीको स्रोत सुक्दै जाने र त्यहाँ पाइने विभिन्न किसिमका अमूल्य जडीबुटी एवं पशुपक्षीहरू हराउँदै गएका छन् । वनविनाशका कारणले सुख्खा पहिरो गइरहेको छ । वातावरण बिग्रदै गएको छ । शितल हावा चल्नुको साटो तातो पोल्ने हावा चल्दैछ । त्यसकारण चुरेको संरक्षण गर्नु परेको हो ।

**समाधानका उपायहरूः-**
संरक्षणको लागि जनचेतना अभियान सञ्चालन गर्नु पर्दछ । काठ चोरी निकासी गर्नेलाई कडा दण्डको व्यवस्था गर्नुपर्छ । बुढो भएको वा सढेगलेको बोट बिरूवालाई मात्र प्रयोगमा ल्याउन प्रोत्साहन गर्नुपर्छ । चुरे क्षेत्र भित्र चरनसीमा निर्धारण गर्नुपर्छ ।

हामी सबै मिलेर चुरे क्षेत्रलाई हराभरा बनाऔं । चुरेको संरक्षणमा जुटौं ।

## सिन्धुली जिल्ला

# "चुरे विनाशका कारण, परिणाम र संरक्षणका उपायहरू"

**चन्दन चौधरी - १० (दश)**
श्री भगवती उच्च माध्यमिक विद्यालय, सिन्धुलीमाढी, सिन्धुली
**प्रथम स्थान प्राप्त**

पाकिस्तानको इन्दुस नदीदेखि नेपाल हुँदै भारतको ब्रह्मपुत्र नदीसम्म भौगोलिक दरारहरुका बीचमा करिब चार करोड बर्ष अघि गेगर थुप्रिएर बनेको श्रृंखलालाई चुरे भनिन्छ । अर्को नाममा यो शिवालिक भनेर परिचित छ । नेपालमा चुरेको उचाई समुन्द्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्म छ । भू-गर्भविदहरुका अनुसार चुरे पहाडहरु मध्ये कान्छो पहाड हो । नेपालमा यसले पूर्व ईलामदेखि पश्चिम कञ्चनपुरसम्म ३६ जिल्लालाई छोएको छ ।

नेपाल एक पहाडी मुलुक हो र यस मुलुकका प्रायः पहाडका श्रृंखलाहरु वनजङ्गलले ढाकिएको छ । केही बर्ष अघिसम्म नेपालको ३९% भू-भाग वनजङ्गलले भरिएको थियो भने हालको तथ्याङ्क अनुसार २९% भू-भाग मात्र वनजङ्गल रहेको छ । नेपा( लको वनजङ्गलको तथ्य प्रस्तुत गर्दा चुरेलाई विर्सनु अर्थहीन हुन्छ । चुरेले नेपालको कूल क्षेत्रफलको १२.७८% भू-भाग ओगटेको छ । यस क्षेत्रमा पहिले धेरै वनजङ्गल भएपनि अहिले घटेर न्यून हुँदै गएको छ । चुरेमा अहिले लगभग ५० लाख जनता बसोवास गर्दछन् । यसको कारणले नै होला चुरेको वन मासिदै गएको छ । चुरे विनाश हुने क्रम बढ्दो छ । चुरे विनाश भइरहेको छ । चुरे मासिंदै छ ।

चुरेको अवस्था दयनीय र नाजुक छ । चुरे विनाशको पछाडि के-के कारण हुन सक्छन् भन्ने प्रश्न उठन सक्छ । चुरे बर्षेनी मासिनुको पछाडि कारण सानो छैन । कमलो गेगर थुप्रिएर बनेको चुरेमा लगभग ५० लाख जनताको चाप पर्नु आफैमा गम्भीर कुरो हो । चुरेमा यतिको चाप परेपछि पनि विनाश नभएर के हुन्छ ? चुरे वनजङ्गलले ढाकिएको थियो । यसले गर्दा त्यहाँको वातावरण अत्यन्त सन्तुलित र उपयुक्त थियो । नेपालमा जनसङ्ख्या बढनासाथ चुरेमा चाप बढेको हो । यसले गर्दा त्यहाँको वन मासिने क्रम बढदै गएको हो । चुरेमा साल, चिलाउने आदि रुख पाइन्छ । यी रुखहरु काट्नाले चुरेको वनमा असर परेको हो ।

यसैगरी चुरेको वनमा अनेक जडीबुटी पाइन्छन् । ती जडीबुटी बेचेर सम्पति कमाउने लोभले चुरेमा असर परेको हो । चुरेमा पाउने दुर्लभ वन्यजन्तुको शिकार गर्नाले चुरे विनाश हुन गएको हो । चुरे ढुङ्गा, गिट्टी तथा बालुवाको लागि उपयुक्त ठाउँ हो । चुरेमा मानिसहरुले ढुङ्गा, गिट्टी तथा बालुवा प्रशस्त निकालेकाले चुरेमा नकारात्मक असर पुगेको छ। चुरे विनाशको मुखमा पुगेको हो। चुरे बस्नेहरुले प्रायः बाखा पालन गर्छन् । प्रायः हरेक परिवारसंग ५० वटा सम्म खसी बाखा हुन्छन । यी खसी ब्राखा चुरेमा निर्भर छन् । चुरेमा चरिचरन अनियन्त्रित छ । यसले गर्दा चुरे विनाश हुन पुगेको भन्न सकिन्छ ।

अनियन्त्रित चरिचरन र वन पैदावारको अत्याधिक प्रयोग, अव्यवस्थित बसोवासले गर्दा चुरे विनाश भएको छ । चुरेको जङ्गल अत्याधिक मात्रामा दाउरा झिक्ने, वनजङ्गल फडानी गर्ने, डढेलो लगाउदा पनि चुरे विनाश भएका छन् । विभिन्न पिडितको नाममा चुरेमा आएर बसोवास गर्छन । जंगल फडानी गर्छन् । जङ्गल फडानी चुरे विनाशका मुख्य कारण बन्ने गरेको छ । यसरी पिडितले चुरे मास्दै यसलाई आफ्नो स्थल बनाउन थालेको छ । विभिन्न विकासका कार्यहरु सडक खन्ने र बनाउने जस्ता विकासका कार्यले चुरेमा नकारात्मक असर परेको छ । यसैगरी प्राकृतिक स्रोत र साधनको अव्यवस्थित र अवैज्ञानिक प्रयोगले गर्दा चुरे मासिंदै गएको हो ।

चुरेको वनक्षेत्र अत्याधिक घटेको छ । अनेक कारणले गर्दा चुरेमा वन विनाश त भयो नै अब यो विनाशले गर्दा तराई, भावर र चुरे समेतमा पानीको सतह जमिनमुनी घटदै गएको छ । तराईमा इनार, कुवा, नदी, हाते पाइप आदि सुक्ने समस्या चर्को छ । तराई र भावर क्षेत्रमा प्राय पानीको आवश्यकता बढ्दो छ । पानीको समस्या बढ्नु चुरे विनाशले तुल्याएको मुख्य समस्या हो। यसैगरी खोलाहरु पनि सुक्दै गएका छन् । नदीहरुले बाटो बदल्ने प्रक्रिया पनि बढ्छ । खोलाहरुमा विनाशको असर देख्न सकिन्छ। चुरेबाट तराई क्षेत्र पसेका मुख्य चार नदीहरु बढी जोखिमयुक्त छन् । सिरहाको बलान, धनुषाको जलाद, महोत्तरी र धनुषाको रातु र मकवानपुर, बारा र रौतहटको लालबकैया पर्दछन् ।

चुरे विनाशले गर्दा प्रकृतिमा नराम्रो असर परेको छ । यसले चुरे सहित भावर र तराई क्षेत्रको वातावरणमा असन्तुलन ल्याएको छ । यसले गर्दा जनजीवन दिन

प्रतिदिन कष्टकर बन्दै गएको छ । कृषि क्षेत्रमा असर पुगेको छ । कृषिमा ह्रास आइरहेको छ । नेपालको लगभग १ करोड ५०-६० लाख जनता चुरे विनाशले प्रभावित भएका छन् । यसैगरी जङ्गल मासिएकाले जङ्गलमा पाउने जडीबुटी हराउँदै गएका छन् । वन्यजन्तुहरु लोप हुने प्रक्रिया पनि बढ्दो छ । चुरे क्षेत्रमा बसोवास गर्ने जनजीवन चुरे विनाशले पूर्ण रूपमा प्रभावित छन् । तराईका कयौं वस्तीहरु नै जोखिममा छन् । कुन वस्ती कहिले बगाउने हो थाहा नै हुँदैन । चुरे विनाशले  वर्षातमा उपल्लो तटीय क्षेत्रमा भूक्षय र पहिरोको समस्या बढाएको छ । सयौं विघा खेत नदीले बगाएर लान्छ । मरुभूमिकरण बढ्दो छ । हजारौ किसानहरु भूमिहीन समेत भएका छन् । यसले देश विकासमा गहिरो चोट पुर्‍याएको छ । नेपालको प्राकृतिक सम्पदा नासिंदै गएको छ । नेपालको प्राकृतिक सुन्दरता घटदै गएको छ । नेपालको वातावरणीय सन्तुलनमा असर पुर्‍याएको छ । चुरे क्षेत्रमा बसोवास गर्ने मात्र नभएर तराई र भावर क्षेत्रका जनजीवनमा असर पुर्‍याएको छ । चुरेमा पाइने दुर्लभ जीवजन्तुहरु लोप हुदै जानु चुरे विनाश कै परिणाम हुन् ।

अब चुरेको संरक्षण गर्न पाइला चाल्नुपर्ने आवश्यकता भएको छ । चुरे संरक्षणका लागि अनेक पाइलाहरु चालेका पनि छन् । चौथो पञ्चवर्षिय योजनाले संरक्ष( णको विषय खासगरी चुरे संरक्षणको विषयलाई राष्ट्रिय नीतिमा समावेश गरेको थियो । यसका साथै संरक्षण गर्न विभिन्न कार्यक्रमहरु पनि गरेका छन् । चुरे संरक्षण गर्न राष्ट्रिय स्तरबाट प्रयासहरु भएका छन् । चुरे संरक्षण गर्न समुदायले पनि आफना भूमिका निर्वाह गरेका छन् ।

चुरे संरक्षणका लागि चुरे संरक्षण अभियान मुख्य हो । रामेश्वर प्रसाद खनालको अध्यक्षतामा रहेको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति मार्फत चुरे संरक्षण गर्न अनेक कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन भईरहेका छन् । यसले चुरे क्षेत्रमा पर्ने ३६ जिल्ला मध्ये २६-२७ जिल्लामा आफ्नो काम सुरू गरिसकेको छ । यसले चुरे संरक्षणका लागि अभियान सञ्चालन गरिरहेको छ । चुरे क्षेत्रमा बसोवास गर्ने वासिन्दाको लागी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेको छ । चुरे क्षेत्रमा बसोवास व्यवस्थित गर्न अनेक कार्यहरु गर्नुपर्ने देखिन्छ । जसले चुरे विकासमा र चुरे संरक्षणमा विशेष योगदान बन्न पुगेको छ । यो समितिले बर्षेनी करोडौं रूपैयाँ चुरे संरक्षणमा लगानी गर्दछ ।

चुरे संरक्षणमा अनेक चुनौतीहरु छन् । अव्यवस्थित वासको व्यवस्थापन गर्नु र बाढी-पहिरो पिडितको वासको व्यवस्था मिलाउनु मुख्य चुनौती भएको छ । सर्वप्रथम त चुरेको संरक्षण गर्न चुरे कै वासिन्दाको संलग्नता चाहिन्छ । चुरेको वासिन्दालाई चेतनशील बनाएर चुरे संरक्षण गर्नु अति आवश्यक छ । यसैगरी चुरेमा अव्यवस्थित चरिचरनको व्यवस्थापन गर्नुपर्छ । कानून बनाउनुपर्छ । चुरेमा भएका गैरकानूनी ढुङ्गा-गिट्टी निस्कासन तथा अन्य कर्म रोक्न र व्यवस्थापन गर्न वन संरक्षण सहित सेना र प्रहरीलाई जुटाउनुपर्छ । समुदायसंग सहकार्य गरेर चुरे संरक्षण गर्न उपयुक्त हुन्छ । चुरे संरक्षण चुरेका वासिन्दाले मात्र गर्न सक्तैन त्यसैले चुरे मधेश र भावरका जनतालाई एकजुट गराएर चुरे संरक्षण गर्नु पर्छ ।

चुरेको वासिन्दाको मात्र नभएर सम्पूर्ण व्यक्तिको साझा सम्पति हो चुरे । अब सबै व्यक्ति संलग्न भएर चुरे संरक्षण गर्नुपर्छ । कमलो चुरेको साह्रो समस्यालाई सबैले बुझ्नुपर्छ । चुरे संरक्षण गर्नु सबैको दायित्व हो भन्ने बुझ्नुपर्छ ।

# “चुरे विनाशका कारण, परिणाम र संरक्षणका उपायहरू”

**महान श्रेष्ठ, कक्षा - १० (दश)**
श्री गौमति उच्च माध्यमिक विद्यालय, सिन्धुलीमाढी, सिन्धुली

**द्वितीय स्थान प्राप्त**

प्राकृतिक सम्पदाहरुले सजिएको हाम्रो देश नेपाल । कति सुन्दर छ । सलल बग्ने नदी, सुसाउने खोला, शीतल छहारी, हरिया वनजङ्गल तथा डाँडाकाँडाले हाम्रो देशलाई स्वर्गभूमि बनाएको छ । उच्च हिमाली भेगदेखि लिएर समथल तराई भू-भागसम्म धेरै प्रकारका वनजङ्गल छन् । चुरे वनक्षेत्र, पहाड र तराईको बीचमा अवस्थित रहेको छ ।

चुरे वनक्षेत्रले हामीलाई निकै फाइदा पुऱ्याइरहेको छ । हामीलाई आत्मनिर्भर बनाएको छ। चुरे क्षेत्रमा पाइने विभिन्न प्रकारका जीवजन्तु, वनस्पति, जडीबुटीहरुको सहाराले हाम्रो जीविकोपार्जन चलेको छ। काठ-दाउरा, घाँस पाइरहेका छौ । हाम्रो आम्दानीको मुख्य स्रोत पनि चुरे हो । चुरे वनक्षेत्रमा साल, चिलाउने, कटुस आदि पाइन्छ । जीवजन्तुमा स्याल, चितुवा, हरिण, मृग पाइन्छन् । चुरे क्षेत्र पहिलेको तुलनामा आज-भोलि निकै मासिएको छ। पहिलेको जस्तो चुरे छैन। चुरे क्षेत्र निकै सुन्दर तथा मनमोहक थियो । तर दिनानुदिन चुरे क्षेत्र रितिंदै र मासिंदै गएको छ। आज-भोलि ‘हरियो वन नेपालको धन’ भन्ने कुरा लज्जास्पद भएको छ। चुरे क्षेत्रको मुख्य विनाश जथाभावी रुख कटानले भएको हो । उष्ण हावापानी भएको सिमसार क्षेत्रको विनाश, जलाधार तथा वनक्षेत्रमा हुने अनैतिक तथा अवैध ढुङ्गा, माटो उत्खन्न, सुकुम्वासी वस्तीको वनजङ्गलमा निर्भरता रातारात हुने अवैध काठ-दाउरा तस्करी, जथाभावी वनफडानी तथा चरिचरनले चुरे विनाश भएका हुन् । त्यसैगरी जथाभावी रूपमा हुने विकास निर्माणका कार्यले पनि चुरेलाई निकै नै हानी पुऱ्याउँछ। नयाँ सडक निर्माण, उत्खन्न कार्य, विजुलीका लागि खम्बा निर्माण कार्य पर्दछन् । चुरे तराई भू-भागबाट औलो निवारण पछि यस चुरे वनक्षेत्रमा मानव वस्तीको चाप बढ्यो र चुरे वनक्षेत्र विनाश हुँदै गयो ।

अवश्य पनि एक विनाशले अर्को ठुलो विनाशलाई निम्त्याउँछ। यसले ठूलो समस्या हामी माझ खडा गरिदिन्छ । अहिलेको हिसाबमा हेर्दा चुरे वनक्षेत्रको विनाशले तराई तथा पहाडवासीको दिनचर्यालाई हानी पुऱ्याएको देखिन्छ। तराईको समथल भूमि बाढी पहिरो र माटो विस्थापन समस्याले ग्रस्त छ। अब चुरे क्षेत्रको विनाशले

कतिसम्म असर पुऱ्याउने हो । अर्को कुरा हाम्रो आर्थिक भार सम्हालिरहेको चुरे वनक्षेत्रको विनाशले हाम्रो आर्थिक स्थितिलाई निकै नाजुक बनाउँछ। त्यसैगरी चुरे वनक्षेत्रमा रहेका जीवजन्तु संकटमा पनि परिरहेका छन् । उनीहरु यस संसारबाटै हराउने स्थितिमा पुगिसकेका छन् । प्रकृतिसंग तालमेल मिलेन भने सबैलाई हानी पुऱ्याउँछ । हरितगृह ग्याँस उत्सर्जन कार्य बढनु तथा अक्सिजनको मात्रा घटनु नकारात्मक पक्ष हो । त्यसैले चुरे वनक्षेत्र मासिंदा तराई तथा पहाडका मानिसहरुलाई स्वास्थ्यमा नराम्रो असर पर्नेछ । अतः चुरे वनक्षेत्र विनाश सक्दो रोकथाम गर्नुपर्छ ।

सबैतिरबाट सहयोग र सहकार्य भएमा संरक्षणको आशा गर्न सकिन्छ। पक्कै पनि चुरे क्षेत्र संरक्षित हुनेछ । चुरेको वनक्षेत्रमा हुने ढुङ्गामाटोको उत्खनन कार्यको रोकथाम गर्नैपर्छ ।

हामी आफैं जागृत नभएसम्म चुरेको वनविनाशलाई रोक्न सकिन्न । एउटा रुख काटदा दुई वटा विरुवा रोपौं । “हाम्रो वन हाम्रो धन, हाम्रो मनको कामना, वन बचाउने हाम्रो चाहना”, भन्ने कुरा हामी सबैले मनन गर्नुपर्छ। बढ्दो जनसङ्ख्याको दवावमा चुरे संरक्षण गर्न हामी सबैजना सधैंभरी लागि राखौं । “संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नुछ” भन्ने कुरालाई याद राखी चुरे संरक्षणमा सबैजना लागौं ।

# “चुरे विनाशका कारण, परिणाम र संरक्षणका उपायहरू”

**बीना कोइराला, कक्षा - १० (दश)**

श्री भवानी उच्च माध्यमिक विद्यालय, सिन्धुलीमाढी, सिन्धुली

**तृतीय स्थान प्राप्त**

हाम्रो देश नेपाल भौगोलिक विविधताले भरिपूर्ण देश हो । यहाँको भू-धरातल एकै किसिमको छैन । हाम्रो देश नेपालको भौगोलिक विविधता यहाँको राष्ट्रिय विशेषता हो । विभिन्न प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । यसै मध्ये चुरे क्षेत्र पनि एक हो । यहाँ हरियो वन र प्राकृतिक स्रोतहरु प्रशस्त छन् । चुरे नेपालको मध्य भागमा पर्छ । पश्चिमको कञ्चनपुरदेखि पूर्वको ईलामसम्म चुरे फैलिएको छ । यो तराई र पहाडको सीमाना बनेर रहेको छ । चुरे हाम्रो देशको वनसम्पदा हो । यसको संरक्षण गर्नु हामी सबैको दायित्व हो । यहाँ विभिन्न प्रकारका जीवजन्तु, वनस्पति र जडीबुटी छन् । जसले नेपाललाई विविध कुरामा सहयोग पुऱ्याइरहेको छ । वनसम्पदा हाम्रो धन हो । चुरे क्षेत्रलाई नै हेरेर नेपालमा “हरियो वन नेपालको धन” भन्ने उखान प्रख्यात भएको थियो । तर अहिले यसो भनी रहँदा आफ्नै बेइज्जत भएको महसुश हुन्छ । यो उखान उखानमै सीमित रहेको छ । चुरे क्षेत्रलाई धेरै हरियो जङ्गल र सदावहार जङ्गल भन्ने चलन त परापूर्व कालदेखि नै चलि आएको छ । तर अहिले यो क्षेत्र विनाशको जोखिम अवस्थामा पुगेको छ ।

चुरे विनाशका प्रमुख कारण हामी सबै नेपाली हौं । यसलाई विनाश पुऱ्याउने अरु पनि थुप्रै कारणहरु छन्:

१. **अव्यवस्थित बसोवास र जनसङ्ख्या वृद्धिः-** नेपाल विकासोन्मुख मुलुक हो । यस्तो देशमा जनसङ्ख्या तीव्र रूपमा बढदा वनजङ्गल विनाश नहुने कुरै भएन । जनसङ्ख्या बढे पछि मानिसहरुले जङ्गल फडानी गर्छन । आफ्नो आवश्यकता पूरा गर्न अव्यवस्थित तरिकाले वनफडानी गरेर, जहाँ पायो त्यहीं बसोवास गर्ने गर्छन् । यो प्रक्रिया बढदै गयो भने एक दिन वन नाम मै मात्र सीमित रहनेछ ।

२. **खुला चरिचरनः-** मानिसहरुले गाईवस्तुलाई जङ्गलतिर छाडा छोडिदिन्छन् । वनजङ्गलका साना बिरूवा गाईवस्तुले खाइदिए पछि ठूलो हुन पाउँदैन । यसरी खुल्ला चरिचरनले वनजङ्गल विनाश गर्दछ ।

३. **सरकारी बेवास्ताः-** अहिलेको राजनीतिक अवस्था त सबैलाई थाहा नै होला । जसरी एउटा डुङ्गा चलाउँदा पानीको वहावले गर्दा डुङ्गा ढलपल हुन्छ त्यस्तै छ राजनीतिक अवस्था । सरकार चुरे क्षेत्रमा मात्र होइन सबै क्षेत्रमा वेवास्ता गरेको पाइन्छ ।

४. **वनपैदावारको अवैध किनबेचः-** चुरे वनमा विभिन्न किसिमका जडीबुटी, बोट-बिरूवा आदि उपलब्ध छन । यहाँ अरु थुप्रै लोप हुन लागेका वन्यजन्तु, चराचुरुङ्गी आदि छन् । आफू चुरे क्षेत्रको संरक्षणको लागि बसेका भन्ने मानिसहरुले त चुरे क्षेत्र सखाप नै पार्छन् । उनीहरुले ढुङ्गा, बालुवा अन्यत्र लगेर बेच्छन् । आफनो खल्ती भर्छन् । यसरी उनीहरु आफू वनपैदावरका मालिक भएका हुन्छन् । यस कारणले गर्दा पनि वनविनाश हुँदै गइरहेको छ ।

५. **जनचेतनाको कमीः-** मानिसहरुमा वनविनाशबाट हुने वेफाइदाको बारेमा राम्रो जानकारी छैन । उनीहरु त अझै पनि शिक्षा नपाएर वनजङ्गलको उचित उपयोग गर्न सकिरहेका छैनन् । तर अहिले पढेका भनाउँदाहरु पनि वनविनाशको कार्यमा लागेका छन् । उनीहरुले बुझी बुझी पनि बुझ पचाइरहेको अवस्था छ । मानिसहरुमा वनजङ्गलको राम्रो जानकारी हुन सकेन भने वनजङ्गल त रहँदैन । हामी मानव जीवन पनि संकटमा पर्नेछौं ।

चुरे क्षेत्रको विनाशबाट हुने नराम्रा परिणामहरू निम्नानुसार छन्:-

१. **तराई क्षेत्र मरुभूमिकरण हुनुः-** तराई क्षेत्रलाई नेपालको अन्नभण्डार पनि भन्ने गरिन्छ । हाम्रो देशका सबै मानिसहरुको गाँसको आपूर्ति त्यहींबाट हुन्छ । तराई क्षेत्रमा सिंचाई सुविधा यही चुरे वनबाट वहने खोल्सा, खोला, नदी, छहरा आदिको पानीले आपुर्ति गर्छ । तर अहिले चुरे क्षेत्रको विनाशबाट खोल्साहरु पनि सुक्न थालेको छ । चुरेबाट कमजोर भू-धरातलको बालुवा बगेर तराई क्षेत्रमा भरिने क्रममा छ । यसरी चुरे क्षेत्रको विनाशबाट तराईको जमिनको उर्वरा शक्ति घटेको छ । उब्जाउ भूमि वगर बन्दै गएको छ ।

२. **बाढी पहिरोको जोखिम हुनुः-** यहाँ रुखहरु नभएपछि जमिन त कमजोर हुन्छ नै जमिन कमजोर भएपछि बाढी पहिरो जान्छ । यसरी बाढी पहिरोबाट धेरै

मानिस घरबार विहिन भएका छन् । कतिका खेत नदी कटानले खाएका छन् । कतिका आफन्त डुबानमा परेका छन् । चुरे क्षेत्रको विनाशबाट धेरैले दुःख भोग्नु परेको छ ।

३. **जलवायु परिवर्तन हुनुः-** नेपाल एक प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । यहाँ विभिन्न खालका मौसम अनुभव गर्न सक्छौ । चुरे वनमा पनि हामी आफ्नै किसिमको हावापानी अनुभव गर्न सक्छौं । त्यहाँ धेरै बोट-बिरूवा भएको कारणले गर्दा पानी परिरहने गर्छ । चुरे विनाश हुँदा अनेकौं समस्याहरु देखापर्ने छन् । यहाँ अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि हुन थालेको छ । त्यसैले मानिसहरुमा विभिन्न रोगहरु देखिन सक्छ । जलवायु परिवर्तनले वातावरणमा नराम्रो असर पार्दछ ।

४. **वन्यजन्तु र चराचुरुङ्गी लोप हुनुः-** चुरे क्षेत्रमा धेरै वन्यजन्तु र चराचुरुङ्गी लोप हुन थालेका छन् । उनीहरु वनजङ्गललाई आफनो वासस्थान बनाएर बसेका हुन्छन् । अहिले वनजङ्गलको फडानी पछि वन्यजन्तु त्यहाँबाट भागेर अन्तै जान थालेका छन् । वन्यजन्तुले वनजङ्गलको शोभा बढाएको हुन्छ ।

चुरे क्षेत्रले वातावरणीय र मानव जीवनमा महत्वपूर्ण भूमिका खेलेको छ । संरक्षणका उपायहरु निम्नानुसार छन्:

- जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने
- कडा नियम कानून बनाई लागू गर्ने
- चुरे क्षेत्रको सिमाङ्कन गर्ने
- खुल्ला ठाउँमा वृक्षारोपण गर्ने
- चरिचरन बन्द गर्ने
- अवैध वनपैदावार खरिद बिक्री गर्नेलाई कारबाही गर्ने
- जनसङ्ख्या वृद्धि हुन नदिन विभिन्न कार्यक्रमको आयोजना गर्ने ।

हामी सबै एकजुट भएर चुरे क्षेत्रलाई संरक्षण गऱ्यौं भने चुरेलाई सदावहार बनाउन सकिन्छ । वनसम्पदा संरक्षण गर्नु हामी सबै नेपालीको कर्तब्य हो ।

# "चुरे संरक्षण आजको आवश्यकता"

**मुक्ति राम, कक्षा - १० (दश)**
श्री देवनन्दन देवराज उच्च माध्यमिक विद्यालय, रामनगरी - ९, पर्सा

**प्रथम स्थान प्राप्त**

हिमालय पर्वत श्रृंखला र भञ्ज्याङ्का दृष्टिले नेपाल विश्वमा नै प्रसिद्ध छ। हाम्रो देश नेपालमा मुख्यतयाः तीन पर्वत श्रृंखलाहरू रहेका छन्। ती हुन् उत्तरमा हिमालय पर्वत श्रृंखला, मध्य भागमा महाभारत पर्वत श्रृंखला र दक्षिणमा चुरे पर्वत श्रृंखला। महाभारतदेखि दक्षिण भागमा पूर्वदेखि पश्चिमसम्म फैलिएको पर्वत श्रृंखलालाई चुरे पर्वत श्रृंखला भनिन्छ। चुरे पर्वत श्रृंखलाको सबैभन्दा अग्लो टाकुरा कैलाली जिल्लामा अवस्थित भासुको पहाड हो। चुरे पर्वत श्रेणीलाई दाङ्ग देउखुरीको दक्षिण क्षेत्रतिर डुँडवा भनेर चिनिन्छ। वाग्मती नदी पूर्वमा भटवाना चुरे भन्छन। कोशी नदी पूर्वमा चुलाचुली भनेर चिनिन्छ। यो चुरे पर्वत श्रेणी पूर्वमा ५ माईल, तराईको मध्यभागमा १० माईल, दाङ्ग देउखुरी क्षेत्रमा १२ माइल र सुदुर पश्चिममा ५ माईलसम्म फराकिलो छ। यो हाम्रो चुरे क्षेत्र तराई प्रदेशको उत्तरतर्फपर्छ। चुरे शिवालिक पनि भनिन्छ। यो चुरेक्षेत्र समुद्र सतह देखि १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा अवस्थित छ। यो चुरे क्षेत्रमा बलौटे चट्टान, कमलो कमेरे चट्टान तथा अन्य चट्टान टुक्राहरू जमेर रहेका छन्। प्राचीन कालमा रहेका घस्रने तथा स्तन-धारी जनावरहरूका अवशेष यो क्षेत्रमा पाइन्छ। चुरेको माटोमा बालुवा, कङ्कड, ढुङ्गा तथा पाँगो माटो मिसिएकोले यसको उत्पादकत्व कम छ। हाम्रो चुरे पर्वत श्रृंखलाबाट उत्पत्ति भएका नदीहरू सामान्यतयाः उत्तरबाट दक्षिणतर्फ बग्दछन्। यस श्रृंखलाबाट उत्पत्ति भएका नदीहरूमा निरन्तर जलप्रवाह हुँदैन्। वर्षायाममा धेरै पानी हुन्छ भने हिउँदमा यस्ता नदीहरूको पानी सुकेर जान्छ। यस क्षेत्रमा खासगरी साल, सिसौ, खयर, सतिसाल र पलाँसका रुख पाइन्छ। सवाई तथा ढड्डी घाँस पनि पाइन्छ। बनजङ्गलमा विभिन्न प्रजातिका जीवजन्तुहरू तथा चराचुरुङ्गीहरू प्रशस्त मात्रामा पाइन्छ। यहाँ पाइने जीवजन्तुहरूमा हात्ती, बाघ, गैंडा, बाँदर इत्यादि पर्दछन्। पशुपक्षीमा बाज, मयूर, मुनाल इत्यादि पर्दछन्। यस क्षेत्रमा हरिया वनस्पतिहरू पाउनुका साथै विभिन्न प्रजातिका अमूल्य जडीबुटीहरू पनि प्रशस्त पाइन्छन्। हाम्रो यस चुरे क्षेत्रमा पातलो वस्ती रहेको छ। यहाँ आवतजावत गर्न पूर्व-पश्चिम राजमार्गको बढी प्रयोग गरिन्छ। यो राजमार्गमा साना-ठूला सडक मार्गहरु जोडिएका छन्।

यो चुरे पर्वत श्रृंखला हाम्रो नेपालको लागि अति नै महत्वपूर्ण छ। यो क्षेत्र आकर्षक तथा मनोरम दृश्यले भरिपूर्ण पर्वत श्रृंखला हो । चुरे पर्वत श्रृंखलामा विभिन्न प्रकारका वनस्पतिहरू भएकाले वन्यजन्तु र पशुपक्षीहरूको लागि व्यवस्थित वासस्थानको रूपमा धेरै महत्वपूर्ण छ । यो क्षेत्र पुरातात्विक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले पनि प्रख्यात छ । त्यसैकारण हाम्रो तराईबाट तथा भारतका विभिन्न प्रान्तहरूबाट धेरै भ्रमणकर्ताहरू घुम्न आउँछन ।

पर्यटक आउँदा विदेशी मुद्रा आर्जन हुन्छ। देश विकासमा सघाउ पुग्छ। त्यसकारण चुरे पर्वत श्रृंखला महत्वपूर्ण रहेको छ। चुरे क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन्। यसबाट देशमा औषधी उत्पादन गर्न सकिन्छ। यही औषधी उत्पादनमा रोजगारी मिल्छ। हाम्रो देशको विकास छिटो हुनसक्छ। यो चुरे क्षेत्रमा मुख्य गरी धान, मकै, गहुँ, जौ, फापर, कोदो इत्यादि उब्जाइन्छ। यस क्षेत्रको हरियो वातावरण कै कारण हाम्रो नेपालको तापक्रम कम गर्न सहयोग पुग्नुको साथै तथा जीवजन्तु र पशुपक्षीको लागि अनुकूल वातावरण रहेको छ ।

आज विभिन्न कारणले गर्दा चुरे पर्वत श्रृंखला मासिंदै गइरहेको छ । चुरे क्षेत्रको वरीपरिबाट ढुङ्गा, बालुवा, गिट्टी, कङ्कड, उत्खनन गर्नाले यसको अवस्था धेरै कमजोर भएर गइरहेको छ। यस वरीपरिका प्राकृतिक सम्पदाहरू चोरी-निकासी गरी अन्यत्र पैठारी गर्नाले समय-समयमा प्राकृतिक प्रकोप जस्तैः बाढी, भूक्षय, पहिरोले धेरै क्षति भइरहेको छ । चुरेका वनजङ्गल फडानीका कारण वन्यजन्तुहरू पनि लोप भएर गइरहेका छन् । बनजङ्गल कटानी गर्नाले अक्सिजनको कमी भई तापक्रम वृद्धि भई नकारात्मक असर पर्न सक्छ। जथाभावी स्रोतको उत्खनन् गर्नाले पहिरो आउँदा ढुङ्गा, माटो, बालुवा बगेर गई तराई क्षेत्रको जमिनको उर्वराशक्ति घटाउँछ। बाढीका कारण तराईतिरका सानो कुलो पनि ठूलो नदीमा परिणत भएको देखिन्छ। जलचक्र प्रकृया पुरा नभई, पानी नपरी खेतीपातीमा लगाइएका अन्नबाली राम्ररी सप्रन सक्दैनन् । खाद्यान्नको अभाव हुन्छ । यस क्षेत्रमा अवैध शिकारका कारण जीवजन्तुहरू तथा पशुपक्षीहरूको अवस्था धेरै दयनीय हुँदै गइरहेको छ । यो क्षेत्र विनाशका कारण पानीका मुहानहरू सुकेर गई खडेरी पर्ने अवस्थामा आएका छन्। यहाँ सबै प्राकृतिक सम्पदाको विनाशका कारण चुरे क्षेत्र मरुभूमि बनेर जाने अवस्थामा छ ।

अतः चुरेको संरक्षण गर्नु अति जरूरी छ । यो क्षेत्रमा रहेको बालुवा, ढुङ्गा, गिट्टी जस्ता प्राकृतिक सम्पदाहरू उत्खनन कार्यहरूमा रोक लगाई यो सबै काम गर्ने अपराधीहरूलाई कडा सजाय दिनु आवश्यक छ । यहाँ रहेका बनजङ्गल विनाश गर्नु हुदैन भन्ने बारे सरकारले जिल्लाका गाउँघरमा जनचेतना जागृत गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । यो क्षेत्रमा रहेका जडीबुटीहरूलाई राम्ररी संरक्षित गरी आफ्नो देशमा नै सदुपयोग गर्नुपर्छ । यहाँ रहेका वन्यजन्तु तथा वनस्पति र चराचुरुङ्गीहरूको अवस्था सुधार्न र बचाउन त्यस क्षेत्रमा आरक्षण, राष्ट्रिय निकुञ्ज लागू गर्नुपर्छ । यहाँका वनजङ्गल विनाश रोक्नुपर्छ । वृक्षारोपण गर्नुपर्छ । हामीहरूले यस क्षेत्रमा  रहेका प्राकृतिक सम्पदा र धार्मिक सम्पदाहरूको सुरक्षा गर्नुपर्छ । यस क्षेत्रमा रहेका खराब कामहरू रोक्न यहीँका जनताहरू मिल्नुपर्छ । यो वातावरणमा अक्सिजन ग्याँसको मात्रा सन्तुलन हुँदा मानिस तथा पशुपक्षीहरूलाई बाँच्न अति राम्रो अनुकूल वातावरण बन्नसक्छ । जसकारण हाम्रो भावी पिंढीहरूलाई समेत केही समस्याहरू उत्पन्न हुन सक्दैनन् । वास्तवमा चुरे क्षेत्रको सुरक्षा गर्नु हामी सबैको साझा दायित्व हो । हामीले यसलाई बचायौं भने यसले हामीहरूलाई बाँच्न धेरै सहयोग गर्दछ । यो क्षेत्र संरक्षित हुँदा पर्यटक लोभ्याएर विदेशी मुद्रा आर्जन हुनसक्छ । प्राकृतिक प्रकोप जस्तैः भूक्षय, पहिरो, बाढी प्रकोपहरू कम आउछन् । यो हामी सबैको साझा सम्पत्ति भनेर बुझ्नुपर्छ । यसको संरक्षण प्रति चासो बढाउनुपर्छ । अनि मात्र यसको संरक्षण राम्ररी हुनसक्छ ।

# “चुरे संरक्षण आजको आवश्यकता”

**मंजय कुमार प्रजापति, कक्षा - १० (दश)**
श्री ने.रा.मा.वि. नगवा, पर्सा
**द्वितीय स्थान प्राप्त**

हिमालको सेता फेटा, पहाडको हरियो भोटो र तराईको पहेलो कछाड फेरेर बसेको हाम्रो देश हाम्रो मुटुको टुक्रा हो। हाम्रो नेपाल धर्ती प्रकृतिका सौन्दर्य छटाले भरिपूर्ण भएको एक विछट्टै सुन्दर देश हो । नेपाल प्रकृतिदेवीले आफ्ना पर्वतस्तनहरूबाट अविरल दुग्ध जल वर्षाइरहेको मनोरम मुलुक हो। आफ्ना अंगप्रत्यङ्गबाट प्रस्फुटित यौवनका मादक लहरहरू लहराउँदै विदेशी पर्यटकहरूको हृदयलाई आफूतिर आकर्षित गरिरहेको मुलुक हो यो। हाम्रो देशलाई सिंगार्ने र देशवासीलाई लालन-पालन गर्ने प्राकृतिक सम्पदाहरू थुप्रै छन् । त्यस्ता प्राकृतिक सम्पदाहरूमा वन, जल, खनिज पदार्थ र पर्वत प्रमुख रूपमा रहेका छन् ।

हाम्रो देशमा प्राकृतिक सम्पदाहरूले भरिपूर्ण मध्ये सबैभन्दा विशिष्ट रूपमा रहेको उपहार चुरे क्षेत्र रहेको छ । चुरे क्षेत्रबाट विभिन्न नदीनालाहरू बगेर जान्छन् । चुरे क्षेत्रको पानीले तराईको उर्वर भूमि सिंचित गर्दछ। नेपालको कुल भू-भाग मध्ये १२.७८ प्रतिशत चुरे क्षेत्रले ओगटेको छ। उहिले चुरे बाक्लो वनले ढाकिएको थियो। जब मानिसहरू बसाँई-सराइ गरेर चुरेमा बसोवास गर्न थाले चुरेमा निकै दबाब बढ्न थाल्यो। यसको उचित संरक्षणमा राज्यको उचित ध्यान जान सकेको छैन।

पछिल्लो समयमा चुरे क्षेत्रको संरक्षणको लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरिएको छ। यसले चुरे क्षेत्रको विभिन्न जिल्लामा संरक्षण सम्बन्धी विभिन्न क्रियाकलापहरू गरिरहेको छ। पछिल्लो समयमा चुरेमा काठ, ढुङ्गा, माटो, गिट्टी आदि अवैध व्यापार गर्नेहरूको कारण यो क्षेत्र अति संवेदनशील बन्दै गइरहेको छ। खासगरी यो क्षेत्रलाई समयमै उचित संरक्षण गर्न सकियो भने यसले हाल बसोवास गरिरहेका चुरेवासीको उचित व्यवस्थापन गर्न पनि मद्दत गर्नेछ। चुरेको विनाशले चुरे क्षेत्रको जङ्गलमा बस्ने पशुपक्षीहरू र जनावरहरूलाई प्रतिकुल असर गरेको छ। त्यसकारण चुरे क्षेत्रको संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। चुरे क्षेत्रको संरक्षण सम्बन्धी योजना र नीति बनाउनु पर्दछ। बनेका नीतिको कार्यान्वयन गर्नुपर्छ। बढी वृक्षारोपण गरेर हरियाली बढाउनुपर्छ।

# “चुरे संरक्षण आजको आवश्यकता”

**छवि प्रसाद खवास, कक्षा - १० (दश)**
श्री ने.रा.मा.वि. सियरही, पर्सा
**तृतीय स्थान प्राप्त**

नेपाल भौगोलिक रूपमा सानो भए तापनि प्राकृतिक रूपमा सुन्दर र विशाल छ । नेपालको भू-बनोटलाई हिमाल, पहाड र तराईमा बाँडिएको छ । चुरे तराईको उत्तर र महाभारत पर्वत श्रृङ्खलाको दक्षिणतर्फपर्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको पर्वतमालालाई चुरे पर्वत भनिन्छ । यसलाई सामान्यतया चुरिया वा चुरे पर्वत भनिन्छ । तापनि दाङ्ग, देउखुरी क्षेत्रमा डुँडवा, वाग्मती नदी पूर्व भटवाना चुरे र कोशी नदी पूर्व चुलाचुली भनिन्छ । भारतमा यसलाई शिवालिक पर्वतमाला र बर्मामा इरावती पर्वतमाला भनिन्छ । बलौटे ढुङ्गा, रोडा, कंकड, बालुवा आदि मिश्रित भई बनेको चुरे पर्वत महाभारत र हिमाल पर्वतहरू भन्दा कम खँदिलो हुनुको साथै माटो पूर्णरूपले विकसित नभएको हो । प्लेईस्टोशिन युगमा निर्माण भएको मानिने चुरे पर्वत पूर्वमा होचो तर पश्चिमतर्फ क्रमशः अग्लिदै गएको पाइन्छ । नेपालका चारकोसे झाडी पनि चुरे क्षेत्रमा नै रहेको छ ।

चुरे क्षेत्र नेपालका लागि वरदान हो भन्ने कुरा प्रमाणित भएको छ । यस क्षेत्रले तराईबाट अर्थात् दक्षिण बाट बगेर जाने मनसुनी हावालाई छेकेर पानी पार्नुमा मद्दत गर्छ । हिमालबाट आएका नदीहरूको पानीका बहाव छेकेर गतिलाई सीमित गर्छ जसले गर्दा तराईमा भू-क्षय हुनबाट जोगिन जान्छ । उहिले चुरे भएर बगेको नदीहरूले ल्याएका मलिलो माटो तराईमा थुप्रिन गई तराईमा अन्न उत्पादन बढी हुने गर्थ्यो । त्यसैले त तराईलाई अन्नको भण्डार पनि भनिन्छ । त्यति मात्र होइन, वर्षा ऋतुका अगाडि पछाडि तराईमा कृषि कार्य गर्नका लागि सिंचाईका निम्ति आवश्यक पर्ने पानीका स्रोतहरू पनि चुरे पर्वतबाट नै निस्किएका छन् ।

चुरेकै पानी मूल फुटेर तराईमा कुलो भई बग्दछ । चुरे लाखौं जङ्गली जीवजन्तु र पशुपक्षीको वासस्थान पनि हो । ती जीवजन्तु, पशुपक्षी र वनस्पतिहरूले हाम्रा वातावरण संरक्षणमा प्रमुख भूमिका निर्वाह गर्दछन् । चुरेको हरियालीले अक्सिजन प्रदान, जडीबुटी, घर बनाउनका लागि काठ, खाना पकाउनका लागि दाउरा, गाई भैंसीका लागि घाँस स्याउला आदि उपलब्ध गराएको छ । चुरेको सुन्दर

दृश्यले विभिन्न देशहरूबाट आएका विदेशी पर्यटकहरूको मन लोभ्याएको छ । यसले पर्यटन व्यवसायमा पनि महत्वपूर्ण भूमिका खेलेको छ । चुरे क्षेत्रमा रहेका वन्यजन्तु, चिरविर गरी बोल्ने चराचुरुङ्गी र अनेकन् प्रकारका वनस्पतिले विभिन्न पर्यटकहरूलाई आकर्षित गरेका छन् । चुरे क्षेत्रमा पाइने काठ, जडीबुटी विदेशमा निर्यात गरी देशको आर्थिक विकास गर्न सकिन्छ । यति महत्व बोकेको चुरेक्षेत्र दिन प्रतिदिन विनाशतर्फ लम्किदै छ । यस्तो फाइदाजनक क्षेत्रलाई मान्छेको व्यक्तिगत स्वार्थले छोडेको छैन । ती मध्ये प्रमुख कारण बनजङ्गलको महत्वलाई नबुभ्नु वा जनचेतनाको कमी हो । जनचेतनाको कमीले गर्दा चुरे क्षेत्रको विनाश हुँदैछ । अर्को कारण कानूनको अभाव र कार्यान्वयनको कमी हो । हाम्रो देशको वनरक्षक कै मिलेमतोमा वन्यजन्तु, जडीबुटी र बहुमूल्य काठहरू दिन प्रतिदिन तस्करी भएको छ । नियम लागू भए पनि पैसाको बलले त्यो नियम कानून फितलो हुनजान्छ । तल्लो तहदेखि माथिल्लो तहसम्मका व्यक्तिहरूको भ्रष्टाचारी प्रवृत्ति पनि चुरे क्षेत्रका विनाशका कारण हुन् । विभिन्न सङ्घसंस्थाले चुरेको संरक्षण गर्ने जिम्मा लिए पनि चुरेको विनाश रोकिएको छैन ।

चुरे क्षेत्र मासिन गयो भने हामी र हाम्रो देशका लागि ठूलो असर पर्न जान्छ । चुरेको विनाश हुँदा पानीको मुहान सुक्ने, खडेरी पर्ने, बाढी, भूक्षय जाने, पहिरो जाने, घाँस, दाउरा र स्याउलोको अभाव हुने, अक्सिजनको कमी भई पृथ्वीमा ओजन तह पातलिंदै जाने हुन सक्छन् । फलस्वरूप चर्को गर्मी हुनु जस्ता समस्याहरू देखा पर्दछन । यसका साथै नेपालमा पर्यटकको संख्यामा कमी आउँछ । पर्यटन व्यवसायबाट हुने आर्थिक लाभ लिन सकिदैंन् ।

चुरेको संरक्षण आजको आवश्यकता भएको छ । हामीले हाम्रो लागि मात्र नभएर आफ्ना सन्ततिहरू प्रति पनि ध्यान दिनु जरूरी छ । हामीहरू आजै देखि चुरियाको संरक्षणमा जुट्नुपर्छ । हामी आफैं जागरुक भयौं भने कुनै सङ्घ-संस्थाको पनि आवश्यकता पर्दैन । जनचेतनाको कमी हुने ठाउँमा जनचेतना फैलाऔं । नियम पालना नगर्नेलाई कडा सजाय दिलाउनेतर्फ लागौं । कर्मचारीहरूले आफ्ना कर्तव्य वा दायित्व बुझ्नुन् । सरकारले पनि यसका बारेमा ध्यान पुऱ्याओस् र आवश्यक बजेटको खर्च गरी चुरेको संरक्षण गरोस् । नेपाल सरकारले चुरेको महत्वलाई बुझी संरक्षणकै लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको छ । हामी पनि चुरेको संरक्षणमा सहभागी बनौं । चुरेको संरक्षण गर्नु भनेको हामीले आफ्नो जीवनको संरक्षण गर्नु हो ।

# "चुरे संरक्षणमा विद्यार्थीको भूमिका"

**शिशिर तामाङ, कक्षा - १० (दश)**
श्री महेन्द्र उच्च माध्यमिक विद्यालय, छत्तिवन - ६, मकवानपुर
**प्रथम स्थान प्राप्त**

समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको उचाईमा रहेको र नेपालको तराई प्रदेशलाई काखमा लिएको चुरे पर्वत क्षेत्र नेपालको होचो पर्वत हो । यो पर्वत नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यस पर्वतलाई कोशी भन्दा पूर्व चुलाचुली पर्वत भनेर पनि चिनिन्छ । नेपालका चुरे पर्वत अहिले विनाश हुने अवस्थामा छ । यो चुरे पर्वत प्राकृतिक प्रकोपले मात्र नभई मानिसका विभिन्न क्रियाकलापबाट पनि जोखिममा परेको छ । यसको संरक्षण गर्न पहिले निजगढका युवाहरूले पर्यावरणीय सन्तुलन रहोस् भनी शान्तिपूर्ण तरिकाले कार्यक्रम सञ्चालन गरेका थिए । आज चुरे पर्वत संकटमा परेको छ । चुरे क्षेत्रका स्रोतहरूबाट के लाभ हुन्छ भनेर जानेका मानिसहरूले नै चुरे क्षेत्रलाई अतिक्रमण गरिरहेका छन् । यसैगरी अशिक्षित मानिसहरूद्धारा गरिने विभिन्न कार्यहरू जस्तैः जथाभावी चरिचरन, वनफडानी, वस्ती बिस्तार, प्राकृतिक स्रोत बेचविखन गरी धनी बन्ने सोचले आज चुरेको विनाश हुने क्रममा छ । हामी सम्पूर्ण विद्यार्थीहरूले आफ्नो स्थानीय सामुदायिक वनसंग मिलेर समाजमा जनचेतना फैलाउनुपर्छ । सामुदायिक वनसंग मिलेर वृक्षारोपण गर्नुपर्छ । चरिचरन बन्द, डढेलो नियन्त्रण गर्नुपर्छ । चुरेमा वस्ती बिस्तार बन्द गर्नुपर्छ । हामी विद्यार्थीहरू जनचेतना फैलाउने कार्यमा लाग्नुपर्छ ।

चुरे संरक्षणका लागि नेपाल सरकारले आर्थिक बर्ष २०६६/६७ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम भनी नयाँ कार्यक्रम लागू गरेको थियो । तर राष्ट्रले मात्र यस क्षेत्रमा कदम चालेर वा चासो लिएर केही हुनेवाला छैन् । यस कार्यक्रममा हामी विद्यार्थी मात्र नभई देशका सबै नागरिक अघि बढ्नु पर्दछ । नत्र हाम्रो देशको अन्नभण्डारको रूपमा चिनिएको तराई प्रदेशको भविष्य राम्रो हुने छैन् । तराईमा रहेको अधिकांश भागहरू चुरेको विनाशवाट वगरमा परिणत हुने सम्भावना छ । चुरे विनाशले तराई क्षेत्र डुवानमा पर्नेछ । भौतिक संरचनाहरू भत्किने सम्भावना रहेको छ । त्यसैले हामी तराईवासी, विद्यार्थी र नेपालका सम्पूर्ण नागरिक मिलेर चुरे संरक्षण कार्यक्रममा लाग्नु अति जरुरी छ ।

चुरे क्षेत्रको संरक्षणमा विद्यार्थीहरूले आफ्नोतर्फबाट ठूलो भूमिका निभाउनु पर्दछ । यस क्षेत्रका सुरक्षा गर्न राष्ट्रले विशेष व्यवस्था गर्नुपर्दछ । चुरे क्षेत्रका स्रोतहरू बिक्री गरी धनी बन्ने कार्यलाई सरकारले रोक्नुपर्छ । विद्यार्थीहरूले राष्ट्रले बनाएका नीति नियम समुदायलाई जानकारी गराउन सक्छन् । विद्यार्थी भनेको एउटा सञ्चारको साधन जस्तै हो, जसले आफ्नो समाजमा संरक्षण सम्बन्धी जनचेतना फैलाउन सक्छ ।

चुरे क्षेत्र संरक्षण गर्न तराईवासीको सहभागिता हुन अति आवश्यक छ । तराईको भविष्य चुरेसंग जोडिएको छ । चुरेको संरक्षणमा सम्पूर्ण विद्यार्थीहरू सहित र तराईवासीहरू पनि एकजुट हुनु पर्दछ । चुरे क्षेत्र विनाशबाट बचाउन हामीले चुरे क्षेत्रका स्रोतहरू वढी मात्रामा उपयोग गर्न मिल्दैन । चुरे क्षेत्र अत्यन्तै कमजोर माटोले बनेको हुँदा यस क्षेत्रमा आकाशबाट झरेको पानी सिधै झर्न नदिन वृक्षारोपण गर्न अति आवश्यक छ । हामी विद्यार्थी र नागरिक समाज मिलेर चुरेको विनाश भनेको तराईको विनाश हो भन्ने बुझी चुरे क्षेत्रको संरक्षण कार्यक्रममा लाग्नु पर्दछ । चुरे क्षेत्रको संरक्षण कसरी गर्ने, के गर्दा यो क्षेत्र विनाश हुन्छ र विनाश भएमा यसले के असर पुऱ्याउँछ, यस क्षेत्रवाट के फाइदा हुन्छ आदि कुराहरू समुदायमा बुझाउनु पर्दछ । नेपाल सरकारले पाठ्यक्रममा समावेश गरी विद्यार्थीलाई चुरेको दिगो विकास नै तराईको समुन्नति हो भन्ने शिक्षा दिनु राम्रो हुन्छ ।

# "चुरे संरक्षणमा विद्यार्थीको भूमिका"

**अञ्जली चौधरी, कक्षा -१०(दश)**
श्री महेन्द्र उच्च माध्यमिक विद्यालय, छतिवन - ६, मकवानपुर
**द्वितीय स्थान प्राप्त**

नेपाल एक भू-परिवेष्ठित राष्ट्र हो, जहाँ धेरै हिमाल, पहाड र पर्वतहरू रहेका छन् । चुरे नेपालमा रहेको सबैभन्दा होचो पर्वत हो । यसको संरक्षणका लागि धेरै कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यो नेपालको पहाडी श्रृंखलाको दक्षिणमा अवस्थित रहेको छ। यो क्षेत्र बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपले बढी प्रभावित छ। चुरेको विनाशले गर्दा अन्नको भण्डारका रूपमा चिनिने तराई क्षेत्र मरूभूमिकरण हुँदै गएको छ ।

चुरे क्षेत्र जोगाउनको लागि विद्यार्थीको पनि महत्वपूर्ण भूमिका रहेको छ। विद्यार्थी भनेको मानव जीवनमा एउटा असल कुरा सिक्ने समय हो । उनीहरूले अहिलेदेखि नै आफ्नो सोचमा बसाएको कुराले चुरे संरक्षणमा सजिलो हुन्छ र भोलि सम्पूर्ण नेपाललाई परिवर्तन गर्न सक्छन्। नेपालमा करिब १ करोड १८ लाख विद्यार्थीहरू रहेका छन् । यदि तिनीहरूले १-१ वटा बिरूवा रोपेर संरक्षण गर्न सक्ने हो भने पनि यो देश हरियो नेपालको रूपमा परिचित हुनेछ । उनीहरूले आफ्नो गाँउ समाजलाई समेत चुरे संरक्षण कार्यमा संलग्न गराउन सक्छन्। हरेक विद्यार्थीले आफ्नो क्षेत्रको व्यक्तिहरूलाई मात्र सचेत गराए पनि यो नेपाल राम्रो हुनेछ। विद्यार्थीहरूले आफ्नो स्थानीय क्षेत्रमा रहेका कार्यालयसंग मिलेर चुरे क्षेत्रको संरक्षणमा सहयोग गर्न सक्छन्। आफ्नो गाँउ क्षेत्रमा चुरे संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्छन्। सूचना फैलाउन सक्छन् । हामीले वनविनाश गर्नु हुन्न, बोट-बिरूवा रोप्नु पर्छ । वनफडानी गर्नु हुन्न, यस्तो गरेमा हाम्रो समाज र हाम्रो देशलाई धरै नोक्सान हुन्छ भनेर विद्यार्थीहरूले गाँउमा अशिक्षित व्यक्तिलाई जानकारी दिन सक्छन् । विद्यार्थीहरूले आफ्नो छिमेकी व्यक्तिहरूलाई सिकाउन सक्छन्। चुरेको विनाशबाट हुने प्राकृतिक प्रकोपको बारेमा समुदायलाई सिकाउन सक्छन् । अहिले प्राकृतिक प्रकोप भन्दा बढी मानवीय क्रियाकलापबाट चुरे संकटमा छ ।

नेपालमा तराई क्षेत्र नकारात्मक अन्नभण्डारको रूपमा चिनिन्छ । मानवीय क्रियाकलापको कारण तराई संकटमा छ। यदि एक व्यक्तिले मात्र म चुरे संरक्षण

गर्छु भन्यो भने सम्भव हुँदैन । यस कार्यको लागि व्यक्तिहरू संगठित हुन आवश्यक छ । विद्यार्थीले सबैलाई यस कार्यको लागि संगठित गर्न सक्छन् । हरेक व्यक्ति यो कार्यमा संगठित हुँदैन तर शिक्षित अलि पढेका व्यक्ति भए यो कार्यमा संलग्न हुन्छन् । चुरे र भावर क्षेत्रको संरक्षण गर्ने जिम्मा सबै नागरिक माथि हुन्छ भन्ने कुरा बुझाउन विद्यार्थीहरुले अभियान चलाउन सक्छन् । सरकारी तहमा नेपालमा आर्थिक वर्ष २०६६/६७ देखि संचालित चुरे क्षेत्र संरक्षण कार्यक्रमले पनि यो सम्बन्धी धेरै कार्य गरेको छ ।

अब चुरे क्षेत्रको संरक्षण गर्ने कार्य विद्यार्थीको पनि हो । आफ्नो गाँउ-समाजको सोचमा परिर्वतन ल्याउने काममा विद्यार्थीहरू लाग्नु पर्दछ नत्र तराई क्षेत्रलाई जोगाउन सकिन्न । चुरेको कटानका कारण तराई क्षेत्र मरूभूमि हुनसक्छ । विद्यार्थी भनेको अहिले असल कुरा सिक्ने सही समय हो । भोलिको भविष्य असल विद्यार्थीमा निर्भर हुनेछ । चुरे क्षेत्र संरक्षणमा आफ्नो गाँउ घरमा गई यो सम्बन्धी सही सूचना दिन सक्छन् । चुरे क्षेत्र संरक्षणमा कति कार्य अहिले पनि विद्यार्थीहरूले गरिरहेका छन् । बोट बिरूवा रोप्नु, वनविनाश नगर्नु, खुल्ला चरिचरन नगर्नु, वन कटानी नगर्नु जस्ता कार्य विद्यार्थीहरूले नाटक, गीत, निबन्धबाट सिकाउन सक्छन् ।

# "चुरे संरक्षणमा विद्यार्थीको भूमिका"

**मनिषा सुबेदी, कक्षा - १० (दश)**
श्री बालबोध उच्च माध्यमिक विद्यालय, हेटौंडा - २२, मकवानपुर
**तृतिय स्थान प्राप्त**

चुरे क्षेत्र शिवालिकको रूपमा पनि परिचित छ । चुरे क्षेत्र प्राकृतिक सम्पदाको दृष्टिकोणले एउटा महत्वपूर्ण क्षेत्र हो । चुरे पर्वत श्रृंखला नेपालको पूर्वमा ईलामदेखि पश्चिममा कञ्चनपुरसम्म फैलिएको छ। यो क्षेत्र समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा पर्दछ । यसले नेपालको कूल भू-भाग मध्ये १२.७८% भू-भाग ओगटेको छ। यो क्षेत्रमा भित्री मधेश वा दुन क्षेत्र समेत पर्दछ। यो क्षेत्र जङ्गलले भरिपूर्ण छ। चारकोसे झाडी यसैमा पर्दछ। चुरे क्षेत्रमा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति आदि मान्ने मानिसहरू बसोवास गर्दछन्। चुरे हुँदै उत्तरबाट बगेर आउने नदीले बगाएर ल्याउने मलिलो माटोको कारण तराईमा राम्रो उब्जाउ हुन्छ। सदावहार वनजङ्गलका कारणले यहाँ धेरै किसिमका वन्यजन्तुहरू पाइन्छन् । नीम, हर्रो, बर्रो जस्ता जडीबुटीहरू पनि यस क्षेत्रमा पाइन्छन् । यस क्षेत्रका मानिसहरू काठ सम्बन्धी पेशामा लागेका छन् । यहाँ धेरै क्रसरहरू सञ्चालन भएका छन्। उद्योगहरूलाई चाहिने ढुङ्गा चुरेबाट प्राप्त गर्छन्। विभिन्न कामको लागि माटो, बालुवा र गिट्टीहरू पनि संकलन गर्छन् ।

चुरे क्षेत्रमा मानिसहरूको वस्ती बाक्लिदै गएको हुनाले दाउरा, स्याउला, काठ आदिका लागि जङ्गलहरू फाडिंदै गएका छन्। जङ्गल फडानीका साथै अनियन्त्रित रुपमा ढुङ्गा, गिट्टी, बालुवा उठाउने गरेकोले मानिसहरू बाढी, पहिरो र भूक्षय जस्ता प्राकृतिक प्रकोपहरूलाई झेल्न बाध्य भएका छन् । वनजङ्गल विनाशका कारण जडीबुटीहरू मासिरहेका छन्। जङ्गली जीवजन्तुहरू लोप हुँदै गएका छन्। भूक्षयका कारण जमिनको उर्वराशक्तिमा ह्रास भइरहेको छ एवं कृषि उत्पादन घटिरहेको छ । मानव वस्ती र खेतीपातीका लागि वनहरू फडानी गरि रहेका छन् । चुरे क्षेत्रमा आज भोलि निकै समस्याहरू देखि रहेका छन्। घना वस्ती, वनजङ्गल फडानी, वन्यजन्तुहरू मार्ने आदि चुरे क्षेत्रको मुख्य समस्याहरू हुन् । यस्ता समस्याहरू सामाधान गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू लागिपर्नु जरूरी छ। यस क्षेत्रको संरक्षणमा विद्यार्थीहरूले पनि ठूलो भूमिका खेल्न सक्छन्। रुख बिरूवाहरू काटेको ठाउँमा र बाँझो जग्गामा विद्यार्थीहरूले वृक्षारोपण

कार्यक्रमको आयोजना गर्न सक्छन् । वातावरण संरक्षण सम्बन्धी नाटकहरू तयार पारी सडक नाटकहरूबाट मानिसहरूलाई चेतना दिन सक्छन् । क्रसर सञ्चालनका लागि गिट्टी, बालुवा उठाउने जस्ता कार्यहरूलाई विद्यार्थीहरू मिलेर रोक्न सक्दछन् । वन्यजन्तु मार्ने, वनविनाश गर्ने, काठ तस्करी गर्ने मानिसहरूलाई खबरदारी गरी त्यस्ता व्यक्तिहरूलाई कडा सजाय दिन विद्यार्थीहरू मिलेर सरकारलाई दबाब दिन सक्छन् । यसरी विद्यार्थीहरूले चुरे क्षेत्र संरक्षणमा ठूलो सहयोग पुऱ्याउन सक्छन् ।

चुरे क्षेत्रको संरक्षण हुँदा धेरै पर्यटकहरू आकर्षित गराउन सकिन्छ । देशको आर्थिक उन्नतिमा पर्यटन व्यवसायले सहयोग पुऱ्याउन सक्छ । सरकारकोतर्फबाट धेरै नीति, नियमहरू बनाएको भए तापनि त्यसको पालना नभएको हुनाले नीति नियमको पालन गर्न विद्यार्थीहरूले मानिसहरूलाई आग्रह गर्नु पर्दछ । यति गर्न सकेमा पनि चुरे क्षेत्रको संरक्षण हुन सक्दछ । त्यसैले हामी सबै विद्यार्थीहरू मिलेर हाल स्थापना भएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिलाई सफल पार्न लाग्नु पर्दछ ।

## चितवन जिल्ला

# "राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्थापना र यसको औचित्य"

**आभाष भण्डारी, कक्षा - १० (दश)**
श्री सनराइज इङ्ग्लिस स्कुल, भरतपुर, चितवन
**प्रथम स्थान प्राप्त**

हिमालयको कान्छो तथा होचो पर्वत श्रेणीका रूपमा चिनिन्छ, चुरे श्रृंखला । महाभारत पर्वत श्रृंखलाको दक्षिण र तराई प्रदेशको उत्तरतर्फ अवस्थित यस श्रृंखलालाई शिवालिक पर्वत पनि भन्ने गरिन्छ । नेपालको कुल भू-भाग मध्ये १२.७८ प्रतिशत ओगटेको यो श्रृंखला ३६ जिल्लामा फैलिएको छ। चुरे क्षेत्र खनिज, जैविक विविधता, सदा हरित वनसम्पदा तथा सौन्दर्यको खानी हो । वनजङ्गलमा जीवजन्तुको लुकामारी सँगै कोइलीको स्वरमा नृत्य पस्कने मयुरको मनोरम दृश्यको कारण आकर्षणको केन्द्र बनेको छ चुरे क्षेत्र । भौगर्भिक हिसाबले हेर्ने हो भने चुरे क्षेत्रको जमिन बालुवा, स्लेट, चुनढुङ्गा आदि जस्ता कलिला पदार्थहरूको संयोजनबाट बनेको छ। आजका दिनमा चुरे क्षेत्रबाट हुने ढुङ्गा, बालुवा तथा अन्य मूल्यवान वस्तुहरूको अवैध तस्करीका कारण देखा पर्ने नकारात्मक असर प्रति सबैको ध्यानाकर्षण बढेको छ ।

चुरे क्षेत्रबाट अवैध रूपमा हुने पदार्थहरूको तस्करी र खनिजहरूको असामान्य प्रयोग अहिले राष्ट्रिय समस्या बनेका छन् । सडक, भवन, बाँध, पुल आदि जस्ता भौतिक पूर्वाधारहरूको निर्माणका निमित्त चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता खनिजहरू झिक्ने काम हुन्छ । यसरी निकालिने खनिज पदार्थ वैधानिक मात्रामा भन्दा धेरै ठूलो मात्रामा अवैधानिक रूपमा निकासी हुन्छ। चुरे क्षेत्रमा देखा परेको अर्को प्रमुख समस्या हो वनविनाश । जथाभावी रूपमा लागाइने आगो तथा काठ-दाउराहरूको चोरी तस्करीका कारण अहिले चुरे क्षेत्रको वनफडानी उच्च दरमा भइरहेको छ। बढ्दो वनविनाशका कारण कयौं जीवजन्तुहरूको अस्तित्व माथि नै प्रश्नचिन्ह लाग्ने संकेत देखिएको छ । संरचना निर्माणका नाममा मनपरी रूपले स्रोतहरूको प्रयोग गर्नु आफ्नै खुट्टामा बन्चरो हान्नु सरह हो। स्रोतहरूको अव्यवस्थित प्रयोगका कारण निम्तिने दुर्घटनाहरूको उदाहरण हामी माझ जाज्वल्यमान छन् । पुलमुनीबाट कयौं टन ढुङ्गा, गिट्टी, बालुवाको जथाभावी निकासीले गर्दा धनुषा र महोत्तरीको साँघमा रहेको रातु खोला माथि पुल नै भासिएको थियो । त्यसैगरी,

वर्षायाममा बाढी, पहिरो जस्ता घटनाले चुरे क्षेत्र नकारात्मक रूपले प्रभावित हुन्छ । नदीहरू दिशा फेरिदिन्छन् । यसका कारण जमिनको उर्वराशक्ति घटनुको साथै उत्पादकत्वमा पनि कमी आउँछ । एक अध्ययन अनुसार चुरे क्षेत्रका करिब २० देखि ४० बिघा जमिन बर्षेनी नष्ट हुने गरेको छ । चुरे क्षेत्रमा देखिने यिनै समस्याहरूको निवारण गर्नुका साथै प्राकृतिकस्रोतहरूको प्रयोगलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले नै 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम' जस्तो औपचारिक अभियानको थालनी भएको हो । चुरे संरक्षण अहिले गम्भिर विषय बनेको छ । चुरे क्षेत्रमा देखिने समस्या तथा तीनको समाधानको पहिचान राष्ट्रिय स्तरबाट पनि गरिएको छ । हुन त चुरे संरक्षणका प्रयास पहिले पनि नगरिएका भने होइनन् ।

वि.सं २०२७ सालमा पञ्चवर्षिय योजनामा पनि चुरे संरक्षण कार्यक्रमबारे उल्लेख गरिएको थियो । तर विगतमा बनेका ती योजनाहरूको उचित कार्यान्वयन भने हुन सकेन । आर्थिक बर्ष २०६६/६७ मा तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपाल नेतृत्वको सरकारले राष्ट्रपति रामवरण यादवको समर्थनमा 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम' घोषणा गरेको थियो । यसका लागि बर्षेनी करोडौंको बजेट खर्च गरिन्छ । त्यसैगरी, 'वन तथा भू-संरक्षण मन्त्रालय' ले पनि चुरे संरक्षणका निम्ति आवश्यक ऐन कानूनको तर्जुमा गरी तीनलाई कार्यन्वयनमा ल्याउन सक्दो कोशिस गरिरहेको छ । यति मात्र नभई चुरे संरक्षणका निम्ति यून.एन.डि.पी., डब्लु.डब्लु.एफ., इको नेपाल, आदि जस्ता संस्थाहरू पनि कार्यरत छन् ।

राजनीतिक अन्यौल, बढदो जनसङ्ख्या, अव्यवस्थित बसोवास, वनक्षेत्रमा हुने चोरी चकारी आदि चुरे क्षेत्रमा देखा पर्ने समस्याका मुख्य कारण हुन् । आजसम्म गरिएका प्रयासहरू चुरे संरक्षणका निम्ति पर्याप्त छैनन् । अब सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय समुदाय मिलेर संरक्षण कार्य अघि बढाउनु पर्छ । 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' ले पनि तीव्रताका साथ आफ्नो कार्यविधि पुरा गरिरहेको छ । वृक्षारोपण, जनचेतनामूलक कार्यक्रमहरूको आयोजना, सामुदायिक वन व्यवस्थापनमा सुधार आदि यस अभियानले सञ्चालन गर्ने प्रमुख कार्यक्रमहरू हुन् । चुरे क्षेत्र अन्तर्गतका विभिन्न स्थानहरूको अध्ययन गरी त्यस क्षेत्रको स्तरोन्नतिका लागि दीर्घकालिन योजनाहरूको तर्जुमा गर्नु आवश्यक देखिन्छ । त्यसैगरी चुरे क्षेत्रमा पर्ने विभिन्न स्थानहरूको प्राकृतिक अवस्था बारे अनुसन्धान

गरी तीनलाई छुट्टै संरक्षण केन्द्रका रूपमा स्थापित गर्नु पनि राम्रो युक्ति बन्न सक्छ ।

अन्त्यमा, चुरे प्राकृतिक, सामाजिक, आर्थिक तथा पर्यटकीय महत्व बोकेको पहाडी श्रृंखला हो । यसको संरक्षणका निम्ति प्रवल तथा असरदायी कदम चाल्नु आवश्यक छ । तर संरक्षणका नाममा चुरे क्षेत्रमा उपलब्ध भएका स्रोतहरूको प्रयोग ठप्पै पार्ने भन्ने होइन । महत्वपूर्ण कुरा के हो भने चुरे क्षेत्रमा हुने उत्खनन् कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्छ । ऐन कानून बमोजिमका कार्यहरू मात्र गरिनु पर्छ, विपरितका होइन । चुरे क्षेत्रबाट अवैध रूपमा हुने तस्करी तथा अन्य गैरकानूनी क्रियाकलापहरू माथि पूर्णविराम लगाउनु पर्दछ । नयाँ कार्यतालिका साथ संरक्षण कार्यमा जुट्नु सबैका लागि अपरिहार्य बनेको छ ।

# “राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्थापना र यसको औचित्य”

**Madhu Baral, class - 10 (Ten)**
Shree Laxmi Higher Secondary School
Lagalpur, Narayani Municipality - 10, Chitwan

Second position

Chure region has distinct geographical and bio-physical specifications, lying on the foothill of Himalaya. It is also known as ‘Siwalik’. It is the youngest mountain of the world which is formed by the deposition of river product around 50 lakh years ago. It is extended from East of Jhapa to West of Kanchanpur by covering 36 districts of Nepal. It covers the 12.78% of land of Nepal. It’s width is 350 metre to 45 kilo metre and the height of range is (120 – 1972) metre from sea level. It has fragile soil so it is highly suffered from landside erosion and other natural calamities which makes this Region more vulnerable. The rate of depletion of the natural resources of Churia range is increasing day by day. For example: deforestation due to natural as well as human induced factors on this region has an accelerated impact on livelihood. Degradation of watershed, lowering down of ground water and disturbance to the ecological balance in and around this region makes region more sensitive.

For the betterment of people and Churia range, there is a need to design workplan for the conservation and development of Churia forest resources. If we go through the history, Government of Nepal has implemented several policies and programs in the past. Although the past conservation programs have protected the natural beauty of some parts of region but there are still many parts of Churia range where much of the protection works have yet to be done. In the present context of Nepal, many programs and policies are implemented, none of these programs are effective by implemented, neither these programmes are able to control the green gold of Churia forest nor to create the participation of local people in the development of Churia forest area. The Government of Nepal has recently given more emphasis on the conservation of Churia forest and resources of forest through the initiation of “Rastrapati Chure Conservation Programme” since 2066/67 B.S.

However, the farmers of Chure range area have considered forest as an integral part of farming system since many years. The illegally settled farmers had made claims on the land of Churia range area and one of the mean reason for the depletion of resources of Churia range. About one fifth of the household income of Churia people come from the natural resources such as forest, trees, firewood and other available resources. It is found that most of the people get seasonal employment by selling the firewood. It is easy for farmers to cultivate land through the irrigation from rivers. We can also extract the medicinal herbs from the forest of Churia range.

With reference to above mentioned facts, we can say that Chure forest product helps in providing employment and income through establishment of environment friendly enterprises and development of integrated forest conservation models. Strengthening the institutional capacities of forest organization, activating concerned stakeholders, production of multipurpose goods and services according to local perspectives. Payment of environmental services and carbon sequestration are the opportunities that prevail in Chure area. Therefore considering these potentialities there is an urgent need to design common and result oriented long-term forest conservation strategies and their implementation with the view of contributing towards the promotion of wise use of Chure forest product and in order to uplift the economic status and livelihood of people through controlling environmental dagradation, mitigation of natural hazards, and through preventive measures against the impact of climate change. It should be participatory, sustainable and decentralized as well as collaborative in nature. Moreover, for implementing these policies, the involvement of government and other concerned authorities should be ensured in any such activity.

Despite the fact that, the Chure hill is the youngest hill and fragile in nature, it is not getting sufficient care and required management. It is facing different problems because of human induced disturbance and natural phenomenon. The policies are made to conserve Chure hill but there is no effective implementation of these policies mainly due to political as well as economical issues. Problems in Chure range are multidimensional in nature. Problems like unscientific resettlements and encroachment causes the destruction of the forest. Lack of local peoples participation in development and conservation of forest, lack of feeling of belongingness towards the resources of forest,

unmanaged extraction of sand and pebbles from the river, degradation of environment, lack of effective strategies toward conservation are the major problems of Chure region.

With the aim of solving these problems of Churia range, the government has initiated the programs ‘Rastrapati Chure Conservation Programme’. The main objective of this programme is to conserve the resources of Chure region and development of the region. The function like scientific and planned settlement, tree plantation, promoting public participation towards development and making effective strategies are conducted by this programme. Since its establishment, some positive changes have occurred in the environment of Churia range. Moreover, discouraging smuggling and poaching of wild animals and plants are also the function of this programme. The programme “Rastrapati Chure Conservation Programme” is considered as an important step towards Chure Conservation.

The above mentioned policies and programmes are implemented in order to ensure the conservation and development of Chure and its forest resources. In the present context of Nepal, it is most important to conserve natural beauty as the nature is giving punishment to the people for her depletion and degradation. People are degrading Chure and cutting its forests for their own selfishness. They do not care about nature and its balance. Now, the time has come to conserve the forest and increase greenery in Chure ranges. The Chure range must be conserved for natural beauty of Nepal. There should be the participation of people for conservation. There is close relationship between Chure and Tarai. So we should make the plan and policies for Chure conservation based on interlink between these two areas and the communities.

In conclusion, for effective implementation of policies there should political stability and no political dispute in the nation.

# “राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्थापना र यसको औचित्य”

**मार्टस द एटम गौतम, कक्षा - १० (दश)**
श्री नारायणी नमुना उ.मा.वि, भरतपुर, चितवन
**तृतीय स्थान प्राप्त**

**चुरेको परिचयः**

दक्षिण एशियाका ३ देशमा फैलिएको यो चुरे पूर्वमा भारतको ब्रह्मपुत्र नदीदेखि र पश्चिममा पाकिस्तानको इन्दुस नदीसम्म फैलिएको छ। नेपालमा पूर्वमा ईलामदेखि पश्चिममा कन्चनपुर जिल्लासम्म फैलिएको छ। नेपालको महाभारत पर्वत श्रृंखला भन्दा मुनिको शिवालिक पर्वतमालामा पर्ने चुरे क्षेत्र नेपालका लागि एउटा प्रमुख धनसम्पतिको स्रोत सावित भएको छ। हिमालय पर्वतको उत्पत्तिमा कान्छो पर्वत श्रृंखलाका रूपमा चिनिने गरिएको छ । तराईको समथर मैदानबाट माथि उठी महाभारत पर्वत श्रृंखलाको तल्लो भाग सम्म फैलिएको छ । नेपालमा ३ स्तरका नदी बग्दछन् जसमा चुरे क्षेत्रबाट उत्पत्ति भई वर्षायाममा ठूलो खोलाको रूपलिने तर हिउँदमा सुक्ने वा थोरै पानी बग्ने नदीलाई तेस्रो स्तरका नदी भनिन्छ। चुरे क्षेत्रले नेपालका ३६ जिल्लालाई छोएको छ । यसले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत अर्थात् लगभग १८,८१० वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ ।

यो क्षेत्र जलस्रोतमा मात्र नभई जैविक विविधतामा पनि उत्तिकै धनी छ । यस क्षेत्रमा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्षण, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्षण स्थापना भएका छन् । यहाँका जङ्गलमा हात्ती, गैंडा, बाघ जस्ता दुर्लभ जनावरहरूको बासस्थान रहेको छ । साल, सिसौ, खयर, सतिसाल जस्ता बोट-बिरूवाले भरिपूर्ण रहेको यो क्षेत्र नेपालका लागि वरदान सावित भएको छ ।

**चुरेसंग सम्बन्धित समस्याः**

चुरे क्षेत्रको जैविक विविधता नेपालका प्राकृतिक स्रोत मध्येमा सर्वाधिक महत्वपूर्ण स्रोत हो। नेपालमा अहिले विकास निर्माणमा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवा जस्ता सामग्रीको माग ठूलो छ। चुरे क्षेत्र ती सामग्रीको खानी हो। तसर्थ जाडो याममा जब चुरेका खोला सुक्छन् तब व्यवसायीहरू गैह्रकानूनी रूपमा चुरेका तेस्रो स्तरका

नदीबाट गिट्टी, बालुवा, ढुङ्गा जस्ता सामग्रीको उत्खनन गर्छन जसले गर्दा नदी गहिरो बन्छ । वर्षायाममा जब खोला भरिएर उर्लिएर आउँछन् तब खोलाको स्तर नमिल्नाले बढी भुस्खलन, माटो बग्ने, जमिनको कटान, उब्जाउपनमा कमी जस्ता समस्याहरू आइपर्छन् । चुरे क्षेत्रमा रुख तथा जङ्गली जनावरहरूका तस्करीका कारण चुरे क्षेत्रको विनाश निम्तिएको छ । आकाश छुने गरी बढेको जनसङ्ख्या र त्यसका आवश्यकताले गर्दा पनि चुरे क्षेत्रमा थप जोखिम निम्तिएको छ । विश्वमा बढिरहेको 'ग्लोवल वार्मिङ्ग' र 'ओजोन होल' ले गर्दा पनि चुरे क्षेत्रको विनाशमा वृद्धि भएको हो । जनमानसमा चेतनाको कमीले गर्दा पनि चुरे क्षेत्रमा यस्तो समस्या देखापरेको हो ।

**समाधान तथा कदमः**

चुरे क्षेत्रको अत्याधिक उत्खनन पछि अख्तियारमा परेका मुद्धा र त्यसपछि २०७१ साल असार २ गते बसेको मन्त्रिपरिषदको बैठकले अन्तरिम संविधान, २०६३ को प्राकृतिक स्रोत संरक्षणको मर्म बमोजिम चुरे क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गर्ने निर्णय गऱ्यो । त्यसभन्दा पहिले आ.व. २०६६/६७ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू गरिएको थियो । अख्तियारले चुरेको बालुवा, ढुङ्गा, गिट्टीको व्यवस्थापनका लागि विभिन्न निर्देशन दिएको थियो । २०७१ साउन देखि सरकारले चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको निकासी र उत्खननमा रोक लगाएको थियो । कडा कानून भएर पनि देशको विकासमा खराब असर पर्ने हुनाले यसलाई लागु गर्नु आवश्यक रहेको साथै सरकार र जनमानसको सहकार्यमा उचित संरक्षण, सदुपयोग र प्रवर्द्धनका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ । चुरे पर्वत श्रृंखलाको संरक्षणका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिले निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः-

- जनमानसमा चुरे क्षेत्र सम्बन्धी चेतनामूलक कार्यक्रमको आयोजना गर्ने ।
- चुरे क्षेत्रमा पर्ने नदी तथा खोलामा तटबन्धन निर्माण गर्ने ।
- चुरे क्षेत्रमा हरियाली बढाउन वृक्षारोपण कार्यक्रम गर्ने ।
- चुरेमा अवैध रूपमा गरिएको स्रोतको उत्खनन माथि रोक लगाउने ।
- काठको सट्टा वैकल्पिक निर्माण सामाग्री जस्तै फाइबर र आल्मुनीयमको प्रबर्द्धन गर्ने ।
- चुरे संरक्षण र यसको महत्वको बारेमा विद्यालयको पाठ्यक्रममा समावेश गर्ने ।

- निजी खाली तथा बाँझो जग्गामा समुदायसँगको सहकार्यमा वृक्षारोपण गर्ने ।
- सामुदायिक वनको सङ्ख्यामा बद्धि गर्ने ।
- कृषिमा नयाँ प्रविधिको प्रवर्द्धन गर्ने ।
- वनजङ्गल विनाशको असर जनसङ्ख्यामा पनि पर्ने भएकोले जनसङ्ख्याका बारेमा जानकारीमूलक कार्यक्रमको आयोजना गर्ने ।

निष्कर्षमा लेख्नु पर्दा चुरे क्षेत्र नेपालको एउटा प्रमुख आम्दानीको स्रोत हो । यसको प्रयोग नगरिकन नेपाललाई उन्नतिको शिखरमा पुऱ्याउन गाह्रो हुने भएकाले चुरे पर्वत श्रृंखलामा पाइने प्राकृतिक सम्पतिको उचित संरक्षण, सदुपयोग र प्रबर्द्धन गर्दै नेपालको विकास, विश्वसामु पहिचान र नेपालको मानव विकास सूचकाङ्कमा अग्रपङ्क्ति पुऱ्याउन सक्नु पर्छ । चुरे क्षेत्र हाम्रो मात्र नभई भावी पुस्ता अर्थात हाम्रा नाती, नातिनाहरूलाई पनि चाहिने हुनाले हामी सबैले चुरे क्षेत्रलाई जोगाई हाम्रो भावी पुस्ताको भविष्य र प्रगतिको लागि चुरेको प्राकृतिक स्रोत बचाई राख्नुपर्छ ।

# रूपन्देही जिल्ला

## "चुरे क्षेत्रको संरक्षण आजको आवश्यकता"

**अस्मिता पौडेल, कक्षा - १० (दश)**

केरवानी उच्च माध्यमिक विद्यालय, देवदह, रूपन्देही

**प्रथम स्थान प्राप्त**

विश्व ब्रह्माण्ड अनन्त छ, विशाल छ र कल्पनातीत छ। ब्रह्माण्ड अणु र अणुमा ब्रह्माण्डको अस्तित्व रहे झैं यस ब्रह्माण्डमा कयौं सौर्य परिवारहरू छन्। त्यही सौर्य परिवारको सदस्य मध्ये एक सदस्य हो - पृथ्वी। पृथ्वीको विकास र उत्पत्ति अरबौं बर्ष पुरानो छ र यसका सन्तान, प्रकृतिका उपहार र ईश्वरका वरदान हुन् - प्राणी र वनस्पति। यिनको परम्परा र इतिहास करोडौं बर्ष पुरानो छ। यस धरतीमा रहेका प्राणीहरूको अस्तित्व प्राकृतिक पञ्चतत्व पृथ्वी, जल, वायु, तेज र आकाससँग गाँसिएको छ। यस एक्काइसौं शताब्दीमा पनि यिनीहरूको उत्पत्ति, विकास र अन्य प्रकृतिमा नै हुने हुनाले यिनीहरू दुवै बीचको सम्बन्ध अनोन्याश्रित रहेको छ। यस प्रकृतिमा हिमाल, पहाड, चुरे आदि पर्दछन्। यस्तो त्रास र जटिलताले भरिपूर्ण हुँदै गएको हाम्रो जीवनमा चुरे क्षेत्रको संरक्षण गर्नु अत्यावश्यक छ।

चुरे क्षेत्र भन्नाले बालुवा, कङ्कड, पत्थरद्वारा निर्मित पहाड हो। महाभारत पर्वत श्रृंखलादेखि दक्षिण र तराई भागदेखि उत्तरमा समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाई भएको पहाडलाई चुरे पर्वत भनिन्छ। नेपालमा चुरेको सबैभन्दा अग्लो पर्वत कैलालीको सहजपुरमा पर्दछ। चुरे पर्वतमा साल, सिसौ, खयर, सतिसाल, साज जस्ता रूखहरू पाइन्छन्। चुरे क्षेत्रको तापक्रम र वर्षा बढी हुने हुनाले यहाँका रूखहरू अग्ला, मोटा, बलिया र सदावहार हुन्छन्। चुरे क्षेत्रमा बाघ, भालु, हात्ती, गैंडा जस्ता जनावरहरूका साथै विभिन्न प्रकारका चराचुरुङ्गी पाइन्छन् र अजिङ्गर, गोही जस्ता घस्रने जीवजन्तुहरू पनि पाइन्छन्। चारकोसे झाडी पनि चुरे क्षेत्रमा नै पर्दछ। चुरे क्षेत्रले राष्ट्रको सौन्दर्य बढाउन मद्दत गरेको छ।

अझै पनि हामीले चुरे क्षेत्रको संरक्षण गर्न सकिरहेका छैनौं। चुरे क्षेत्रका वनजङ्गलहरूको नाश हुँदै गएको छ। चुरे क्षेत्रको फडानी गरी आज मानिसहरूले वस्ती बसाउन थालेका छन्। वनजङ्गल विनाश हुँदै गइरहेछ। जीवजन्तु र जडीबुटी

लोप हुँदै गइरहेका छन् । आज मानिसकै कारण नै अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो जस्ता समस्याहरू भोग्नु परेको छ। चुरे क्षेत्र संरक्षण नगर्दा आज यो सृष्टिको उपहार सुन्दर भूमि भोलि उजाड मरुभूमि, चिहान कङ्कालै कङ्कालको रास नहोला भन्न सकिन्न। मानिसहरूले चाँडै नै घाँटीमा अक्सिजनका सिलिण्डर बोकेर हिंडनु नपर्ला भन्न सकिन्न। यसले एकातिर वातावरण खलबलाइरहेको छ भने अर्कोतिर किसानहरूले अत्यावश्यक वस्तुको अभाव बेहोर्नु परेको छ । यदि हामीले चुरे क्षेत्रको संरक्षण नगर्ने हो भने भोलिका दिनमा हामीले विभिन्न रोगको महामारी, अमूल्य जडीबुटीको अभाव जस्ता समस्याहरू भोग्नु पर्नेछ। मानिसहरूले नै चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ। नेपालको कुल भू-भागको १२.७८ प्रतिशत जमिन चुरे क्षेत्रले ओगटेको छ र यहाँ रहेको वनमा डढेलो लगाउनु हुँदैन । चुरे क्षेत्रको वनजङ्गल फडानी गर्नु हुँदैन। एक रूख काट्दा दुइवटा विरूवा रोप्नुपर्छ। यस्ता अभियान चलाउनु पर्छ । विभिन्न सञ्चारका माध्यमबाट मानिसलाई चुरे संरक्षण सम्बन्धी जानकारी गराउनु पर्छ । चुरे क्षेत्र संरक्षणका लागि थुप्रै संघ-संस्थाहरू खुलेका छन्। यी संस्थाहरूले चुरे क्षेत्र संरक्षणमा अग्रणी भूमिका खेल्नुपर्छ । यी संस्थाहरूले चालेका हरेक असल कदममा हामी सबै नागरिकले साथ दिनुपर्छ ।

गत बैशाख १२ गते ७.६ रेक्टर स्केलको भूकम्पले देशमा ठूलो क्षति गऱ्यो। भूकम्प पिडित भन्दै मानिसहरूले आफ्नो स्वार्थपूर्तिका निम्ति चुरे क्षेत्रको फडानी गर्दै मानववस्ती बसाल्न थालेका छन्। यस्तो कार्यलाई सरकारले रोक्न छिटो भन्दा छिटो भूकम्प पिडितलाई राहत दिनुपर्छ । चुरे तराई क्षेत्रको वनजङ्गल प्रतिबर्ष उच्च दरले नासिदै गएको छ। यसको असर चुरे क्षेत्रलाई पर्छ। चुरे क्षेत्रको असर भनेको त्यहाँ बस्ने समुदायलाई पर्ने असर हो। चुरे क्षेत्रबाट हामीले पानी पाइरहेका हुन्छौं। चुरे प्राकृतिक रूपमा अति सुन्दर देखिन्छ। यो ठाउँमा विदेशी पर्यटकलाई आकर्षण गरी पर्यटन विकास मार्फत देशको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउन सकिन्छ। तराई क्षेत्रलाई सदावहार राख्न चुरे क्षेत्रको संरक्षण गर्नु अति अपरिहार्य छ । चुरे क्षेत्रको संरक्षण गर्नका निम्ति सरकारले "राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम" सञ्चालन गरेको छ । देशमा चुरे संरक्षण सम्बन्धी अझ बढी यस्ता कार्यक्रमहरूको आयोजना गर्नुपर्छ । देशमा भएका हरेक विद्यालयमा चुरे क्षेत्र संरक्षण सम्बन्धी कक्षा सञ्चालन गर्नुपर्छ । चुरे क्षेत्रको वनजङ्गल संरक्षण प्रति राज्यले चासो दिनुपर्छ। चुरे क्षेत्रको फडानी गर्ने व्यक्तिलाई राज्यद्वारा कडा भन्दा कडा सजाय दिनुपर्छ।

# “चुरे क्षेत्रको संरक्षण आजको आवश्यकता”

**अमृता भण्डारी, कक्षा - ९ (नौ)**

श्री युगज्योती माध्यमिक विद्यालय, देवदह - ३, रूपन्देही

**द्वितीय स्थान प्राप्त**

हाम्रो देश नेपाल भौगोलिक विविधताले भरिपूर्ण देश हो । यो देश हिमाल, पहाड, तराई मिलेर बनेको छ । महाभारत पर्वत श्रृंखलाको तल्लो र भावर प्रदेशको माथिल्लो भागलाई चुरे क्षेत्र भनिन्छ । नेपालको कुल भू-भागको १२.७८ प्रतिशत भाग चुरे क्षेत्रले ओगटेको छ ।

वर्तमान अवस्थामा चुरे क्षेत्रको महत्व दिनानुदिन बढ्दो छ । तर यसको तीव्र गतिमा विनाश पनि भइरहेको छ। जसको कारण वातावरणमा अनावृष्टि, अल्पवृष्टि, अतिवृष्टि जस्ता मौसम सम्बन्धी समस्या हुने डर छँदैछ । बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपहरू देखा परेका छन । कतिपय मानिसहरू घरवार विहिन भएका छन् । कति मानिस मृत्युको मुखमा पुगेका छन् । यसको प्रमुख कारण चुरे क्षेत्रको विनाश र वनजङ्गलको जथाभावी प्रयोगले गर्दा भएको हो । वर्षायाममा तराईका गाउँहरु डुबानमा पर्ने गरेका छन् । मानिसको अकालमा ज्यान गएको छ । समाधानको एउटै उपाय हो चुरेको संरक्षण गर्नु ।

वातावरण तथा चुरेको संरक्षण गर्नु आजको अपरिहार्य आवश्यकता हो । यदि चुरेको उचित रूपमा संरक्षण हुन सकेन भने नेपालमा हरित गृह प्रभाव (Green House effect) ठूलो समस्याका रूपमा देखा पर्न सक्छ । यो हुनको कारण वातावरणमा मिथेन, कार्बनडाइअक्साइड, नियोन जस्ता हानिकारक ग्याँसहरू बढी मात्रामा हुनुले हो । जसलाई नियन्त्रण गर्नको लागि पनि हामीले चुरे क्षेत्रको संरक्षण गर्नुपर्छ। यदि चुरेको संरक्षण भएन भने तराईका वस्तीहरू असुरक्षित हुँदै जान्छन् । यदि चुरे क्षेत्रको संरक्षण भयो भने विपदलाई रोक्न सकिन्छ । जडीबुटीहरू बेचेर आफ्नो देशलाई विकासको पथमा लैजान सक्छौं । देशको आर्थिक अवस्थामा सुधार ल्याउन सक्छौं । नेपालमा चुरे क्षेत्रको संरक्षण सम्बन्धी आवश्यक पहल पनि भइरहेका छन् । चुनौतीहरू पनि धेरै छन् । वनमा काँडेतारको व्यवस्था गर्नुपर्छ । काठ तस्करलाई समात्नु पर्छ । दलका राजनीतिक नेताहरूले काठ तस्करहरूलाई आश्रय दिनु हुदैन । नेताले तस्करलाई छुटाउने काम भएको हुनाले उनीहरूको मनोवल बढ्न गई चुरे क्षेत्रको तीव्र विनाश भएको हो । चुरे क्षेत्रको संरक्षण

हुँदा वन्यजन्तु र पशुपक्षी पनि संरक्षित हुन्छन् । त्यसैले चुरे क्षेत्रको संरक्षणको निम्ति सबैले योगदान पुऱ्याउनुपर्ने बेला आएको छ । चुरे क्षेत्रको संरक्षण गर्नुपर्ने कुरामा राष्ट्रपति डा. रामवरण यादवले समेत जोड दिएका छन् । यसका साथै सामुदायिक वन उपभोक्ता समितिले पनि आफ्नो क्षेत्रको संरक्षणको लागि विशेष निगरानी राखेका हुन्छन् । चुरे क्षेत्रमा सलाई, लाइटर जस्ता आगोजन्य वस्तुहरू लिएर प्रवेश गर्न दिएका छैनन् ।

चुरे क्षेत्रको संरक्षणका निम्ति नयाँ पुस्ताको पनि उतिकै महत्व र आवश्यकता हुन्छ । नयाँ पुस्ताले जनचेतना जागृत गर्न सक्छन् । सबैलाई एकजुट बनाई चुरे क्षेत्रको संरक्षणका निम्ति वृक्षारोपण कार्यमा सरीक गराउन सक्छन् । वातावरण संरक्षणका निम्ति गोबरग्याँस, बिजुली, सौर्यशक्ति जस्ता वैकल्पिक उर्जाको विकास गर्न सक्छन् । विकास र संरक्षण एक सिक्काका दुईपाटा हुन् । त्यसैले हामीले विकासको साथसाथै चुरेको संरक्षण पनि गर्नुपर्छ । यदि हामीले विकासलाई मात्र ध्यानमा राखेर काम गऱ्यौं भने हामी आफूले खनेको खाल्डोमा आफैं पुरिन सक्छौं । कुनै पनि विकास गर्दा ध्यान पुऱ्याएर वातावरणको पनि संरक्षण गर्नु पर्दछ ।

चुरे क्षेत्रको संरक्षण बाढी पहिरोको नियन्त्रणको आधार बनेको छ । चुरेमा भएका कोही काठ-दाउरा बेचेर आफ्नो जीविकोपार्जन गर्दछन् । जडीबुटी बेचेर आयआर्जन गर्छन । काठ बेचेर धनी बन्ने प्रवृतिलाई हामीले विस्तारै अन्त्य गर्दै लैजाने प्रयास गर्नु पर्दछ । चुरे क्षेत्र संरक्षण गर्ने कार्यलाई अहिलेको प्रमुख कार्यका रूपमा लिनु पर्दछ । चुरे क्षेत्रको संरक्षणमा व्यक्ति, सरकार र सम्बन्धित निकायले चासो राख्नु पर्छ । "वनजङ्गल हाम्रो साझा सम्पत्ति हो र यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो" भन्ने कुरालाई मनन गर्नु पर्दछ । राष्ट्रिय वन स्थानीय समुदायका उपभोक्तालाई सामुदायिक वनको रूपमा जिम्मा दिई चुरे क्षेत्रको संरक्षणमा सहयोग पुऱ्याउनेलाई प्रोत्साहन र आफ्नो दायित्व पुरा नगर्नेलाई आवश्यक सजायको व्यवस्था गर्नु पर्छ । 'हरियो वन नेपालको धन' भन्ने भनाई लाई केवल उक्तिमा मात्र सीमित नराखी यसलाई व्यवहारमा लागु गर्नुपर्छ । चुरे क्षेत्रको महत्वबारे सबै उमेर र समूहका व्यक्तिले बुझ्नु पर्छ । नबुझेकालाई यसबारे जानकारी दिई चुरे क्षेत्रको संरक्षणमा हातेमालो बढाउनुपर्छ । विद्यार्थीहरुले  विद्यालयमा सिकेका चुरे संरक्षणका कुराहरू घरमा र गाउँ टोलका व्यक्तिहरू समक्ष पुऱ्याउनु पर्दछ । चुरे क्षेत्र संरक्षण भएन भने पर्याप्त मात्रामा पानी पर्दैन । किसानको खेतमा उत्पादन कम हुन्छ । किसान मर्कामा पर्दछ भने देशमा खाद्यान्न संकट उत्पन्न हुन्छ ।

# "चुरे क्षेत्रको संरक्षण आजको आवश्यकता"

**प्रविन यादव, कक्षा - १० (दश)**

श्री छिपागाढ माध्यमिक विद्यालय, छिपागाढ, रूपन्देही

**तृतीय स्थान प्राप्त**

नेपाल प्राकृतिक, भौगोलिक, साँस्कृतिक र ऐतिहासिक पक्षहरूले भरिपूर्ण छ । यी मध्ये प्राकृतिक स्रोतले देशको सौन्दर्य झन बढाएको छ । प्रकृतिले हामीलाई निःशुल्क कोशेलीको रूपमा दिएको सम्पदालाई प्राकृतिक स्रोत भनिन्छ । चुरे क्षेत्रको संरक्षण आजको आवश्यकता हो । तराई क्षेत्रको उत्तरमा अवस्थित पूर्वदेखि पश्चिमसम्म करिब ८०० किलो मीटरसम्ममा फैलिएको क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ । अर्को शब्दमा भन्ने हो भने महाभारत पर्वत भन्दा तल र तराईको फाँट भन्दा माथिको क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ । यसले हाम्रो देशको सौन्दर्य बढाउनुको साथै आर्थिक विकासमा पनि मद्दत पुऱ्याएको छ । चुरे क्षेत्रले तराईका मानिसहरूलाई विभिन्न तरिकाबाट सहयोग पुऱ्याएको छ । तर तीव्र जनसङ्ख्या वृद्धिको कारण यो सुरक्षित छैन । मानिसहरूले यसको विनाश गर्दै आएका छन् । चुरे क्षेत्रले विदेशी पर्यटकलाई पनि आकर्षित गरी देशको आर्थिक विकासमा टेवा दिन सक्छ । तर हामीले नै त्यसको विनाश गर्दैछौं ।

तीव्र जनसङ्ख्या वृद्धि, नयाँ-नयाँ आविष्कार, उपकरणको कारणले चुरेको वनजङ्गल, वन्यजन्तु, वातावरण सुरक्षित छैन । यसो हुनुको कारण हामी मानव नै हौं । हामीले वनजङ्गलको सुरक्षा गर्नु भनेको वातावरण स्वस्थ राख्नु हो । हामी भने ठीक यसको विपरित गर्दैछौं । अनियमित तरिकाबाट वनजङ्गल फडानी, चोरी-निकासी भइरहयो भने एकदिन चुरे र तराई मरुभूमिमा परिणत हुन बेर लाग्दैन । मानिसहरूले आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि अधिक मात्रामा वनजङ्गल सखाप गर्दै आएका छन् । वनजङ्गल फडानी गरी कृषि, उद्योग, व्यापार सञ्चालन क्रियाकलापहरू गर्दै आएका छन् । वनजङ्गलबाट विभिन्न प्रकारका जडीबुटी, अनियन्त्रित संकलन र वन्यजन्तुको अवैध शिकार गरेर सोको अधिकतम उपयोग गर्दै आएका छन् । वातावरण असन्तुलित हुँदा हामीलाई विभिन्न किसिमका ठूला-ठूला रोगहरू लाग्न सक्छन् । मानिहरूले आफ्नो स्वार्थको कारण चुरे विनाशका गतिविधिहरूलाई अझै बढी उकास्न खोज्दैछन् । मानिसले चुरेको वनजङ्गलबाट रूख बिरुवा काटेर घर, काष्ठ उद्योग सञ्चालन गरेका

छन् । दिनदिनै चुरेलाई सखाप पारिरहेका छौं । यो २० बर्षको अवधिमा वनजङ्गलको अधिकतम प्रयोग गरेको पाइन्छ । चुरेले हामीलाई आफ्नो काखमा राखेर हामीले चाहे जस्तो वातावरण दिएर स्वस्थ पार्न खोजेको छ । तर हामीले त्यसलाई विनाश गर्नु बाहेक अरु केही गरेका छैनौं । आफ्नो लोभको कारणले गर्दा आज वनजङ्गल नष्ट हुँदै गएको छ । यदि यस्तै अवस्था रही रहयो भने चुरे मरुभूमि हुनेछ । यसबाट हामीलाई नै नोक्सानी हुने छ । तर हामीले यो कुरा बुझ्न सकिरहेका छैनौं । यसरी नै वातावरणको विनाश हुँदै गयो भने हाम्रो जीवन सुरक्षित रहने छैन । तराई मधेशमा वनको मात्रा घटदै जानुको कारण पनि मानिसको गतिविधि नै हो । चुरे भावरले मानिसलाई आफ्नो सक्दो प्राकृतिक वातावरण प्रदान गरेको छ । वन सखाप हुँदा वन्यजन्तुको मृत्यु निश्चित छ । हामीले एउटा रूख काटदा दुईवटा रूख रोप्नुपर्छ । यसो गर्दा मानिसको आधारभूत आवश्यकता पनि पुरा हुन्छ र वातावरण पनि सन्तुलित हुन्छ । चुरे क्षेत्रबाट जथाभावी ढुङ्गा, बालुवा निकाल्दा चुरे थप कमजोर बनेको छ । चोरी निकासी, आगजनी, चरिचरन जस्ता गतिविधिहरूले चुरे क्षेत्रलाई प्रत्यक्ष असर पुगेको छ । वनजङ्गलको विनाशले गर्दा वातावरण असन्तुलित भई हामी लगायत पशुपक्षी, वन्यजन्तुलाई असर पार्दै आएको छ । वनजङ्गलको विनाश यस्तै रूपमा भइरहयो भने बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपहरू झेल्नुपर्छ । हरियाली वनजङ्गलले हामीलाई स्वच्छ हावा, माटो, पानी आदि दिएको छ । चुरे क्षेत्रको संरक्षण गर्नु हाम्रो दायित्व हो । तर हामीले आफ्नो दायित्व पुरा गर्न सकेका छैनौं ।

निरक्षेप संरक्षण र सापेक्ष संरक्षणबाट चुरेको संरक्षण गर्न सक्छौं । निरक्षेप संरक्षण यस्तो संरक्षण हो जसबाट हामीले वनजङ्गलको सेवा मात्र गर्ने तर त्यसबाट कुनै लाभ नलिने र सापेक्ष संरक्षण भनेको वनजङ्गलको सेवा पनि गर्ने र त्यसबाट लाभ पनि लिन सकिने । चुरे क्षेत्र विनाशबाट जोगाउनको लागि हामीले विभिन्न प्रयासहरू गर्नुपर्छ । समुदायमा गोष्ठी कार्यक्रम गर्ने, विद्यालयको पाठ्यपुस्तकमा चुरे संरक्षणको विषय वस्तु राख्ने, सडक नाटक गर्ने आदि । विद्यालयमा चुरे संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । चुरे क्षेत्रको विनाशको मुख्य कारण जनसङ्ख्या वृद्धि र बसाँई-सराई हो । यसको नियन्त्रण गर्न सफल भयो भने चुरे क्षेत्रको संरक्षण गर्न सकिन्छ । यसबारे जनचेतना जागृत गर्नुपर्छ । यसले हामीलाई प्रत्यक्ष रूपमा मद्दत गर्छ ।

## कपिलवस्तु जिल्ला

# "चुरे संरक्षण र हाम्रो भविष्य"

**दिवाकर मौर्य, कक्षा - १० (दश)**
श्री कनकमुनी उ.मा.वि., श्रीनगर, जगदीशपुर, कपिलवस्तु

**प्रथम स्थान प्राप्त**

चुरे पर्वत हो चुरेवासीहरूको शान, यसलाई संरक्षण गर्ने हाम्रो काम ।
यसलाई विश्वभरि चिनाऔं, अवश्य रहनेछ हाम्रो नाम ।

प्रकृति एक सुन्दर फूलबारी हो । प्रकृतिमा विभिन्न प्रकारका शिखर पर्वत तथा पहाडहरू मिलेर बनेको हुन्छ । सबै ठाउँको भौगोलिक अवस्था एकै नासको हुँदैन् । नेपालको सन्दर्भ हेर्दा पनि थाहा हुन्छ । नेपाल तराई, पहाडी तथा हिमाली प्रदेश मिलेर बनेको छ । भू-बनोट तथा भौगोलिक क्षेत्र अनुसार प्राकृतिक स्रोतहरू फरक-फरक हुन्छन् । चुरे पर्वत श्रेणी पनि एउटा भू-बनोट हो । करिब ४ करोड बर्ष अघि हिमाली क्षेत्रको उत्पत्ति भएपछि करिब १ करोड ५० लाख देखि १० लाख वर्ष अघिसम्मको अवधिमा नदी जन्य पदार्थहरू थुप्रिएर बनेको सबभन्दा कान्छो पहाडलाई चुरे पर्वत श्रेणी भनिन्छ। पश्चिममा पाकिस्तानको इन्दुस नदीदेखि पूर्वमा भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको यो क्षेत्रलाई शिवालिकको नामले पनि चिन्ने गरिन्छ । नेपालमा चुरे पर्वत श्रेणी पूर्वमा ईलामदेखि पश्चिममा कञ्चनपुरसम्म फैलिएको छ । यो क्षेत्रले नेपालको कुल क्षेत्रफल मध्ये करिब १२.७८ प्रतिशत भू-भाग ओगटेको छ। समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको उचाईंमा फैलिएर रहेको क्षेत्रलाई चुरे पर्वत श्रृंखला भनिन्छ। चुरे पर्वतको उत्तरतर्फको भाग जसलाई महाभारत पर्वत भनिन्छ । चुरे पर्वत श्रृंखलामा बलौटे तथा पत्थरिलो माटो भएको जमिन छ। जहाँ कृषि उत्पादन खासै राम्रो नभए पनि वनजङ्गल भने फष्टाएको छ ।

चुरे पर्वतको संरक्षण गर्नाले हाम्रो वरिपरि भएको सम्पूर्ण वनजङ्गलको संरक्षण हुन्छ। वातावरणमा सन्तुलन कायम हुन्छ । त्यही वनजङ्गलबाट हामीलाई काठ-दाउरा, जडीबुटी, स्याउला लगायत प्राप्त हुन्छ। यसैले यसको संरक्षण गर्नु हाम्रो पहिलो कर्तव्य हो। महाभारत पर्वत क्षेत्रबाट प्रत्येक बर्ष क्षमता भन्दा धेरै गुणा बढी गिट्टी,

बालुवा लगायत नदीजन्य पदार्थ बगेर आउँछन् । जसले गर्दा चुरे र तल्लो तटमा बाढी, पहिरो र डुबानको समस्याहरू देखा परेका छन् । चुरेमा विभिन्न प्रकारका जीवजन्तुहरू छन् । यिनीहरूको संरक्षण नगरेमा यिनीहरू हाम्रो देशबाट लोप हुन सक्छन् । त्यसैले यिनीहरूको संरक्षण गर्नु आजको मूलभूत आवश्यकता हो ।

**चुरे क्षेत्रको संरक्षण गर्दा त्यसबाट हुने फाइदाहरू:**

- विभिन्न बहुमूल्य प्रकारको जडीबुटी तथा जीवहरूको तस्करी नियन्त्रण हुन्छ ।
- अन्नको भण्डारको रूपमा रहेको तराई क्षेत्र तथा भावर प्रदेशमा कृषि उत्पादनमा वृद्धि हुन्छ ।
- चुरे पर्वत श्रृंखलाको उचित वन व्यवस्थापनबाट तराईलाई मरुभूमिकरण हुनबाट बचाउन सकिन्छ ।
- चुरे पर्वत श्रृंखलाको संरक्षण गरेमा पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम रहन्छ ।
- जैविक विविधताको संरक्षण हुन्छ । जसले गर्दा हाम्रो वातावरणमा सन्तुलन कायम गर्न सजिलो हुन्छ ।
- चुरे पर्वतको संरक्षणले प्राकृतिक प्रकोपमा नियन्त्रण हुन्छ ।

अहिलेका मानिसहरू चुरे पर्वत श्रृंखलालाई तोडफोड गरी विभिन्न क्षेत्रबाट बाटो-घाटो बनाउने गर्छन् । वनजङ्गल फडानी गर्नु हुँदैन् । वनजङ्गल फडानी गरी विद्यालय तथा कलकारखाना सञ्चालन गर्नु हुँदैन् । त्यसैले यस्ता कार्य रोकी यसको संरक्षण गर्ने हाम्रो कर्तव्य हो । चुरेको संरक्षण सरकारको पहलमा मात्र सम्भव छैन । यसको संरक्षणको लागि स्थानीय स्तरमा आम जनता मिलेर संरक्षण गर्नुपर्छ । यसको संरक्षण गर्नु र यसलाई जोगाउनुमा नै हाम्रो भविष्य रहेको छ । अब हामी सबै मिलेर हातमा हात र काँधमा काँध जोडेर यसको संरक्षणमा लाग्नुपर्ने आजको आवश्यकता र हाम्रो दायित्व रहेको छ । यसलाई जोगाउन सके हाम्रो भविष्य उज्वल हुन्छ ।

**गरौं हामी चुरे पर्वतको स्याहार हातमा हात जोडी,**
**यसले दिन्छ हामीलाई उपहार पहिलो झुल्का तोडी ।**
**वनजङ्गलको स्याहार गर्ने हाम्रो रहेछ काम,**
**यसले हाम्रो गौरव बढाउन लिंदैन दाम ।**

# "चुरे संरक्षण र हाम्रो भविष्य"

**झरना न्यौपाने, कक्षा - १० (दश)**
श्री लक्ष्मणघाट माध्यमिक विद्यालय बाणगङ्गा, कपिलवस्तु

**द्वितीय स्थान प्राप्त**

तराई क्षेत्र भन्दा माथि महाभारत पर्वतदेखि दक्षिणतर्फ मोहडा फर्किएको भू-भागलाई सुन्दर चुरे क्षेत्र भनिन्छ । यस क्षेत्रको संरक्षण सम्बर्द्धन र सदुपयोग गर्नुलाई नै चुरे क्षेत्रको संरक्षण भनेर बुझ्नुपर्छ । भिरालो र नदी नालाहरूको मुहान भएकोले चुरेको माटो वर्षामा बगेर तराईमा पुग्दछ । यो क्षेत्रले प्रकृतिको सुन्दरतालाई बढाएको छ । नेपालमा चुरे क्षेत्र समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा रहेको छ । चुरे क्षेत्रले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत भाग ओगटेको अनुमान गरिएको छ ।

हामी जहाँ जन्म लिएका छौं, जुन देशमा जन्म लिएका छौं, त्यसमा खुशी हुनुपर्छ, रमाउनुपर्छ । उत्तरका ती सुन्दर पहाडहरूले दक्षिणको समथर तराईको भू-भागलाई अङ्गालो हाली चुरेलाई सजाएको छ । कलकल नदी नालाहरू मोतीको हार जस्तै बगेका छन् । हरिया वनजङ्गलले तराईको फाटसँग आत्मियता गाँस्दै, लुकामारी खेलेको सुहाएको छ । चुरे क्षेत्र र हाम्रो जीव एक अर्काका परिपूरक हुन् । हाम्रो भविष्य सुन्दर चुरे क्षेत्रको संरक्षण गर्नुमा निर्भर रहेको छ । हामीलाई प्रकृतिको काखमा खेल्ने र रम्ने बानी परेको छ । प्रकृतिको सुन्दरतालाई जोगाउन नसके हामी कसरी सुखी जीवनयापन गर्न सक्छौं र ?

सुखी जीवनयापन गर्नु हामी सबैको इच्छा हो भने भावी सन्ततिका लागि उज्वल भविष्य प्रदान गर्नु हामी सबैको दायित्व हो । तर केही दशकदेखि चुरे क्षेत्रको सुन्दरतालाई गिद्धे नजर लगाई विभिन्न व्यापारी र ठेकेदारहरूले चुरे क्षेत्रमा पाइने अमूल्य वनजङ्गल मास्ने र त्यसमा पाइने बहुमूल्य काठ-दाउरा, जडीबुटी तस्करी गरेका छन् । वनफडानी गरेका छन् । चुरेको सुन्दरतालाई लुछालुछ पारी नोक्सान पुऱ्याइरहेका छन् । जसले गर्दा हाम्रो भविष्य दाउमा परिरहेको छ । चुरे संरक्षणको निम्ति आर्थिक वर्ष २०६६/६७ बाट सरकारले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम लागू गरेको छ । तर संरक्षण कार्य पर्याप्त हुन सकिरहेको छैन । जसले हामी खुशी र सुन्दर भविष्यको देख्न सकिरहेका छैनौं । भनिन्छ नि 'हरियो वन

नेपालको धन' तर मानिस असन्तोषी प्राणी भएकोले दिन प्रतिदिन वनविनाश गर्ने, काठ तस्कर गर्ने गर्दछ। जसले हाम्रो वर्तमानका साथै भविष्यलाई प्रतिकुल प्रभाव पारिरहेको छ। हो, सबल, सफल, सुखी तथा उज्वल भविष्यका लागि चुरे क्षेत्रको संरक्षण हुन अति आवश्यक छ। यदि चुरे क्षेत्रको संरक्षण भएन भने पारिस्थितिकीय प्रणालीमा नराम्रो असर पर्न गई हाम्रो भविष्य जोखिमपूर्ण हुन जानेछ।

नेपाल विश्वमा जलस्रोतको दोस्रो धनी देश हो। तर तराई भावर क्षेत्रमा मनिसले पिउने पानीसम्म नपाई राखेको अवस्था छ। यसको मूल कारण चुरे क्षेत्र विनाश भएर हो। चुरे क्षेत्रको विनाशले बाढी आउने, पहिरो जाने, भूक्षय हुने गर्दछ। धानका बाला लहलह हुने खेतलाई नदीले कटान गरिरहेको छ। आवश्यक समयमा पानी नपर्ने समस्या देखा परेको छ। कृषि प्रधान देश भएकोले बाली लगाउन पानी आवश्यक हुन्छ। वर्षा समयमा हुन छाडेकोले नेपालीको जीवनमा त अझ धेरै समस्या निम्त्याउन सक्छ। चुरे क्षेत्रको संरक्षण नगर्नाले देश विकासको पथमा पुग्न सक्दैन्। यो देशका वासिन्दाको मूल पेशा कृषि भएकोले यो क्षेत्रको संरक्षण गर्नु आवश्यक छ। किनभने चुरे पानीको स्रोत हो। यसको संरक्षण हुन नसके वनविनाश मात्र होइन् हाम्रो भविष्य अन्धकार हुनेछ। हाम्रो भविष्य सुनिश्चित गर्न चुरे क्षेत्रको संरक्षण हुनु आवश्यक छ। यसका लागि सरकार पक्षबाट मात्र नभई हामी स्थानीय जनता पनि जागरूक हुनु पर्दछ। विभिन्न सरकारी तथा गैह्रसरकारी संघ-संस्थाहरुले चेतनामूलक कार्यक्रमहरू चलाउनु पर्दछ। युवा पिँढीले जोश जाँगर साथ संरक्षणमा लाग्नुपर्छ।

चुरे क्षेत्रले आफ्नो शिरमा सुन्दर महाभारत पहाड सजाएको छ। छातीमा छहरा बगाएको छ। पाउमा हरिया फाँट सजाएको छ। यस सुन्दर चुरे क्षेत्रको संरक्षण गरी उज्वल भविष्यको थालनी अहिलेबाट गरौं। चुरे संरक्षणसंग हाम्रो भविष्य जोडिएकोले पनि यस क्षेत्रको संरक्षण हुनु आवश्यक छ। हामी मात्र सुखी नभई भावी सन्ततिका निम्ति पनि उज्वल भविष्य बनाउन सकिने छ। 'चुरे रहे पानी त पानी रहे हामी' त्यसैले चुरेको संरक्षण गरी बनौं सबै नामी।

# "चुरे संरक्षण र हाम्रो भविष्य"

**वासुदेव पाण्डे, कक्षा - ९ (नौ)**
श्री उच्च माध्यमिक विद्यालय, झण्डा मधौली, कपिलवस्तु

**तृतीय स्थान प्राप्त**

नेपाललाई भौगोलिक स्वरूप अनुसार तीन भागमा विभाजन गरिएको छ। हिम(
ाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश। महाभारत श्रृंखलादेखि दक्षिणतर्फ रहेको
समुद्री सतहबाट १९७२ मीटरसम्मको उचाईमा नेपालको पूर्व मेचीदेखि पश्चिम
महाकालीसम्म फैलिएको क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ। नेपालमा चुरेको सबैभन्दा
अग्लो स्थान कैलालीको सहजपुरमा अवस्थित छ। चुरे क्षेत्रले नेपालको कुल क्षेत्रप(
ःलको १२.७८ प्रतिशत भू-भाग ओगटेको छ। नेपालमा जनसङ्ख्या दिन प्रतिदिन
बढ्दै गएको छ। यसको चाप चुरेको वनजङ्गलमा परिरहेछ। यसले गर्दा चुरेको
अत्याधिक दोहन भइरहेछ।

चुरे ढुङ्गा, गिट्टी, बालुवा कमलो तथा मलिलो पाँगो माटोबाट बनेको र प्राकृतिक
स्रोत साधनका लागि धनी क्षेत्र मान्न सकिन्छ। यस क्षेत्रको अत्याधिक दोहन भएका
कारण संरक्षणको लागि नेपाल सरकारले आर्थिक बर्ष २०६६।०६७ देखि राष्ट्रपति
चुरे-तराई मधेश संरक्षण कार्यक्रम लागू गरेको छ। चुरे पर्वत संरक्षणका लागि
हाल राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिले कार्यक्रमहरू सञ्चालन
गर्दै आएको छ।

चुरे पर्वत संरक्षण सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो। नेपाल सरकारले संरक्ष(
णका लागि नीति नियम बनाएको पाइन्छ। यस क्षेत्र भएर बगेका नदीनालाहरूका
किनारमा रहेका वस्तीहरू प्राकृतिक प्रकोपका कारण जोखिममा पर्दै आएको पाइन्छ।
यस क्षेत्रमा पाइने जडीबुटी हराउँदै गएका छन्। पानीका स्रोत तथा मुहानहरू
सुक्दै गएका छन्। प्रकृति र मानव बीचको सम्बन्ध नङ्ग मासु जस्तै छ। यस
क्षेत्रमा पाइने जडीबुटी, वनजङ्गल, पानीका स्रोत, मुहान, खनिज आदिको वैज्ञानिक
व्यवस्थापन गरी हाम्रो भविष्यलाई उज्वल पार्न सकिन्छ। यसरी चुरे क्षेत्र हाम्रो
भावी सन्ततिको लागि अत्यन्तै महत्वपूर्ण मानिएको छ।

चुरेको संरक्षणका लागि यस क्षेत्रमा चरिचरन वन्द गराउने, आगोलागी हुन नदिने, खुल्ला स्थानमा वृक्षारोपण गर्ने जस्ता कार्यहरु गर्नुपर्छ। जङ्गली जनावरको संरक्षण गर्नुपर्छ। चुरेको विनाश हुँदा बाढी, पहिरो जान्छ। जसले तराई क्षेत्रलाई अत्याधिक प्रभाव पारेको छ। त्यसकारण चुरेको संरक्षणमा हामी सबै लाग्नुपर्छ। यसको संरक्षणको लागि हामी नेपाली एउटै हुन अति जरुरी छ। यस क्षेत्रको वनजङ्गल, माटो, खनिज, जडीबुटी इत्यादिको सही तवरले उपयोग हुने भयो भने मानव जीवन सुरक्षित छ। भविष्य उज्वल हुँदै जान्छ। तर यस क्षेत्रको विनाश हुँदै गयो भने समस्त नेपालीले संकट भोग्नु पर्नेछ।

**अर्घाखाँची जिल्ला**

## "चुरे वनक्षेत्रको संरक्षण तथा महत्व"

**आस्था घिमिरे, कक्षा - १० (दश)**
श्री सरस्वती मा.वि. सितापुर, अर्घाखाँची
**प्रथम स्थान प्राप्त**

तराई प्रदेशको उत्तरपट्टीको भागमा अवस्थित र महाभारत पहाड भन्दा दक्षिणपट्टीको रहेको भू-भाग चुरे क्षेत्र हो । यो समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा रहेको छ । यसले नेपालको सौन्दर्यलाई प्रकृतिमय एवं रमणियको रूपमा परिणत गरेको देखिन्छ । यसको माटो कच्चा र कमलो हुन्छ । यस क्षेत्रमा साल, सिसौ, कटुस जस्ता बोट-बिरूवाहरू पाइन्छ । यस क्षेत्रमा पाइने जडीबुटी बहुमूल्य हुन्छन् । यस क्षेत्रमा लोप हुन लागेका जङ्गली जीवजन्तुहरू पनि पाइन्छन् ।

चुरेको वर्तमान अवस्थामा पहिलेको भन्दा केही सुधार भएको देखिन्छ । मनमा कालो भएका मानिसहरूले चुरेको वनजङ्गल मासेका छन् । उनीहरूले रातको समयमा समेत साल, सिसौका रुखहरू काटी आफ्नो स्वार्थ पूरा गरेका छन् । "हरियो वन नेपालको धन" भन्ने उक्तिलाई सार्थक रूप दिने क्षमता बोकेको चुरे क्षेत्र बढ्दो जनसङ्ख्या चापले गर्दा मासिँदै गएको छ । हामीले चुरे क्षेत्रको संरक्षण गर्नु अति आवश्यक छ ।

जिल्ला वन कार्यालय र सामुदायिक वनक्षेत्रले पनि चुरेको वनजङ्गलको संरक्षण गर्नु पर्दछ । चुरे संरक्षण गर्न विभिन्न किसिमका ऐन कानून बने तर खासै व्य( वहारमा लागू हुन सकेनन् । यसलाई संरक्षण गर्न राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरूलाई अगाडि बढाउनु पर्दछ । यसको संरक्षणको लागि हामीले वृक्षारोपण गर्नु पर्दछ । जनतालाई सचेत गराउनु पर्दछ । सबै जनता मिले चुरे क्षेत्रको संरक्षण सजिलै गर्न सकिन्छ । चुरे क्षेत्रको संरक्षण गर्दा त्यस क्षेत्रका दुर्लभ पशुपक्षीको पनि संरक्षण हुन्छ । चुरे क्षेत्रको संरक्षणका लागि जनताहरू जागरुक हुनु पर्‍यो । वनजङ्गलमा डढेलो लगाउनु हुँदैन । यसो गर्दा हामीलाई नै हानी हुन्छ । हामीहरूले अतिवृष्टि र अनावृष्टिको मार खेप्नुपर्छ ।

चुरे क्षेत्रको संरक्षण गर्दा हामीलाई धेरै फाइदा हुन्छ । जङ्गलमा पाइने जडीबुटीलाई प्रशोधन गरेर बेच्दा हामीलाई विदेशी मुद्रा आर्जन हुन्छ जसको कारण हाम्रो देशको विकासमा मद्दत पुग्छ । नेपालमा पाइने दुर्लभ वन्यजन्तु, वनस्पति र प्राकृतिक स्रोतको संरक्षण गर्न सकिन्छ । नेपालमा वि.स. २०४९ सालमा वन संरक्षण ऐन बन्यो । विश्वमा नपाइने जडीबुटीहरू नेपालमा पाइन्छन् । हामीले चुरे क्षेत्रको संरक्षण गर्दा हाम्रो वरपरको वातावरण स्वच्छ हुन्छ । यदि हाम्रो वातावरण स्वच्छ भयो भने हामी निरोगी हुन्छौं । यसको संरक्षणले अतिवृष्टि र अनावृष्टिको मार खेप्नु पर्दैन् । भूक्षय, बाढी, पहिरो आदि जस्ता प्राकृतिक प्रकोप हुँदैनन् । हाम्रो वातावरण हरभरा गराउन यसको संरक्षण र महत्व बुझ्नु पर्दछ । जहाँ वनजङ्गलको हरियाली छ, त्यहाँ मानिसको आयु बढी हुन्छ । चुरे क्षेत्रको महत्व सबैले बुझे संरक्षण गर्न कठिन छैन् । चुरे क्षेत्रको संरक्षण गर्दा पानीका मुहानहरू पनि सुक्दैनन् । पानीको अभाव हुँदैन । घाँस दाउराको अभाव हुँदैन । चुरे क्षेत्रको महत्व बुझी सबै यसको संरक्षणमा लाग्नु पर्दछ ।

यो चुरे पर्वत पूर्व मेचीदेखि पश्चिम महाकाली तर्फ क्रमशः अग्लिदैं गएको छ । चुरे क्षेत्रको महत्वबारे सबैलाई जानकारी गराउनु पर्दछ । चुरे क्षेत्रको उचित व्यवस्थापन गरी यहाँ पाइने काठ तथा अन्य प्राकृतिक स्रोतहरूको विक्री गरी राज्यले राजश्व संकलन गर्न सक्दछ । जसले गर्दा देशको विकास हुने सम्भावना धेरै छ । चुरे क्षेत्रको संरक्षणले लोपोन्मुख अवस्थामा रहेका पशुपक्षीको संरक्षण हुन्छ । चुरे क्षेत्रको वनजङ्गलमा गाईवस्तु चराउनु हुँदैन । गाईवस्तुले भर्खर उम्रन लागेका बिरूवाहरू खाइदिन्छन् र विनाश गर्दछन् । चुरे क्षेत्रको महत्व बुझ्न सकियो भने हाम्रो देश नेपाल वनजङ्गलको हराभरा भएको देश भनी चिन्न सकिन्छ । चुरे क्षेत्रमा बसोवास गर्ने सबै जनताहरू मिलेर यसको संरक्षणतर्फ लाग्नुपर्छ । बढ्दो जनसङ्ख्याको चापले यस क्षेत्रलाई ठूलो असर पारेको छ । यस क्षेत्रले 'हरियो वन नेपालको धन' भन्ने उक्तिलाई सार्थक पार्न सक्छ । जथाभावी वनफडानी गर्दा यसको संरक्षण गर्न सकिन्न । देश विकासका लागि मात्र नभई हामीलाई स्वच्छ हावा प्राप्त गर्न चुरे क्षेत्रको संरक्षण गर्नु पर्दछ । पानीको मुहान सुक्न नदिन र देशको प्रतिष्ठालाई बचाउन चुरे क्षेत्रको संरक्षण गर्न जनताले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । हाम्रो वरपरको प्रकृति हरभरा भयो भने पर्यटकहरू हाम्रो देशमा घुम्न आउँछन् ।

अतः 'चुरे रहे पानी, पानी रहे हामी' भन्ने मूल नाराका साथ हामी सबै अगाडि बढ्नु पऱ्यो । सबैले चुरे क्षेत्रको महत्व बुझ्नु पऱ्यो । चुरे क्षेत्रको महत्व पा( नीका मुहान सुक्न नदिन पनि छ । यदि पानीको अभाव भयो भने हामी बाँच्न सक्दैनौं । मृत्युको मुखमा पर्दछौं । त्यस कारण जनतालाई आफूले गरेको कामबाट आफैलाई नै हानी हुन्छ भन्ने कुरा बुझाउनु पऱ्यो । संरक्षणका लागि सबै अगाडि बढ्नु पऱ्यो ।

# "चुरे वनक्षेत्रको संरक्षण तथा महत्व"

**अम्मर बहादुर घर्ती मगर, कक्षा - १० (दश)**
श्री गौरा माध्यमिक विद्यालय, ठाडा, अर्घाखाँची

**द्वितीय स्थान प्राप्त**

भौगोलिक रूपमा समुद्र सतहबाट करिब १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा रहेको महाभारत पहाडसंग जोडिएर दक्षिणको तराई प्रदेशसम्म फैलिएको मझौला उचाईका पहाडहरूलाई चुरे पहाड तथा शिवालिक पर्वत श्रेणी भनिन्छ। पहिले चुरे क्षेत्रमा सबैभन्दा बढी वनजङ्गल रहेको थियो। पृथ्वीको उत्पत्ति भई हिमालय पर्वतको विकास हुनु भन्दा धेरै बर्षपछि मात्र यस क्षेत्रको उत्पत्ति भएको हो। यसैले यस क्षेत्रलाई नयाँ कमलो भू-भागको रूपमा लिइन्छ। कमलो भू-भाग भएको कारणले मानवीय क्रियाकलापबाट चुरे क्षेत्रमा बढी क्षति पुऱ्याएको छ। तसर्थ यस क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्न हामी सबैले कडा कदम चाल्नु पर्ने आवश्यकता छ।

महाभारत पहाडको दक्षिणतर्फ तराईको भू-भागसम्म पुगेको होचो मझौला पहाडहरू समेत चुरेमा पर्दछन्। त्यस्ता मझौला पहाडहरू बीचको खोंच, मैदानी भू-भाग र दुन प्रदेशहरू समेत यसै क्षेत्रमा पर्दछन्। चुरे क्षेत्र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ। यो क्षेत्र भौगोलिक हिसाबले बलौटे माटो र पत्रे चट्टानले बनेको छ। त्यसैले यस क्षेत्रलाई संरक्षण गर्न हामी सबैले पहल गर्नु जरुरी छ। चुरे क्षेत्रको पारिस्थितिकीय प्रणाली र यससंग सम्बन्धित पक्षहरूलाई दृष्टिगत गर्दा यस क्षेत्रमा विभिन्न जातका जीवजन्तु र वनस्पतिहरू रहेका छन्। यहाँको वनक्षेत्रमा कहीं सदावहार वन, पतझर वन, बुट्यान र चौर रहेको छ। विभिन्न जातका जडीबुटीले यो क्षेत्र सजिएको छ। कहीं समथर भू-भागमा मानिसको वस्ती पनि रहेको छ। वि.स. २०२० सालतिर औलो रोगको उपचार र उन्मुलन गर्ने काम सरकारले गरेपछि यस क्षेत्रमा मानिसको चाप बढ्दै गयो। यही कारणले यहाँको प्राकृतिक सम्पदामा दोहन बढन थाल्यो। मानवीय क्रियाकलापले गर्दा चुरे क्षेत्रमा पाइने पशुपक्षीहरू र जीवजन्तुहरू समेत खतरामा पर्न थालेको देखिन्छ।

चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीमा पर्न गएका असरहरू मुख्यता मानिसहरूको गलत कार्यले नै हो। अहिलेको अवस्थामा जथाभावी वनफडानी गर्ने, आगो

लगाउने, चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने, जङ्गलबाट काठ-दाउरा चोरी निकासी गर्ने जस्ता कार्यहरू भईरहेका छन् । त्यसका साथै मानिसहरू वन संरक्षण गर्नेतर्फ भन्दा विनाश गर्ने र छिटो पैसा आर्जन गर्ने ध्येयतिर लागेकोले चुरे क्षेत्रको वन पैदावार र यहाँको जमिनमा अतिक्रमण बढेको छ । वातावरणमा परेका असरहरूमा तापक्रममा वृद्धि, अनावृष्टि, अतिवृष्टि, भूक्षय, वाढी, पहिरो, उत्पादनमा कमी आउनु, बासस्थानमा विनाश, जल सम्पदामा ह्रास आउनु, विभिन्न जातका पशुपक्षीहरू, जडीबुटीहरू लोप हुनु आदि देखिएका छन् । जथाभावी मोटरबाटो खोल्दा भएको वनविनाशले यस क्षेत्रमा नकारात्मक असर गरेको छ । अक्सिजनको कमी भई कार्वनडाईअक्साईड र अन्य हानिकारक ग्यासको उत्पादन बढेको छ ।

चुरे क्षेत्रलाई संरक्षण गर्नका लागि विभिन्न निकायहरूले भूमिका खेलेका छन् तर पनि वनविनाश हुनबाट अझै रोकिएको छैन । त्यस कारण हामी सबै मिलेर यहाँका जनताहरूलाई चुरे संरक्षण गर्दा के कस्ता फाइदाहरू हुन्छन् र विनाश गर्दा के कस्ता बेफाइदाहरू हुन्छन् भन्ने जनचेतना अभिवृद्धि गरी संरक्षण कार्य अगाडि बढाउन सकिन्छ । चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा र काठ-दाउरा चोरी निकासी हुन्छ । यस्ता कार्यहरू गर्न पूर्णरूपमा रोक लगाउनु पर्दछ । जङ्गलको बीच बीचमा भएका वस्तीहरूलाई अन्यत्र पुनर्वास गराई वन संरक्षण गर्न सकिन्छ । जङ्गलको बीच बीचमा भएको गाउँहरू वनमा मात्र आश्रित रहेका छन् । वनफडानी जस्ता विभिन्न कारणबाट नाङ्गा भएका डाँडाहरूमा वैज्ञानिक ढंगबाट वृक्षारोपण गरेमा वनजङ्गललाई संरक्षण गर्न सकिन्छ ।

चुरे वनक्षेत्र अत्यन्तै महत्वपूर्ण क्षेत्र हो किनभने चुरे वनविनाश भएमा प्रथम कुरो हामी अक्सिजनको अभाव भई अस्वस्थ हुन्छौं । चुरे क्षेत्रमा रहेको धेरै साल, सिसौ, खयर, सतिसाल आदि जोगाउनु पर्दछ । जुन देशले धेरै अक्सिजन उत्पादन गर्दछ वा कम कार्वन उत्पादन गर्दछ, त्यो देशले विदेशीले मुद्रा आर्जन गर्ने व्यवस्था छ । त्यसैले चुरे क्षेत्रको सम्बर्द्धन गरौं, आफू बचौं, अरुलाई पनि बचाऔं । यसरी चुरे वनक्षेत्रको संरक्षण र सम्बर्द्धन गरी यस क्षेत्रलाई हराभरा पारी स्वच्छ अक्सिजन लिऔं, स्वच्छ जीवन बिताऔं । यही नै चुरे क्षेत्रको शुभकामना ।

# “चुरे वनक्षेत्रको संरक्षण तथा महत्व”

**शान्ता थापा क्षेत्री, कक्षा - १० (दश)**
श्री पावर माध्यमिक विद्यालय, सिमलपानी, अर्घाखाँची

**तृतीय स्थान प्राप्त**

तराईको भावर प्रदेशबाट उत्तर र महाभारत पहाडको दक्षिणमा पर्ने पूर्वदेखि पश्चिमसम्म फैलिएको, समुद्र सतहबाट १२० मीटर देखि १९७२ मीटरसम्मको उचाईमा रहेको भू-भाग चुरे क्षेत्र अन्तर्गत पर्दछ। यो क्षेत्र वातावरण तथा आर्थिक रूपले अत्यन्त महत्वपूर्ण क्षेत्र हो । यो क्षेत्रको वन सम्पदाले नेपालको गरिमालाई बढाएको छ । यस क्षेत्रमा साल, सिसौ, खयर, सिमल, जामुन, कटुस जस्ता बोट-बिरूवाहरू पाइन्छन् । त्यस्तै बाघ, भालु, बंदेल, स्याल, मृग जस्ता जनावरहरू र मयूर, कालिज, कोईली, लुईंचे जस्ता चराचुरुङ्गीले यस क्षेत्रलाई शोभायमान बनाएका छन् । हर्रो, बर्रो, सौर, पखाने, अमला जस्ता औषधीजन्य जडीबुटीहरू पनि यहाँ पाइन्छन् । हिमाली तथा पहाडी प्रदेशबाट उत्पन्न भई अनवरत रूपले बग्दै नदीनालाहरूले यस क्षेत्रका खेती योग्य जमिन सिंचित हुँदै आएका छन् ।

तराईको शिर मानिने यस क्षेत्रको संरक्षण गर्नु अत्यावश्यक हुन गएको छ । यस क्षेत्रको संरक्षण गर्नका लागि नेपाल सरकारले पनि विभिन्न ऐन नियमावलीहरू बनाएर कार्यान्वयनमा ल्याएको छ । चुरे क्षेत्र संकटमा परेकाले यसको संरक्षण गर्न स्थानीय वासिन्दा, सरकारी तथा गैर सरकारी संघ-संस्थाहरू सक्रिय रूपमा लाग्नुपर्ने देखिन्छ । नत्र भने यस क्षेत्रको उब्जाउशील भूमि मरुभूमिमा परिणत नहोला भन्न सकिन्न। नदीजन्य स्रोतहरूको विवेकहीन प्रयोग, मूल्यवान काठहरूको चोरी निकासी तथा पशुपक्षीहरूको अवैध शिकार हुन गई चुरे क्षेत्रको वातावरण विग्रन गएको छ। बढ्दो जनसङ्ख्या वृद्धिका कारण अवैध वस्ती विकासले वनक्षेत्र मासिंदै गएको छ। बाढी, पहिरो भूक्षय जस्ता प्राकृतिक प्रकोप दिन प्रतिदिन बढदै गएका छन् । वनजङ्गलको विनाशले पानीका मुहान तथा जलाधार क्षेत्र सुक्न गई खानेपानीको हाहाकार मच्चिदै गएको छ। उब्जाउशील जमिन मरुभूमिमा परिणत हुँदै गएको छ। जसले गर्दा खाद्यान्नको अभावका साथै वातावरणीय सन्तुलन बिग्रेर पृथ्वीको तापक्रम बढ्दै गएको छ । जलवायु परिवर्तन भई खण्डबृष्टि, अतिवृष्टि, खडेरी जस्ता समस्याले कृषि उत्पादनमा ह्रास आएको छ । यसको संरक्षण गरी भविष्यमा हुने विपत्तिबाट बच्नु नै बुद्धिमानी हुनेछ । एक हातले ताली बज्दैन

भन्ने उखानलाई चरितार्थ गर्न सरकारले चालेका कदममा आम नेपाली जनता, बुद्धिजीवि, किसान, मजदुर, शिक्षक, विद्यार्थी सबैले हातेमालो गर्दै अगाडि बढ्नु पर्दछ। चुरे क्षेत्रको संरक्षण गरी तराईलाई मरुभूमिकरण हुनबाट बचाउँन सकिन्छ। जसको लागि हरेक किसिमका अवैध क्रियाकलाप नियन्त्रण गर्न सरकारले पनि ठोस कदम चाल्नु आवश्यक छ। चुरे क्षेत्र संरक्षण गर्नका लागि बनाईएका नीति नियमहरू कडाईका साथ लागू गर्नुपर्छ। तब मात्र यस क्षेत्रको संरक्षण गर्न एउटा ईंटा थपिने छ।

'एक बर्ष बाँच्न धान रोपौं, सय बर्ष बाँच्न रुख रोपौं' भन्ने नारालाई चरितार्थ गर्न सबैले चुरे क्षेत्रको वातावरणीय महत्व बुझी संरक्षण कार्यमा जुट्नु अत्यावश्यक छ। दिगो विकासको नाममा विना योजना गरिएका विकास कार्यले चुरे क्षेत्रको प्राकृतिक स्रोतहरूको संरक्षण हुनुको सट्टा विनाश भइरहेको छ। वातावरणीय सन्तुलन कायम गर्न चुरे क्षेत्रको संरक्षणका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय तथा राष्ट्रिय अन्तराष्ट्रिय सरकारी गैर सरकारी संघ-संस्थाको क्रियाशिलता बढाउनु पर्ने देखिन्छ।

चुरे क्षेत्रको प्राकृतिक सम्पदाको उचित संरक्षण गर्न सके त्यसको झन महत्व बढेर जानेछ। यसबाट वातावरणीय सन्तुलन कायम हुन गई वन्यजन्तु तथा पशुपक्षीको संरक्षण हुनेछ। मानिसका लागि चाहिने प्राण वायु, पानीको स्रोतहरू संरक्षित हुनेछन्। बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट बच्न र बचाउन सकिन्छ। वन सम्पदामा रहेका अमूल्य जडीबुटीहरूको संरक्षण गर्न सके प्रशस्त मात्रामा आय आर्जन गर्न सकिन्छ। कृषि उत्पादनमा वृद्धि ल्याउन सकिन्छ। तसर्थ चुरे सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु अत्यावश्यक हुन गएको छ। वन सम्पदाको संरक्षणले मौसम तथा वातावरणीय सन्तुलन कायम गर्न सकिन्छ। चुरे वनक्षेत्रको संरक्षण गरी बर्षेनी हजारौ पर्यटकहरूलाई आकर्षण गर्न सक्छौं। त्यसैले चुरे वन सम्पदाको संरक्षण गर्नु आवश्यक छ। राष्ट्रपति चुरे वन संरक्षण अभियानलाई सफल पारौं।

## दाङ जिल्ला

# "चुरे संरक्षण आजको आवश्यकता"

**प्रतिभा रिजाल, कक्षा - ९ (नौ)**
श्री पद्मोदय पब्लिक नमुना उच्च माध्यमिक विद्यालय, घोराही, दाङ

**प्रथम स्थान प्राप्त**

महाभारत श्रृंखलाको दक्षिण र तराई भन्दा उत्तरतर्फको भू-भाग चुरे हो । चुरे पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यो पूर्वमा होचो र पश्चिमतर्फ क्रमशः अग्लिदै गएको हुनाले यसको सबैभन्दा अग्लो उचाई १९७२ मीटर छ । यो कैलालीको सहजपुरमा पर्छ । यस क्षेत्रमा बलौटे माटो, कंकड, पत्थर, बालुवा, अभ्रक आदि मिसिएको हुनाले यो महाभारत पर्वत भन्दा कम खँदिलो रहेको छ । यस क्षेत्रमा यथेष्ट मात्रामा वर्षा हुने भएकाले यस क्षेत्रका वनहरू हरिया भरिया (सदावहार) छन् । चुरे क्षेत्रको चौडाई पहिला चार कोससम्म फैलिएकाले यसलाई चारकोसे झाडी समेत भनिन्थ्यो । यहाँ हात्ती, घोडा, बाघ, भालु, मृग जस्ता जनावरहरू पाइन्छन् । लाखौंको संख्यामा पक्षीहरू, विभिन्न बोट-बिरूवा र अमूल्य जडीबुटी पाइने भएकाले यो क्षेत्र आर्थिक एवं जैविक दृष्टिकोणले समेत एकदमै महत्वपूर्ण मानिन्छ ।

**चुरे क्षेत्रको वर्तमान अवस्थाः-** वर्तमान अवस्थामा चुरे क्षेत्रमा अतिक्रमण बढिरहेको छ । सुकुम्वासीका नाममा समाजका टाठाबाठाहरूले यस क्षेत्रमा वस्ती बसालेर अतिक्रमण बढाइ रहेका छन् । तस्कर तथा चोरी शिकारी गर्नेहरूले वन्यजन्तु, काठपात, बोट-बिरूवा रातारात ओसार पसार गरी देशको संक्रमण कालको फाइदा उठाई यस क्षेत्रको विनाशमा सरिक भएका छन् । सर्वसाधारणहरूले समेत यस क्षेत्रमा वस्ती बसालिरहेका छन । सरकारको कमजोर नीतिका कारण यस क्षेत्रमा रहेका ढुङ्गा, बालुवा वैध वा अवैध रूपमा उत्खनन भई-रहेका छन् । जसले गर्दा खोलाका मुहानहरू सुक्ने, जमिन भासिने र बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप आइरहेका छन् ।

**जैविक विविधता संरक्षणमा चुरेको भुमिकाः-** नेपाल जैविक विविधतामा विश्वमै धनी देश हो । यस चुरे क्षेत्रमा रहेका विभिन्न ताल, तलैया र सिमसार क्षेत्र भएका कारण यहाँ विभिन्न प्रजातिका जीवजन्तु, पक्षी, जडीबुटी आदि छन् । यी सबैको

संरक्षण हुनका लागि चुरेको संरक्षण हुनु एकदमै आवश्यक छ । सबैभन्दा बढी चरा पाइने क्षेत्र, धेरै फूल फूल्ने क्षेत्र, थरिथरिका सर्प, च्याउहरू भएको क्षेत्र र विश्वमा अन्यत्र नपाइने चरा हिलेकावा काँडेभ्याकुर पनि यसै क्षेत्रमा पाइने भएकाले यस क्षेत्रको संरक्षण गर्नु जैविक विविधता संरक्षणको दृष्टिले एकदमै महत्वपूर्ण मानिन्छ ।

**चुरे संरक्षणमा देखिएका समस्या र समाधानका उपायहरु:-** चुरे संरक्षणमा आजभोली विभिन्न समस्याहरू देखा परेका छन् । सर्वप्रथम यस क्षेत्रमा र यस क्षेत्र वरिपरि बसोवास गरिरहेका जनताहरूलाई उचित व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ । देश शहरीकरणतर्फ उन्मुख भइरहेका बेला निर्माण गर्नुपर्ने विभिन्न बाटाघाटा, घर आदि निर्माण गर्दा चाहिने ढुङ्गा, बालुवा यसै क्षेत्रका खोलानालाबाट उपलब्ध भइरहेका छन् । त्यसैले यस क्षेत्रबाट निकाल्न नदिन र अन्य क्षेत्रमा व्यवस्थापन गर्न चुनौतीपूर्ण भएको छ । यस क्षेत्रमा चोरी शिकारी गर्नेलाई तह लगाउन नसक्नु पनि एउटा समस्या रहेको छ । त्यसैले यस क्षेत्रमा बसिरहेका जनतालाई उचित व्यवस्थापन मिलाउनुपर्छ । यस क्षेत्रमा असर नपुग्ने गरी बालुवा, ढुङ्गा निकाल्नुपर्छ या अन्यत्र व्यवस्थापन गर्नुपर्छ । चोरी शिकारी गर्नेलाई अर्को पटक त्यसो गर्न नसक्ने गरी निरुत्साहित गर्ने खालको कडा भन्दा कडा दण्ड सजायको व्यवस्था गर्नुपर्छ । हाल सञ्चालन भइरहेको राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सरोकारवालाहरूलाई समेत सामेल गराएर अझ सशक्त र प्रभावकारी ढंगले काम गर्नुपर्छ ।

**चुरे संरक्षणमा सरोकारवालाहरूको भूमिका:-** चुरे संरक्षणमा सरोकारवालाहरूको सबैभन्दा ठूलो भूमिका हुने भएकोले सबैले आफ्नो समूह बनाई अघि बढ्नुपर्छ । जुन वस्तुको संरक्षण गर्न सम्भव हुन्छ । त्यसैले सबै सरोकारवालाहरूले चुरेलाई आफ्नै ठानेर अघि बढ्नुपर्छ । सामुदायिक वन कार्यक्रम सरकारले ल्याएर सरोकारवालाहरूलाई हस्तान्तरण गरेको आजसम्म सफल मानिएको छ । त्यसैले चुरे संरक्षणमा पनि यसै गर्नु जरूरी हुन्छ । सरोकारवालाहरू पनि सक्रिय हुनुपर्छ । सरकारले पनि सरोकारवाला केन्द्रित कार्यक्रम ल्याएर उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ । सरकारले जतिसुकै राम्रो कार्यक्रम ल्याए पनि यदि सरोकारवालाहरू निष्कृय भयो भने त्यो सफल हुन सक्दैन । त्यसैले सरकार र सरोकारवालाहरू सक्रिय हुन जरूरी छ ।

पूर्वदेखि पश्चिमसम्म फैलिएको चुरे नेपालका लागि एकदमै महत्वपूर्ण छ । यसको संरक्षणले हरेक क्षेत्रमा सकारात्मक प्रभाव पर्नेछ । चुरे क्षेत्रको सकारात्मक र नकारात्मक दुवै प्रभाव देशभरी चाँडै पर्ने भएकाले हामीले बेलैमा सोचेर यस क्षेत्रलाई "हरियो वन नेपालको धन" भन्ने उक्तिलाई यथा अवस्थामा पुऱ्याउनुपर्छ । यसका लागि सरकार, सम्बन्धित क्षेत्रका सरोकारवालाहरू र वन विशेषज्ञ सबै जुटेर अघि बढ्नुपर्छ । चुरे क्षेत्रको विनाशले अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, भूक्षय, बढी जाडो, बढी गर्मी आदि विकृतिहरू देखिने गर्छन् । यसको संरक्षण हुन नसक्दा हामीले दैनिक प्रयोग गर्ने वस्तुहरू कम प्राप्ति हुन्छन् । हाम्रो खेतीपातीमा पनि ठूलो असर पुग्नेछ । यस क्षेत्रमा रहेका साल, खयरका रूखहरूबाट प्वाल पारी खोटो निकाल्ने, रोजिन र टर्पेन्टाइन उद्योग, कत्था उद्योग जस्ता उद्योगका कारण रूखहरू कमजोर हुने, सजिलै आगो टिप्ने र सानो हावाले पनि ढल्न सक्छन् । त्यसैले हामीले बेलैमा सोचेर यसको संरक्षणका लागि अघि बढ्नुपर्छ । देशको १२.७८ प्रतिशत भू-भाग ओगटेको क्षेत्रको पर्यावरणको दृष्टिले स्वच्छ, सफा र सुन्दर, राख्न यसलाई संरक्षण गर्न जरूरी छ । हामी सबै यसको संरक्षण गर्नका लागि हातमा हात र काँधमा काँध मिलाएर अघि बढ्नुपर्छ ।

# "चुरे संरक्षण आजको आवश्यकता"

**प्रतिष्ठा ओली, कक्षा - १० (दश)**
श्री दीपशिखा आ.उ.मा. विद्यालय, घोराही, दाङ
**द्वितीय स्थान प्राप्त**

महाभारत पर्वत श्रृंखलाको दक्षिणी भागमा र तराईको उत्तरी भागमा समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको अग्लो पहाडलाई चुरे पर्वत भनिन्छ। यसलाई शिवालिक पनि भनिन्छ। पहाडको पाउ र तराईको शिरको रूपमा रहेको चुरे क्षेत्रमा भावर तथा दून क्षेत्र समेत पर्दछन्। सबैभन्दा कमलो कान्छो पहाडको रूपमा लिइने चुरे क्षेत्र प्राकृतिक भू-बनोट र मानवचापका कारण अत्यन्त संवेदन( शील छ। नेपालको सन्दर्भमा पूर्वी ईलामदेखि पश्चिम कञ्चनपुरसम्म ३६ जिल्लामा चुरे फैलिएको छ। पत्रे चट्टान, भिरालोपना, कमजोर भू-प्रकृति, कच्चा भू-बनोटका कारण चुरे क्षेत्रको संरक्षण आजको मूल आवश्यकता बनेको छ।

'हरियो वन नेपालको धन' भन्ने कथनलाई जीवन्त राख्न सशक्त भूमिका खेल्ने चुरे क्षेत्रको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका रहेको छ। उक्त क्षेत्रलाई विभिन्न जीवजन्तुले आफ्नो क्रिडास्थल बनाएका छन्। चुरेको माथिल्लो भागमा सल्ला र होचो भागमा साल, सिसौ खयरका जङ्गलहरू रहेका छन्। चुरेको दक्षिणी भागमा गलैंचा विछ्याए झैं देखिने घाँसे मैदान रहेको छ। नेपालको महत्वपूर्ण एवं दुर्लभ मानिने जीवजन्तु जस्तै बाघ, भालु, गैंडा, चित्तल, नीलगाई, गौर गाई, लङ्गुर र घस्रने जनावरहरू जस्तै कोब्रा, करेत, अजिङ्गर जस्ता जनावरले पनि आफ्नो वासस्थानका लागि यही क्षेत्रलाई प्राथमिकता दिएका छन्। चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज जस्ता संरक्षण क्षेत्र र अन्य जङ्गलहरूमा हामीले सयौं प्रजातिका चराहरूको चिरविर आवाज सुन्न सक्छौं। कलकल गर्दै बग्ने वाग्मती, कोशी जस्ता नदीले यस क्षेत्रलाई सिंचाई गरी हराभरा तुल्याएका छन्।

चुरेको वर्तमान अवस्था विनाशतर्फ गएको छ। अतिक्रमण, वन पैदावारको अत्याधिक प्रयोग, अनियन्त्रित तथा अवैज्ञानिक भू-उपयोग जस्ता कारणले चुरे क्षेत्रको जैविक विविधता र उत्पादकत्वमा ह्रास आएको छ। पारिस्थितिकीय प्रणालीमा नकारात्मक असर बढ्दै गएको छ।

विगत १५ बर्षको अवधिमा उच्च दरले चुरे क्षेत्रमा वनफडानी भइरहेकोछ । यो घटनाबाट सरकारद्वारा नियन्त्रित वनभन्दा पनि समुदायिक वन बढी प्रभावित देखिन्छन् । चुनढुङ्गाको प्रमुख स्रोत मानिने चुरे पर्वतमा सिमेन्ट उद्योगका लागि चुनढुङ्गाको उत्खनन गर्ने कार्य बढ्दै जाँदा पहिले नै कमजोर संरचना भएको चुरे पर्वत झन कमजोर बन्न पुगेको छ ।

चुरे क्षेत्रद्वारा ओगटिएको १२.७८ प्रतिशत भू-भाग खतराको खाडलतर्फ भासिंदै छ। निजी क्षेत्रमा पाइने ढुङ्गाहरू उत्खननको लागि पनि सरकारी अनुमति चाहिन्छ। तर विभिन्न क्षेत्रमा हेर्दा यस नियमको धज्जी उडाएको पाइन्छ। जसको एक उदाहरण हो मोरङको याङशिला। मोरङको याङशिला त यस घटनालाई प्रत्यक्ष पार्न चाहिने ढोका मात्रै हो । खोज अनुसन्धान गर्दै जाने हो भने सस्तोमा चट्टानयुक्त जग्गा किनेर डोजर र स्काभेटर लगाएर ढुङ्गा उत्खनन गरी धनी हुने प्रवृति बढ्दै गएको तमाम क्षेत्रमा पाउन सक्छौं । मानवका यी क्रियाकलापले चुरेको वर्तमान अवस्था धरापमा परेको छ र झन खस्किदै छ ।

आजको यो वैज्ञानिक युगमा उद्योगधन्दा स्थापना गर्ने क्रम बढदै गएको छ । नेपालमा पनि देख्न सकिन्छ । विकासका नाममा स्थापना भएका ती उद्योग धन्दाले हराभरा चुरेलाई फोहोर बनाएको छ। शहरीकरण र जनसङ्ख्याको उच्च चापका कारण दिन प्रतिदिन वनफडानी बढ्दैछ। काठ तस्करीलाई आफ्नो कार्य ढुक्कसँग सञ्चालन गर्न फितलो कानून आड भएको छ। विवेकशील ठानिने यिनै मानिसहरूको मति भ्रष्ट भएर आफ्नै वासस्थानको विनाशतर्फ अग्रसर भइरहेका छन् । दिन प्रतिदिन वनविनाश हुँदा पनि सरकारको ध्यान अझै पुगेको छैन । सम्बन्धित निकायहरू यो कार्य हाम्रो होइन भनेर पक्षीन खोजिरहेका छन् । वनमा आगलागी हुँदा जनतालाई साथ दिने कोही हुँदैन। एकले अर्कालाई देखाएर पक्षीन्छन् ।

चुरे क्षेत्रको संरक्षण गर्न भोली-भोली नभनेर हामीले आजैदेखि जुटनुपर्छ। सरकारले सही नीति तर्जुमा गर्नुपर्छ। सर्वप्रथम त हामी मानिसहरूले आफ्नो विवेक प्रयोग गरेर विनाशलाई रोक्नु पर्छ। देशमा जनावरको अधिकार सुनिश्चित गर्नुपर्छ। देशमा कानूनको शासन हुनुपर्दछ। वनफडानी र काठ तस्करी गर्नेलाई प्रकृतिद्रोही र जघन्य अपराधीको रूपमा घोषित गरी अपराध अनुसार दण्ड दिनुपर्छ। विगतका बर्षहरूमा

सरकारी तथा गैर-सरकारी संस्थाहरूले चुरे संरक्षणको लागि केही कार्यक्रम थालनी गरेको त पाइन्छ तर चुरेको संवेदनशीलतालाई सम्बोधन गर्न नसक्दा पहाडी भागदेखि तराई क्षेत्रसम्म मरुभूमिकरण हुने क्रम बढदै गएको देखिन्छ । त्यसैले नीति तर्जुमा गरी कार्यक्रम थालनी गर्दा चुरे क्षेत्रको प्राकृतिक भू-बनोटलाई पनि सम्बोधन गर्नुपर्छ । नाङ्गा ठाउँहरूमा वृक्षारोपण गर्नु पर्दछ । चुरे क्षेत्रबाट चुनढुङ्गाको उत्खनन गर्दा संरचनालाई ध्यान पुऱ्याई त्यसको संरक्षण पनि गर्नुपर्छ। उद्योगधन्दा स्थापना गर्दा गाँउ र वस्तीको बीचमा नभएर टाढा स्थापना गरिनुपर्छ। उद्योगको वरिपरि प्रशस्त मात्रामा वृक्षारोपण गर्नुपर्छ जसको कारण उद्योगबाट निष्कासित हुने विषाक्तपूर्ण धुवाँले वातावरणमा प्रतिकुल असर नपरोस । हाम्रो ओजोन तह पनि नघटोस । जलवायु परिवर्तनको नकारात्मक असर पर्न दिनु हुदैन। 'प्रकृति नै हाम्रो जिउँने आधार' भन्ने मूल नाराका साथ हामी अघि बढ्नुपर्छ। वर्तमान सन्दर्भमा हेर्दा राष्ट्रिय महत्वका आयोजनाहरू मध्ये पर्ने राष्ट्रपति चुरे संरक्षण कार्यक्रम पनि एक हो । अहिले रामेश्वर प्रसाद खनालको अध्यक्षतामा रहेको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति मार्फत कार्यक्रम सञ्चालन भईरहेको छ । चलिरहेको छ । यसका अतिरिक्त हामीले वनको क्षेत्रफल बढाउन अरू राष्ट्रिय स्तरका कार्यक्रम सञ्चालन गर्नुपर्छ। ग्रामीण र अशिक्षित मानिसलाई वनफडानीबाट हुने प्रतिकुल असरका बारे चेतना जगाउन विभिन्न चेतानामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

चुरे संरक्षणको लागि सरकारलाई पर्खेर बस्ने होइन आफै उठ्ने बेला आएको छ । प्रकृति नै हाम्रो जीवन सहयोगी भएकाले यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । आफ्नो दायित्व सबैले पूरा गरे "एक थुकी सुकी हजार थुकी नदी" भने झैं पक्कै पनि हाम्रो अभियान सफल हुनेछ । यसका निम्ति हामीले हातमा हात, काँधमा काँध मिलाई अघि बढनुपर्छ ।

# "चुरे संरक्षण आजको आवश्यकता"

**सन्देश रिजाल, कक्षा - ९ (नौ)**
श्री पद्मोदय पब्लिक नमुना उच्च माध्यमिक विद्यालय, घोराही, दाङ

**तृतीय स्थान प्राप्त**

नेपाल एक भौगोलिक विविधता भएको देश हो । भौगोलिक हिसाबले नेपाल तीन क्षेत्रमा विभाजन भएको छ भने राजनैतिक हिसाबले पाँच विकास क्षेत्रमा विभाजन भएको छ । नेपाल प्राकृतिक सम्पदामा भरिपूर्ण देश हो भनेर भन्न सकिन्छ । नेपालको उत्तरी भेगमा हिमालय र दक्षिणमा तराई छ । यसको मध्य भागमा चुरे क्षेत्र पर्दछ । करिब चार करोड बर्ष पहिले उत्पत्ति भएको हिमालय पर्वतबाट बगेर आएको गेगर र थेगर थुप्रिएर निर्माण भएको पछिल्लो पहाड नै चुरे पर्वत श्रृंखला हो । चुरे पूर्व ईलामदेखि पश्चिममा कञ्चनपुरसम्म फैलिएको छ । चुरे अन्तर्गत ३६ वटा जिल्ला पर्दछन् । यो नेपालको कुल भू-भागको १२.७८ प्रतिशत रहेको छ । पाकिस्तानको इन्दुस नदीदेखि र भारतको ब्रह्मपुत्र नदीसम्म चुरे फैलिएको छ । यो क्षेत्र संवेदनशील अवस्थामा रहेको छ ।

चुरे क्षेत्र जैविक हिसाबले पनि महत्वपूर्ण छ । यहाँ विभिन्न लोपोन्मुख पशुपक्षीहरू पाइन्छन् । यो क्षेत्रले जैविक संरक्षणमा ठूलो भूमिका खेलेको छ । यहाँ बाघ, बाँदर, चितुवा, कालिज, काँडेभ्याकुर जस्ता पशुपक्षीहरू पाइन्छन् । यो क्षेत्र पशुपक्षीहरूको जीवित संग्रहालय नै हो । यहाँ विभिन्न प्रकारका औषधीजन्य जडीबुटीहरू र महत्वपूर्ण बोट-बिरूवाहरू पाइन्छन् । चुरे क्षेत्रले जैविक विविधता संरक्षणमा ठूलो भूमिका खेलेको छ । यस्तो अद्वितीय क्षेत्रलाई हामी सबैले संरक्षण गर्नु हाम्रो दायित्व हो । चुरे क्षेत्रको विभिन्न चुनौती तथा समस्याहरू छन् । तस्करीहरूले यहाँबाट अवैध रूपमा बालुवा तथा पत्थर ओसार पसार गरेका छन् । चुरे भएर बग्ने नदी राप्ती, भेरी, कर्णाली, बबईले यहाँको बालुवा बगाएर बङ्गाल पुऱ्याउँछन् । यहाँका प्रसिद्ध जडीबुटी तथा वनस्पतिहरू चोरी निकासी गरिरहेका छन् । यो चुनौतीको सामना एकल व्यक्तिले गर्न सक्दैन । सरकारी तथा गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासको खाँचो देखिन्छ ।

यसको संरक्षण कार्यमा एकताबद्ध हुनुपर्छ । चुरे क्षेत्रको घाउमा नुन छर्किन रोकेर मलहम लाउन सिक्नुपर्छ । नेपोलियन बोनापार्टको "मलाई देशले के दिन्छ होइन,

मैले देशलाई के दिन सक्छु” भन्ने भावलाई अवलम्बन गर्न जरूरी छ । चोरी, तस्करी गर्ने व्यक्ति तथा संस्थालाई कडा भन्दा कडा कारवाही गर्नुपर्छ । नीति नियमहरू बनाउनुपर्छ । प्रभावकारी कार्यान्वयन हुनुपर्छ । दाउरा काट्ने, बालुवा उत्खनन गरेर अवैध रूपमा ओसार पसार गर्ने, अनावश्यक रूपमा यात्रा गर्ने र वनमा आगो लगाउने कार्यहरू तुरुन्त रोक्नुपर्छ ।

चुरे क्षेत्र मानव तथा पशुपक्षी दुवैको आश्रयस्थल हो । यसमा सरकारको भूमिका रहनुपर्छ। सरकारले यसको संरक्षणका लागि विभिन्न नियम, विनियम लागू गर्नुपर्छ। अब सरकार चुप लाएर बस्ने अवस्था छैन । अहिले चुरे पर्वत दयनीय अवस्थामा रहेको छ। यसको संरक्षणको लागि यथेष्ट बजेट छुट्टयाउनुपर्छ। चुरे क्षेत्र संरक्षण गर्न सरकारले विभिन्न नीति अपनाएको पाइन्छ। यसको संरक्षणका लागि प्रत्येक बर्षको असार २ गते चुरे संरक्षण दिवस मनाइन्छ। यस दिनमा मात्रै चुरे क्षेत्रलाई संरक्षण गर्ने ज्ञान पाए जस्तो गरेर अर्को दिन यसको फडानी गर्ने व्यक्तिलाई कडा भन्दा कडा कारवाही गर्नुपर्छ। यसको संरक्षणका लागि संविधानमा उल्लेख गर्नुपर्छ । यसको संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू भएको छ । बाढी, पहिरो, वनफडानी, आगोलागी, अतिवृष्टि, अनावृष्टि, भूक्षय जस्ता प्राकृतिक प्रकोप आउन दिनु हुँदैन। यो क्षेत्रलाई मरुभूमि हुनवाट जोगाउनुपर्छ। रेडियो, टेलिभिजन, फोनको माध्यमबाट संरक्षणका लागि प्रचार प्रसार गर्नुपर्छ। लोप हुन लागेका चराचुरुङ्गी, जनावरहरूको संरक्षणमा सरोकारवालाले विशेष ध्यान दिनुपर्छ। सरकारले अझ थप राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षणहरू लागू गर्नुपर्छ । चुरे क्षेत्र जल सम्पदामा पनि धनी छ ।

“नेपालका प्राकृतिक सम्पदा राम्रो र चुरे क्षेत्रको संरक्षण गर्ने काम हाम्रो” भन्ने प्रमुख नाराका साथ जनचेतना जगाउनुपर्छ । पानीको मुहान संरक्षण गर्नुपर्छ । अब हरेक नेपाली खाडी मुलुकमा नगई आफ्नै चुरे क्षेत्रको संरक्षणमा लाग्नुपर्छ । चुरे क्षेत्रका वासिन्दाहरु जाग्नुपर्छ । चुरे क्षेत्रका चुनौतीहरू धेरै छन् । अब हामी सबैले चुरे क्षेत्र राम्रो र हराभरा बनाउन जरूरी छ । चुरे क्षेत्र मरूभूमिकरण हुन दिनु हुँदैन । चुरे क्षेत्रमा जडीबुटीदेखि लोपोन्मुख प्राणीहरू  सबै छन् । दुर्भाग्य यस क्षेत्रको विनाश भइरहेछ । स्वयम् आफूलाई गर्व लाग्छ कि चुरे क्षेत्रमा लडीबुडि खेलेर हुर्केको हुनाले ।

## सुर्खेत जिल्ला

# “चुरे संरक्षणमा विद्यार्थीको भूमिका”

**दिवाकर प्रताप शाह, कक्षा - १० (दश)**
श्री विद्याज्योती उच्च माध्यमिक विद्यालय, वदियाकोट, सुर्खेत
**प्रथम स्थान प्राप्त**

विश्व समाजमा हिमालय पर्वत र प्राकृतिक सम्पदाहरूको स्वर्ग भनी चिनिएको नेपाल वास्तवमै प्राकृतिक सम्पदाको अनुपम भण्डार हो । यहाँ गगनचुम्बी हिमाल छन् । नेपालको नसा बनी बगिरहेका नदीनालाहरू छन् । विभिन्न रूख, जडीबुटी छन् । यी सबै चीजवस्तुले अन्तराष्ट्रिय समुदायलाई आकर्षित गरिरहेको छ । नेपालमा रहेका यस्ता प्राकृतिक सम्पदाहरू मध्ये एक हो चुरे पर्वत । चुरे पर्वत श्रेणीको उत्पत्ति प्लेइस्टोशिन युगमा भएको मानिन्छ । चुरे पर्वत पश्चिम महाकालीदेखि पूर्वमा मेचीसम्म समानान्तर रूपले लम्बिएको छ । चुरे श्रेणीलाई चुरिया र चुरे भन्ने गरिए तापनि दाङदेउखुरी क्षेत्रमा डुँडवा, वाग्मती नदी पूर्व भटवाना चुरे र कोशी नदी पूर्व चुलाचुली पनि भनिन्छ । भारतमा यसलाई शिवालिक पर्वतमाला र बर्मामा इरावदी पर्वतमाला भनिन्छ । चुरे पर्वतको सबैभन्दा अग्लो भाग कैलालीको सहजपुर स्थित भासुको पहाड हो । वर्तमान स्थितिमा अन्तराष्ट्रिय परिचय प्राप्त गरेको यो पर्वत अत्यन्त महत्वपूर्ण मानिन्छ ।

पूर्वमा होचो तर पश्चिममा क्रमश: अग्लिदै गएको चुरे पर्वतको पर्यावरणको महत्व अत्यन्त धेरै रहेको छ। यस क्षेत्रमा प्रसस्त मात्रामा जडीबुटी भएका कारण यहाँका जुडिबुटीद्वारा औषधी बनाउन सकिन्छ। यहाँका वृक्षद्वारा काठ-दाउरा प्रयोग गर्न सकिन्छ। रूखहरू भएका कारण यो क्षेत्रमा स्वच्छ हावा बहन्छ। यहाँ धेरै खनिज पदार्थहरू जस्तैः- सुन, चुन, कोइला तामा आदि पाइने कुरा वैज्ञानिकहरु बताउँछन्। यसबाट राष्ट्रले आर्थिक उन्नति गर्न सक्ने सम्भावना रहेको छ। यहाँ पर्यटकहरू पनि अवलोकन भ्रमण गर्न आउने हुनाले यस क्षेत्रमा पर्यटन व्यवसाय पनि फस्टाउने देखिन्छ।

राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा अत्यन्त धेरै महत्व बोकेको चुरे क्षेत्रको संरक्षण गर्न राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको गठन भएको छ ।

जनसङ्ख्याको अत्याधिक बढ्दो चाप र बढ्दो शहरीकरणले गर्दा यस चुरे क्षेत्र संरक्ष( णमा  चुनौती बनेको छ । यहाँ भएका जीवजन्तु मार्ने, अवैधानिक रूपमा जडीबुटी खोज्ने, खनिज उत्खनन् गर्ने र वनफडानी गर्ने जस्ता क्रियाकलापले चुरे संरक्षण हुन सक्दैन । यो राष्ट्रलाई नै घाटा हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले संरक्षणमा लाग्दा पनि सफलता प्राप्त गर्न सकिरहेको छैन । अब विद्यार्थीहरुले समेत संरक्षणमा लाग्नु पर्ने दिन आएको छ । भविष्यको कर्णधार विद्यार्थी नै हुन् । विद्यार्थी भनेको राष्ट्र, समाज र देशको गहना हो । पर्यावरणीय अस्तित्व बोकेको चुरे क्षेत्रको संरक्षणमा विद्यार्थी लाग्दा फाइदा पुग्नेछ । विद्यार्थीहरु सूचनाका संवाहक हुन । उनीहरूले चुरे क्षेत्रको महत्वको बारेमा आफ्नो घर, समाज र समुदायमा जनचेतना जगाउन सक्छन् । चुरे क्षेत्रको महत्वको बारेमा आफ्नो गाँउ घरमा लोक गीत कार्यक्रम, वक्तृत्वकला, सडक नाटक कार्यक्रम सञ्चालन गर्न सक्छन् । यसै गरी पोस्टर, पम्पलेट बाँड्न सक्छन् । गाँउ घरमा चुरेको महत्वका बारेमा वाल क्लव गठन गर्न सक्छन् । विद्यार्थीहरू मिलेर खाली जग्गामा वृक्षारोपण कार्यक्रम गर्न सक्छन् । गाउँ-समाजका मानिसहरूलाई वृक्षारोपणको महत्व बताई दिन सक्छन् । विद्यार्थीहरूले यसको संरक्षणमा महत्वपूर्ण भूमिका यसरी निर्वाह गर्न सक्छन् ।

चुरेको संरक्षणले विश्वव्यापी पर्यावरण संरक्षणमा योगदान पुग्छ । यो हामी सबैले बुझ्नुपर्छ । वातावरण सम्बन्धी काम गर्ने संस्थाहरूको यसतर्फ आँखा जानु जरूरी छ । राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले धेरै सफलता हासिल गर्नुपर्ने देखिन्छ ।

# "चुरे संरक्षणमा विद्यार्थीको भूमिका"

**एलिसा पौड्याल, कक्षा -१० (दश)**
श्री विद्याज्योती उच्च माध्यमिक विद्यालय, बाबियाचौर-३, सुर्खेत
**द्वितीय स्थान प्राप्त**

बिरुवाहरूको समूहलाई वन भनिन्छ । वन प्रकृतिमा पाइने प्रमुख सम्पदा हो । देशको आर्थिक तथा सामाजिक विकासका लागि वनजङ्गलले महत्वपूर्ण योगदान दिनसक्छ। नेपालको वनलाई धरातलीय दृष्टिकोणले उष्ण सदावहार वन, पतझर मौसमी वन र कोणधारी वन गरी तीन भागमा विभाजन गरिएको छ। चुरेको वनमा साल, सिसौ, खयर, सिमल आदि जातका रूख बिरूवाहरू पाइन्छन् । श्रृङ्खलाको मध्य भागमा पाइने वनलाई पतझर मौसमी वन भनिन्छ । यस वनमा गुराँस, बाँस, निगालो, देवदार आदि बहुमूल्य जडिबुटीहरु पाइन्छन् ।

बि.सं. २०५८ साल सम्म देशको कुल भू-भागको लगभग ३९.६% वनक्षेत्रले ओगटेको थियो भने हालको तथ्यांक अनुसार करिब २९% मा वनजङ्गल सीमित रहन पुगेको छ। यस भित्र चुरे पनि पर्दछ। वनको पानीको मुहानको संरक्षण गरी सिंचाई र विद्युत आयोजनालाई सहयोग पुऱ्याउँछ । वनजङ्गलले स्वच्छ जलवायु प्रदान गर्दछ । रूखबाट प्राणवायु प्राप्त हुन्छ । वनजङ्गलले भूक्षयको रोकथाम गर्नुका साथै वातावरणीय सन्तुलन कायम राख्छ । वातावरणलाई स्वच्छ राख्न, दैनिक इन्धनको रूपमा काठ, दाउरा उपलब्ध गराउन र देशको राजस्व वृद्धि गर्न वनजङ्गलको ठूलो महत्व रहेको छ ।

विगत ४० बर्षदेखि व्यापक मात्रामा चुरेक्षेत्रको वन विनाश भइरहेको छ । चुरेक्षेत्रमा पाइने बहुमूल्य जडीबुटी, रूख बिरूवाहरू साल, सल्ला, सिसौ, खयर, सिमल, चाँप, पलाँस, कटुस, बाँस, जामुन जस्ता रूख बिरूवाहरूको विनाश हुदैं गइरहको छ । चुरे क्षेत्र संरक्षणका लागि विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रहेको छ । विद्यार्थीहरूले सर्वप्रथम घरका सदस्यहरूलाई चुरे क्षेत्र संरक्षणको बारेमा बताउनुपर्छ । विद्यार्थीहरूले समाजका मानिसहरूको जनसहभागिता जुटाई चुरे क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नुपर्छ । तीव्र गतिले चुरे क्षेत्रको विनाश भएमा भावी पिँढीले चुरे क्षेत्रका बोट बिरूवाहरूको उपभोग गर्न पाउनेछैन । यसबारे जनचेतना जगाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। विद्यार्थीहरूले

सामुदायिक वनका सदस्यहरूलाई भेला गराई जनसङ्ख्या वृद्धि नियन्त्रण र बसाँई-सराइ नियन्त्रण गर्न सुझाव दिनुपर्छ । विद्यार्थी भनेका भविष्यका कर्णधार, राष्ट्रनिर्माता र देशको गहना हुन् । विद्यार्थीहरूले सूचना सम्प्रेषणको प्रभावकारी भूमिका खेल्न सक्छन । चुरे क्षेत्रको संरक्षण तथा सम्बर्द्धनमा विद्यार्थीहरुले जनचेतना अभिवृद्धि गर्न सहयोग गर्न सक्छन् । यस चुरे क्षेत्रले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा अत्यन्त धेरै महत्व बोकेको हुनाले यो कुरा विद्यार्थीहरुले बुझ्नुपर्छ । अरुलाई पनि बुझाउनुपर्छ ।

चुरे क्षेत्रमा भएका जीवजन्तुहरूलाई मानिसहरूले मारिरहेका छन् । अवैधानिक रूपमा जडीबुटीको तस्करी, खनिज उत्खनन् र वनफडानी जस्ता क्रियाकलापहरू बढिरहेका छन् । विद्यार्थीहरूले यस क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गरेमा राष्ट्रलाई अत्यन्तै फाइदा हुनेछ । चुरे क्षेत्रमा चुन, कोइला जस्ता खनिज पदार्थहरू प्रशस्त मात्रामा रहेका छन् । विद्यार्थीहरूले यस्ता खनिज पदार्थहरूको जथावाभी उत्खनन् गर्नु हुँदैन भनेर गाउँघरमा भन्न सक्छन् । चुरे क्षेत्रमा विभिन्न देशबाट पर्यटकहरू यहाँका प्राकृतिक सम्पदा र मनोरम दृश्य अवलोकन गर्न आउने गर्दछन् । यसबाट पर्यटन व्यवसाय फस्टाउँछ । भविष्यका सन्तति भावी पुस्ताका लागि पनि चुरे संरक्षण गर्नुपर्छ भन्ने कुरा बुझाउन सक्यौं भने फाइदा हुनेछ । चुरे क्षेत्रको विनाश भइरहेको अवस्थामा विद्यार्थीहरूले यस क्षेत्रको महत्वको बारेमा यहाँका वासिन्दाहरूलाई जनचेतना जागृत गराउन सक्छन् ।

चुरे पर्वत पश्चिम महाकालीदेखि पूर्वमा मेचीसम्म फैलिएको छ । चुरे विनाश हुदै जाँदा जीवजन्तुहरू तीव्र गतिमा लोप भइरहेका छन् । त्यसैले वातावरण सन्तुलनको लागि पनि चुरेको विनाश रोक्नुपर्छ । आजैदेखि विद्यार्थीहरुले नजानेका र नबुझेका हरुलाई बुझाउन लागिहाल्नुपर्छ । नत्र चुरे जोगाउन कठीन हुनेछ ।

# “चुरे संरक्षणमा विद्यार्थीको भूमिका”

**स्नेहा पोखरेल, कक्षा - १० (दश)**
श्री शिव उच्च माध्यमिक विद्यालय, वीरेन्द्रनगर, सुर्खेत
**तृतीय स्थान प्राप्त**

नेपालको पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म फैलिएको महाभारत डाँडो र तराई प्रदेश लाई छुट्याउने पूर्व पश्चिम लमतन्न परी बसेको डाँडाहरूको श्रृंखला चुरे पर्वत हो । यसले नेपालको १२.७८% प्रतिशत भूभाग ओगटेको छ । विश्व मानचित्रमा हेर्ने हो भने यो चुरे पर्वत श्रृङ्खला पाकिस्तानको इन्दुस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको देखिन्छ। भूगर्भ विद्हरूले करिब चार करोड वर्ष पहिले थेगर थुप्रिएर यो क्षेत्र निर्माण भएको दावी गर्दछन्। नेपालमा पर्ने चुरे क्षेत्रले हाम्रो देशको सौन्दर्य बढाउने काम गरेको छ ।

चुरे हाम्रो देशको तराई क्षेत्रको उपल्लो भावर क्षेत्रको शिरका रूपमा रहेको मनोरम भूमि हो । यो हाम्रो अनमोल सम्पति हो । यस श्रृङ्खलामा कयौं वनस्पतिहरू पाइन्छन् । त्यहाँको घना जङ्गलमा कतिपय औषधीजन्य गुणका जडीबुटी छन् । कतिपय फर्निचर बनाउन सकिने बोट बिरूवाहरु रहेका छन्। त्यसको सतह र भित्री भागमा रहेका गिट्टी, ढुङ्गा र बालुवा हाम्रो लागि अमूल्य सम्पदा हुन् । चुरे क्षेत्रदेखि तलतिरका भू-भागमा बालुवा, गिट्टी, ढुङ्गा सकिदै जाँदा आज भोलि यसको उत्खनन् तथा चोरी निकासी हुन थालेको छ ।

हामीले यस क्षेत्रको संरक्षणका लागि चारैतिरबाट आवाज उठेको देखेसुनेका छौं । आर्थिक वर्ष २०६६/६७ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू भयो । त्यसैगरी २०७१ सालमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन भई कार्यक्रमहरु संचालित छन्। तस्करहरूले चुरेका ढुङ्गा, बालुवा, गिट्टी र रूखहरूलाई चोरी तस्करी गरेर अन्य देशहरूमा लगिरहेका छन्। पैसाको लोभमा मासेका छन् ।

सन् १९५० अघिसम्म घना बनजङ्गलले ढाकिएको चुरे तत्पश्चात् तीव्र रूपमा विनाश हुँदै आएको देखिन्छ। यसका साथै भूक्षय भई पहिरो खस्ने, नदी कटान, जमिनमुनीको पानीको तह घट्दै जानु नै यस क्षेत्रका प्रमुख समस्या बन्न पुगेका

छन् । जसका कारणले जैविक विविधतामा ह्रास आउनुको साथै मानवीय जनजीवन कष्टकर बन्दै गएको छ । यो क्षेत्रको संरक्षण भन्ने बित्तिकै यसमा रहेको बालुवा, रोडा, गिट्टी र ढुङ्गाको निकासी हुनबाट रोक्नु वा नियन्त्रण गर्नु भन्ने बुझिन्छ । यो क्षेत्रमा साल, सल्लो, सिसौ जस्ता वनस्पति रहेका छन् । यिनका जराले चुरेक्षेत्रको बालुवामय माटोलाई संरक्षण गरी रोक्ने काम समेत गर्दछ । यी वनस्पतिको अवैध कटानी, चोरी, निकासी र डढेलो लगाउने काम नियन्त्रण गर्नु पनि चुरे संरक्षण अन्तर्गत नै पर्दछ । यस क्षेत्रको संरक्षण गर्न सरकारले विभिन्न समयमा नीति निर्माण गरी कार्यान्वयन गर्न स्थानीय स्तरमा पठाउने गर्छ । तर यस क्षेत्रको संरक्षण हुन सकेको छैन ।

हाम्रो देशको दाजुभाइहरूलाई राष्ट्रको माटो बचाउनु पर्छ भन्ने विचार छैन । भएर पनि पैसाका लागि अन्धो बनेका छन् । उनीहरूको सोचाई, गराई र व्यवहारमा परिवर्तन गराउने जिम्मा उनीहरूका छोराछोरी घर परिवारले गरेमा मात्र चुरेक्षेत्र साँचो अर्थमा संरक्षित हुनसक्छ । प्रत्येक घरका बालवालिकाहरु विद्यालयमा पढ्न गएका हुन्छन् । अब विद्यार्थीहरुले संरक्षणको अभियान चलाउनु पर्छ । चुरेक्षेत्र संरक्षणका लागि सञ्जाल, चुरे क्षेत्र बचाउ समिति, चुरे संरक्षणको क्लव जस्ता विद्यालय स्तरीय सञ्जाल तयार पार्न सकिन्छ । यस्ता बाल सञ्जालहरूले आ-आफ्ना विद्यालय र समुदायमा चुरेको संरक्षणमा मद्दत पुऱ्याउन सक्छन् । विद्यार्थीहरूले यसको संरक्षणको लागि विभिन्न किसिमका कार्यक्रमहरू बनाउँनुपर्दछ । त्यसका साथ साथै सरकारी, गैरसरकारी र विभिन्न संस्थाहरूसंग मिलेर काम गर्न सकिन्छ । हामी विद्यार्थीहरूले विद्यालय, गाँउ-वस्तीहरूमा, सडक नाटक, गीत, गजल, प्रस्तुत गरी चुरे संरक्षणका लागि घरघरमा, टोल टोलमा जनचेतना फैलाउन सकेमा यसको संरक्षण हुन सक्नेछ ।

# "चुरे संरक्षण र हाम्रो भविष्य"

**प्रकाश भट्टराई, कक्षा - १० (दश)**
श्री बागेश्वरी आवासीय उच्च माध्यमिक विद्यालय, बर्दिया
**प्रथम स्थान प्राप्त**

महाभारत पर्वतबाट ओरालो झर्दा तराईको समथर भू-भाग आउनु अघिको पर्वतलाई चुरे भनिन्छ । यसलाई चुरिया अथवा शिवालिक भनेर पनि भन्ने गरिन्छ । पत्रे चट्टान र मलिलो माटोबाट बनेको यो पर्वत नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यो पर्वत पाकिस्तानको इन्दुस नदीदेखि नेपाल हुँदै भारतको ब्रम्हपुत्रनदीसम्म फैलिएको छ । यसले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत भू-भाग ओगटेको छ । यस पर्वतको सबैभन्दा अग्लो स्थान कैलाली जिल्लाको सहजपुरमा पर्ने भासुको पहाड हो । यसको उचाई समुद्री सतहबाट १९७२ मीटर रहेको छ ।

चुरे क्षेत्र तराई तथा नेपालको लागि महत्वपूर्ण छ । तराईका वासिन्दाले दाउरा, घाँस, आदि यहाँबाट लैजान्छन् र उपभोग गर्छन् । यस क्षेत्रमा बिभिन्न किसिमका जडीबुटीहरू पाइने हुनाले यो क्षेत्र निकै महत्वपूर्ण रहेको छ । तराईका मानिसहरू यी जडीबुटीहरू बेचेर आफ्नो जीविकोपार्जन गर्छन् । मानिसहरूलाई घर बनाउँदा काठ-दाउरा चाहिन्छ, त्यसैले काठ, दाउराको लागि जङ्गल हुनुपर्छ । काठ-दाउराबाट उत्पादित सामानहरू बेचेर तराईका वासिन्दाहरू जीविका चलाउँछन् । उत्तरबाट हिउँ पग्लेर महाभारत हुँदै, चुरे क्षेत्र भएर तराईतिर बग्छन् । यसरी बग्ने क्रममा ती नदीले ढुङ्गा, बालुवा, गिट्टी बगाएर ल्याउछन् । चुरेको फेदीमा ती ढुङ्गा, गिट्टी, बालुवा, कंकडहरू थुप्रिएको भागलाई भावर भनिन्छ । यस क्षेत्रले दक्षिण तराईका लागि पानी संचित गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । चुरे क्षेत्र पर्यावरणका लागि महत्वपूर्ण मानिन्छ । चुरे क्षेत्रको आफ्नो छुट्टै विशेषता छ । यहाँ विभिन्न प्रजातिका चराचुरुङगी, वन्यजन्तु पाइन्छन् । यहाँको जङ्गलमा दुर्लभ जीवजन्तुहरू, बोट-बिरुवाहरू पाइन्छन् । साल, सिमल, खयर, सल्लो आदि रुखहरूमा प्रसस्त रूपमा पाइने हुनाले यस क्षेत्रमा अवैध फडानी भइरहेको छ । यस क्षेत्र अन्तर्गत बाँके, बर्दिया तथा चितवन राष्ट्रिय निकुञ्ज रहेकाले चुरेको संरक्षणमा सजिलो पनि भएको छ ।

आज भोलि चुरेको संरक्षणमा धेरै समस्याहरू देखिएका छन् । नेपालको पशि( चममा भन्दा पनि पूर्वतिर चुरे पर्वतको दोहन कार्य तीव्र गतिमा भइरहेको छ । जतातत‍ै वन अतिक्रमण, वनफडानी, डढेलोले चुरे क्षेत्र नाङ्गो बनाइ सक्यो । यसले गर्दा तराई क्षेत्रमा धेरै समस्याहरू देखिने गरेको छन् । वनफडानीले धेरै समस्या निम्त्याउन सक्छ जस्तै पानी नपर्ने समस्या र बाढी पहिरो आउने समस्या आदि । वनफडानी भयो भने पानीको मुहानहरू सुक्दै जान्छन् । नदीहरू सुक्दै जान्छन र खडेरी लाग्छ । वनमा एउटा पनि रुख छैन भने पहिरो जाने सम्भावना बढेर जान्छ । रुख बिरूवा रोप्यौं भने ती रुख बिरूवाहरूले माटोलाई रोकेर राख्छन् जसकारण पहिरो जाने सम्भावना हुँदैन । चुरे क्षेत्रमा विभिन्न प्रजातिका चराचुरुङ्गी, जीवजन्तु बसोवास गर्दै आइरहेका छन् । वन विनाश भयो भने ती वन्यजन्तुहरू लोप हुने सम्भावना धेरै हुन्छ । वन विनाशले बाढी पनि निम्त्याउँछ । चुरे क्षेत्रमा फडानी, विनाश कै कारण बर्षेनी तराई क्षेत्रमा बाढी आउने गरेको छ । त्यसकारण यदि चुरेको अस्तित्व रहेन भने हाम्रो पनि अस्तित्व रहन्न । तराई क्षेत्र नेपालको अन्नभण्डार हो । पहाडबाट नदीनालाले पहाडको ढुङ्गा, गिट्टी र बालुवा बगाएर तराईको उर्वर जमिनलाई मरुभूमि बनाइदिन्छ । जसका कारण यहाँको उब्जनी घट्न जान्छ र यहाँ भोकमरी लाग्न सक्छ ।

चुरे क्षेत्र विनाश भयो भने पानीका मुहान, नदी, नालाहरू सुक्दै जान्छन् । यहाँ सिंचाई गर्न गाह्रो पर्छ । चुरे क्षेत्रमा काठको र वनपैदावारको चोरी, तस्करी तीव्र गतिमा भइराखेको छ । जसले गर्दा तराईमा धेरै समस्यहरू देखिएका छन् । चुरे क्षेत्रमा तीव्र वन विनाश हुनुका कारणहरू धेरै छन् उदाहरणतः वनफडानी, वन डढेलो, वन अतिक्रमण र आफ्नो स्वार्थका लागि रुख बिरूवा काटेर बेच्नु । भावर क्षेत्रबाट गिट्टी, बालुवा, ढुङ्गा उत्खनन् गरेर क्रसर उद्योग सञ्चालन गर्नु आदि । नेपाल सरकारले चुरे संरक्षण गर्न धेरै पहल गरिरहेको छ । ती मध्ये राष्ट्रपति चुरे संरक्षण कार्यक्रम पनि एक हो । चुरे संरक्षणका कार्य प्रभावकारी रूपमा सञ्चालन भयो भने चुरेको भविष्य उज्वल हुन्छ साथै तराईको भविष्य पनि राम्रो हुन्छ । चुरे संरक्षणका लागि निम्न कार्यक्रम गर्न सकिन्छः-

(क) जनचेतना फैलाउने ।

(ख) भावर क्षेत्रवाट ढुङ्गा, बालुवा, गिट्टी उत्खन्न गर्न नदिने ।

(ग) वृक्षारोपण कार्यक्रम गर्ने ।

(घ) सरकार र समुदायबाट संरक्षणका लागि पहल गर्ने ।

(ङ) वनफडानीमा रोक लगाउने ।

# "चुरे संरक्षण र हाम्रो भविष्य"

**प्रतिभा शाही, कक्षा - १० (दश)**
श्री बगलामुखी राधाकृष्ण उच्च माध्यमिक विद्यालय, वर्दिया
**द्वितीय स्थान प्राप्त**

नेपालमा महाभारत पर्वतको दक्षिणमा अवस्थित पूर्वदेखि पश्चिमसम्म फैलिएको पर्वतमाला चुरे श्रृंखला हो । यो समुद्री सतहबाट १२० मीटरदेखि १९७२ मीटरको उचाईसम्म रहेको छ । यो पश्चिमदेखि कोशी नदीसम्म महाभारत पर्वतमालाको समानान्तर रूपमा लम्बिएको छ भने त्यो भन्दा पूर्व खण्डित हुँदै ढिस्का वा थुम्काको रूपमा रहेको छ र यसलाई चुरिया वा चुरे पनि भनिन्छ । तापनि दाङदेउखुरी क्षेत्रमा डुंडवा र कोशी पूर्व चुलाचुली पनि भन्ने गरेको यदाकदा सुनिन्छ । यसलाई भारतमा शिवालिक र वर्मामा इरावति पर्वतमाला भनिन्छ । कमलो ढुङ्गा, बालुवा, रोडा कंकड, पत्थर, अभ्रक आदि मिश्रित भई चुरे पर्वत बनेको छ । यो महाभारत पर्वतमाला र हिमालय पर्वतमाला भन्दा कम खाँदिलो हुनुका साथै माटो पूर्ण विकसित छैन र उवड खावड धरातल छ । चुरे पर्वत प्लेइस्टोसीन युगमा निर्माण भएको मानिन्छ । पूर्वमा होचो तर पश्चिमतर्फ क्रमशः अग्लिंदै गएको छ । यसको सबैभन्दा अग्लो भाग १९७२ मीटर कैलाली जिल्लामा पर्दछ । चुरे पर्वतको पूर्वमा ५ माइल, मध्य तराईमा १० माइल, दाङदेउखुरीमा १२ माइल र सुदूर पश्चिममा ५ माइल फराकिलो हुँदै गएको छ ।

चुरे क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरू हराएर वा नासिएर जान दिनु हुन्न । चुरे क्षेत्रमा पाइने ढुङ्गा, माटो, जङगल, नदीनाला, वनस्पति आदि हाम्रा भविष्यका सन्ततिहरूलाई जस्ताको तस्तै हस्तान्तरण गर्नुपर्छ । यिनलाई विनाश हुनबाट बचाउनुपर्छ । चुरे क्षेत्रलाई संरक्षण गर्न अति आवश्यक छ । भविष्यमा हाम्रा सन्तानका लागि हामीले प्राकृतिक स्रोतहरू सुरक्षित राख्न आवश्यक छ । यदि हामीले चुरे क्षेत्रको संरक्षण गऱ्यौं भने हाम्रो तराई प्रदेशको जमिनको उर्वरा शक्तिको वृद्धि हुनेछ । हामीले चुरे क्षेत्रलाई संरक्षण गर्न सकेमा चुरे क्षेत्रको साथै तराई क्षेत्रको जैविक विविधताको पनि संरक्षण हुन्छ । चुरे क्षेत्र संरक्षित भयो भने हामीले हावापानीको परिवर्तनबाट तराई क्षेत्रमा पर्ने नकारात्मक असरलाई न्यून गर्न सक्छौं । वनक्षेत्रको विकास र आरक्षण तथा राष्ट्रिय निकुञ्जको बिस्तार गर्दा पनि यसको संरक्षण हुनेछ । यसलाई संरक्षण गरेमा पर्यटन व्यवसाय पनि सञ्चालन हुनसक्छ । पर्यटन व्यवसायले हाम्रो देशको आर्थिक विकास हुन्छ । यसलाई संरक्षण गर्ने काम हरेक नागरिकको कर्तव्य हो । चुरेले तराई क्षेत्रमा प्राकृतिक स्रोतहरूको आपूर्ति गर्दछ । हामीले यसको

संरक्षण गरी हाम्रो भविष्य राम्रो बनाउन लागि प्राकृतिक स्रोतहरूको आपूर्ति गर्दछ। हामीले यसको संरक्षण गरी हाम्रो भविष्य राम्रो बनाउन सक्छौं ।

चुरे राम्रो धरणी तलमा स्वर्गसरी,
धरती हाम्रो भूतलमा फूल थुङ्गा समान ।
रोजौं खोजौं खनिज अनमोल धातुको रूप पुञ्ज,
रोजौं सरल सलिल स्वर्ग वाटी कुञ्ज ।

हामीले चुरे क्षेत्र संरक्षणको लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ । चुरे संरक्षणका लागि कानूनी व्यवस्था गर्नु पर्दछ । चुरे संरक्षणको लागि दीर्घकालिन योजना निर्माण गर्नु पर्दछ । चुरे क्षेत्रबाट जथाभावी काठ-दाउरा, ढुङ्गा, बालुवा निकाल्न प्रतिबन्ध लगाउनुपर्छ । जथाभावी गर्नेलाई कडा सजाय दिनु पर्दछ । प्राकृतिक प्रकोपहरूबाट बच्न र बचाउनका लागि तटवन्ध लगाउने । वन्यजन्तु लगायत वनक्षेत्रको संरक्षणका लागि चुरे क्षेत्रलाई विभिन्न राष्ट्रिय निकुञ्ज तथा आरक्षणको रूपमा बिस्तार गर्ने । जीवन निर्वाहका लागि चुरे क्षेत्रको जङ्गलमा भर परेका मानिसहरूलाई अन्यत्र रोजगारको व्यवस्था गर्ने । चुरे क्षेत्रको विकास कार्यहरू मूल्याङ्कन, अनुगमन गर्न समय समयमा जानु पर्दछ । चुरे क्षेत्रमा चोरी शिकारी गर्नेलाई सजाय गर्नु पर्दछ । खाली क्षेत्रमा विभिन्न वृक्षारोपण गर्नु पर्दछ । यस क्षेत्रमा कुनै पनि बाहिरी व्यक्तिलाई जान नदिने ।

समग्रमा नेपालको तराई प्रदेशको शिर र महाभारतको काखको रूपमा अवस्थित पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपालको सबैभन्दा होचो पहाड चुरे पर्वत हो । जुन शिवालिक पर्वत क्षेत्रको रूपमा पनि प्रसिद्ध छ । यस क्षेत्रको हावापानी, वनजङ्गल, माटो, ढुङ्गा आदि विनाश नगर्नु नै चुरे क्षेत्रको संरक्षण हो । कानूनी व्यवस्था, जथाभावी प्राकृतिक विनाशको नियन्त्रण गर्ने, तटबन्ध लगाउने तथा वृक्षारोपण गर्ने जस्ता कार्यका माध्यमबाट चुरेको संरक्षण गर्न सकिन्छ । जैविक विविधताको संरक्षण, प्राकृतिक सन्तुलन गर्ने, पर्यावरणीय सन्तुलन गर्ने, पर्यटकीय क्षेत्रको रूपमा बिस्तार गर्ने, प्राकृतिक स्रोत साधनको आपूर्ति गर्ने जस्ता कार्यहरूका लागि चुरे संरक्षण गर्न अति आवश्यक छ । यसका लागि हामीले जनचेतनाका विभिन्न अभियान चलाउन जरूरी छ ।

"छौडौं तरुवा भावना, सोचौं केहीं यही गर्नु छ, चुरे संरक्षित हुनुपर्छ सोच्नु पर्दछ ।"

## "चुरे संरक्षण र हाम्रो भविष्य"

**अर्जुन थारू, कक्षा - १० (दश)**
श्री महाकवि देवकोटा उच्च माध्यमिक विद्यालय, वर्दिया
**तृतीय स्थान प्राप्त**

हाम्रो देश नेपाल एक प्राकृतिक सौन्दर्यताले भरिपूर्ण देश हो। हाम्रो देश नेपाललाई धरातलीय स्वरूप अनुसार हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजित गरिएको छ। नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म चुरे पर्वत श्रृंखला फैलिएर रहेको छ। चुरे एक प्रकारको पहाड नै हो। यो तराईको उत्तरपट्टी अवस्थित छ। चुरेमा विभिन्न प्रकारका बोट-बिरुवाहरू भएका वनजङ्गलहरू छन्। वनजङ्गल भएकै कारणले यहाँ विभिन्न प्रकारका वन्यजन्तुहरूको बसोवास रहेको छ। तराई प्रदेशको उत्तरपट्टी अवस्थित रहेको चुरेले धेरै विशेषताहरू बोकेको छ। नेपालको अधिकांश प्राकृतिक सौन्दर्यताका कुराहरू यसै चुरेमा छन्। यहाँ दुर्लभ पशुपक्षी तथा वन्यजन्तुहरू छन्। बाघ, भालु, चितुवा, बँदेल, बाँदर, गैंडा, हाती जस्ता विभिन्न प्रकारका जन्तुहरूको बसोवास छ। पशुपक्षीहरूमा धनेस, परेवा, ढुकुर लगायत अन्य प्रकारका पक्षीहरू पनि पाइन्छन्। चुरे क्षेत्र हाम्रो लागि अति नै महत्व बोकेको क्षेत्र हो। यहाँ विभिन्न प्रकारका बोट-बिरूवा, जडीबुटी, फूलहरू र झारपातहरू पाइन्छन्। यस क्षेत्रले तराईमा बसोवास गर्ने मानिसहरूको जीवन सरल र सुलभ तुल्याएको छ। चुरेबाट नै तराईमा विभिन्न नदीनाला, खोलानाला, नहरहरू बगेर गएका छन्। यसले गर्दा तराई क्षेत्रमा बसोवास गर्ने मानिसहरूलाई कृषि खेती गर्न सजिलो भएको छ। यस क्षेत्रबाट नै हामीले घर निर्माण अथवा अन्य कुनै कार्यहरू सम्पन्न गर्नका निम्ति ढुङ्गा, बालुवा, गिट्टी आदि विभिन्न निर्माण सामाग्रीहरू प्राप्त गरिरहेका छौं।

चुरेले हाम्रो देशको आर्थिक स्रोत बढाउने कार्यमा पनि ठूलो भूमिका खेल्न सक्छ। चुरेले विभिन्न प्रकारका प्राकृतिक दृश्यहरूका माध्यमबाट विदेशीहरूलाई लोभ्याएर आफूतिर आकर्षित गरेको छ। बर्षेनी हाम्रो देशका चुरेका विभिन्न दृष्यहरू हेर्न र अवलोकन गर्न विभिन्न राष्ट्रहरूबाट पर्यटकहरू भित्रिने गर्छन्। यसले चुरे क्षेत्रमा बसोवास गर्ने नागरिकहरूलाई विदेशी मुद्रा आर्जन गर्ने अवसर प्राप्त भएको छ। यस क्षेत्रले पर्यटन व्यवसायमा पनि सहयोग गरेको छ। चुरे क्षेत्रमा विभिन्न प्रकारका लाभदायक जडीबुटीहरू पाइन्छन्। यस्ता जडीबुटीहरू बेचेर हाम्रो देशले विदेशी मुद्रा आर्जन गर्न सक्छ। चुरे हामी र हाम्रो देशको लागि अति नै उपयोगी भए तापनि यो विनाश हुँदै गएको छ। बढदो जनसङ्ख्याको चापले मानिसहरूको

आवश्यकता दिन प्रतिदिन बढदै गइरहेको छ । त्यसकारण आफ्ना विभिन्न इच्छा( लाई पूरा गर्न चुरे क्षेत्रमा भएका वनजङ्गल मास्ने गर्दछन् । वन्यजन्तुहरूको चोरी शिकारी गर्दछन् ।

दुर्लभ तथा लोप हुन लागेका जीवहरूको हत्या गरी तिनीहरूको छाला छुटाउने र महंगो बोट-बिरूवाहरूलाई काटी काठ व्यापार गर्ने जस्ता कार्यहरू गर्ने गरेका छन् । उनीहरूले चुरेको महत्व बुझे तापनि नबुझे झैं गरी विनाश गरिरहेका छन् । यस्ता अपराध जन्य कार्यहरू दिन-प्रतिदिन बढदो क्रममा छन् । यदि हामीले यसलाई रोक्न सकेनौं भने चुरे नाममा मात्र सीमित हुन सक्छ ।

नेपाल सरकारले पनि चुरे संरक्षण सम्बन्धी ठाउँ ठाउँमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न अति नै जरुरी छ । त्यसकारण नेपाल सरकारले चुरेको महत्व बुझी ठाउँ ठाउँमा विभिन्न आरक्षण तथा निकुञ्जको स्थापना गरेको छ । तर चोरी शिकारी जस्ता कार्यहरूलाई रोक्न सकेको छैन । नेपाल सरकारले राष्ट्रपति चुरे संरक्षण भन्ने कार्यक्रम पनि सञ्चालन गरेको छ । यो कार्यक्रमले गर्दा अपराधजन्य कार्यक्रमहरू थोरै मात्रामा कम भएको पाइन्छ । यो क्षेत्रको संरक्षण गर्नु हामी सबैको परम कर्तव्य हो । चुरे क्षेत्रले हामीलाई आफ्नो जीवन निर्वाह गर्न मद्दत पुर्‍याएको छ । यस क्षेत्रमा भएको पर्वत श्रृंखलाले गर्दा हाम्रो तराई प्रदेशलाई खेतीका निम्ति पानीको आपूर्ति भएको छ । यदि हामीले चुरे क्षेत्रको संरक्षण गरेनौं भने हाम्रो भविष्य अन्धकारमय हुन सक्छ । तराई प्रदेशमा विभिन्न प्राकृतिक विपत्तिले घेरिन सक्छ । हामीलाई विभिन्न प्रकारका समस्याहरू आईपर्दछन् जस्तैः खानेपानीको अभाव, सिंचाईको अभाव, विजुलीको अभाव, घर निर्माणका निम्ति विभिन्न सामग्रीको अभाव आदि जस्ता समस्याहरूले सताउँछन् । त्यसकारण हामीले आफ्नो उज्ज्वल भविष्यका लागि चुरेको संरक्षण गर्नु अति नै जरुरी बनेको छ ।

चुरे संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम आउनु राम्रो हो । यो कार्यक्रम मार्फत नेपाल सरकारले जनतालाई चुरेको महत्व तथा यसको विनाशले हामीलाई के असर गर्छ भन्ने कुराको ज्ञान दिलाउन आवश्यक छ । हामीले पनि यसको महत्व बुझी नेपाल सरकारलाई चुरे संरक्षण गर्न सहयोग गर्नुपर्छ । नेपाल सरकारले पनि चुरे संरक्षण सम्बन्धी विभिन्न प्रकारका विज्ञापनहरू, पाठ्यपुस्तकहरू, पत्रपत्रिकाहरू प्रकाशन प्रचार, प्रसार र जानकारी गराउनु पर्दछ ।

## "चुरे संरक्षणमा समुदायको भूमिका"

**श्याम रावल, कक्षा - १० (दश)**
श्री कालिका माध्यमिक विद्यालय, रामशिखर झाला -२, कैलाली
**प्रथम स्थान प्राप्त**

नेपालको पहाडी प्रदेश अन्तर्गत पर्ने महाभारत पर्वत श्रृंखला भन्दा दक्षिणतिर र तराई प्रदेश भन्दा उत्तरतर्फ पूर्वदेखि पश्चिमसम्म फैलिएको महत्वपूर्ण वन नै चुरे हो । चुरे क्षेत्र समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको उचाईमा फैलिएको छ । चुरे वन नेपालको एक महत्वपूर्ण वनसम्पदा हो । यहाँ बाघ, हाती, गैंडा, चितुवा, खरायो, चित्तल, बँदेल आदि जनावरहरू पाइन्छन् । साल, सिसौ, खयर, सिमल, कटुस, चिलाउने आदि प्रजातिका बोट-बिरूवाहरू पाइन्छन् । ढुकुर, धनेस, गिद्ध, बाज, लाटोकोसेरो आदि चराचुरुङ्गीहरू पनि पाइन्छ । यो वनक्षेत्र स-साना नदीनालाको, मुहान क्षेत्र पनि हो । यस वनक्षेत्रमा फलफूल, कन्दमूल, जडीबुटी आदि पनि पाइन्छन् । यो वनक्षेत्र एकदमै रमाइलो लोभ लाग्दो रहेको छ । यो वनक्षेत्र एकदमै हरियाली छ । चुरे वनबाट स्थानीय समुदायहरूले धेरै फाइदा लिएका छन् । उनीहरूले चुरेबाट घाँस, दाउरा, काठ आदि पाउँछन् । चुरे वनक्षेत्र समुदायका लागि जीउने आधार बनेको छ । पशुपालन गर्नका लागि पनि स्थानीय समुदायले यसको प्रयोग गर्दछन् । स्थानीयहरूले चुरे वनलाई आय आर्जनको स्रोत पनि बनाएका छन् ।

वर्तमान समयमा यो चुरे क्षेत्र तीव्र गतिमा विनाश भइरहेको छ । स्थानीय जनताहरू सक्रिय नहुँदा लुकिछिपी काठ चोरी गर्नेको विगविगी पनि बढदैछ । जथाभावी चुरे फडानी, डढेलो लगाउनाले, वस्ती बसाउनाले र काठ-दाउरा चोरी गर्नाले यो वनक्षेत्र नाश भइरहेको छ । त्यस्तै ढुङ्गा निकासी, जडीबुटीको चोरी, गाईवस्तु छाडा छोड्नाले पनि यस क्षेत्रको विनाश भइरहेको छ । यसरी विनाश हुँदा स्थानीय जनसमुदायलाई जीवन निर्वाह गर्न कठिनाई पर्दछ । चुरे क्षेत्रको विनाशले स्थानीय क्षेत्रमा बाढी आएर उर्वरायुक्त जग्गा जमिन कटान गर्ने, गाउँ वस्ती डुवान गर्ने, पहिरो आउने हुन्छ । चुरेको विनाशले अतिवृष्टि हुने, अनावृष्टि हुने गर्दछ । जसले गर्दा राम्रो उब्जनी नभएर भोकमरीको समस्या आउँछ । यसरी समुदायलाई दैनिक जीवन निर्वाह गर्न कठिनाइ पर्दछ । यसो हुन नदिन समुदायको विशेष

भूमिका रहन्छ। समुदायले चुरेको संरक्षण गर्नुपर्दछ। जबसम्म समुदायको सम्पूर्ण व्यक्तिहरू एकजुट भएर चुरेको संरक्षणमा लाग्दैनन् तबसम्म यो क्षेत्रको अस्तित्व खतरामा पर्नेछ। सरकारले चुरे संरक्षण सम्बन्धी बनाएका ऐन कानूनबाट मात्र चुरे क्षेत्रको संरक्षण सम्भव छैन। चुरेको संरक्षणमा समुदाय नै अग्रसर हुनु पर्दछ। स्थानीय समुदायले चुरे संरक्षणका लागि विशेष योजना बनाउनु पर्दछ जसले चुरेको संरक्षणमा राम्रो योगदान गर्न सकियोस्। यसैगरी संर-क्षणमा योगदान दिने व्यक्तिलाई सम्मान गर्ने र विनाश गर्ने व्यक्तिलाई दण्डित गर्नुपर्छ। समुदायले चुरे वनको संरक्षण गर्दा दुई विधि अपनाउन सक्छन्।

**पहिलो विधिः-**
हामी स्थानीय समुदायले चुरे वनको निरन्तर रेख-देख गर्दै, वृक्षारोपण गर्दै, शुन्य चरिचरनको व्यवस्था गर्दै, चुरेको संरक्षणमा जुटने गर्नु पर्दछ। यस विधिमा स्थानीय समुदायले यस क्षेत्रमा भएका स्रोतको उपयोग गर्न पाउँदैनन्। यो विधि व्यवहारमा लागू गर्न कठिन छ।

**दोस्रो विधिः-**
यस विधिमा एकातिर चुरेको संरक्षण गर्दै, अर्कोतिर चुरेको उपयुक्त उपयोग गर्ने हो। यो विधि व्यवहारिक हुन्छ। यस विधि अन्तर्गत हामीले चुरेमा रहेका जलाधार क्षेत्रको संरक्षण गर्ने, वृक्षारोपण गर्ने, जडीबुटी तथा काठ-दाउराको उचित संरक्षण र उपयोग गर्दै यो विधि लागू गर्न सक्छौं। यो विधि हाल लागू रहेको छ।

चुरे क्षेत्रको उचित संरक्षण गर्नु समुदाय (हामी सबै) को कर्तव्य हो। हामीले चुरेको संरक्षण गर्दा नाङ्गा डाँडामा नियमित वृक्षारोपण गर्ने, बोट बिरूवा तथा वन्यजन्तुको उचित संरक्षण गर्नु पर्दछ। नत्र ती लोप भएर जान्छन्। वन्यजन्तुको चोरी निकासी हुन नदिन पनि युवाहरू परिचालन गरेर गस्ती गर्नु पर्दछ। चुरेको संरक्षण गर्नु नै हामीले हाम्रो जीवन बचाउनु सरह हो।

# “चुरे संरक्षणमा समुदायको भूमिका”

**सन्दीप अवस्थी, कक्षा - ९ (नौ)**
श्री कमल बम मे. विद्यालय, पहलमापुर, कैलाली

**द्वितीय स्थान प्राप्त**

नेपाल सांस्कृतिक, प्राकृतिक, सामाजिक विविधताले भरिएको देश हो। यहाँ विभिन्न धर्म, संस्कृतिका, भेष-भुषाका मानिसहरू रहेका छन्। नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथा पनि पर्दछ। नेपाललाई भौगोलिक रूपमा हिमाल, पहाड र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ। पहाडी भू-भागलाई पनि उच्च पहाड, मध्य पहाड अर्थात महाभारत पर्वत श्रृंखला र चुरे वा शिवालिक पर्वत श्रृंखला गरी पुनः तीन भागमा विभाजन गर्न सकिन्छ। शिवालिक क्षेत्र स-साना पहाडहरूले बनेको हो जसलाई चुरे क्षेत्र पनि भनिन्छ। यो क्षेत्र नरम पत्थर, ढुङ्गा, कमलो पत्रे चट्टान, बलौटे माटो आदिले निर्माण भएको छ।

चुरे क्षेत्रमा विभिन्न प्रकारका जीवजन्तु, र जनावरहरू पाइन्छन्। चुरे क्षेत्रले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत अर्थात करिब १८,८१० वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। यो उत्तरमा महाभारत पर्वत श्रृंखला तलदेखि दक्षिणमा तराई प्रदेशको माथिसम्म फैलिएको छ। नेपालमा पश्चिममा कञ्चनपुर देखि पूर्वमा ईलामसम्म फैलिएको चुरे क्षेत्रले जम्मा ३६ जिल्ला ओगटेको पाइन्छ। यसको उचाई १२० मीटरदेखि १९७२ मीटरसम्म र चौडाई ३५० मीटरदेखि ४५ किलो मीटरसम्म रहेको पाइन्छ। यहाँ विभिन्न प्रजातिका जीवजन्तु र वनस्पतिहरू पनि पाइन्छन्। यही क्षेत्र भएर सयौं खोलानाला तराईतर्फ बग्ने गर्दछन्।

नेपालमा जनसङ्ख्या वृद्धि संगसंगै प्राकृतिक स्रोतहरूको अत्याधिक विनाश भइरहेको छ। यस कुरालाई मध्यनजर गर्दै विभिन्न संघ-संस्थाहरूले प्रकृतिको संरक्षण गर्न कयौं कार्यक्रमहरू गर्दैछन्। यस मध्ये चुरे क्षेत्र संरक्षण पनि एक हो। यस क्षेत्रको अत्याधिक उपयोगले गर्दा दिनानुदिन विनाश हुँदै गइरहेको छ। यसको महत्वलाई ध्यानमा राख्दै नेपाल सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम ल्याएको छ। यो आर्थिक बर्ष २०६६/६७ देखि सञ्चालनमा आएको हो। हाल यो कार्यक्रम चुरे क्षेत्रका ३६ जिल्लाहरूमा लागू भईरहेको छ। यसले चुरे क्षेत्रको संरक्षणको लागि विभिन्न कार्यक्रमहरू ल्याएको छ। जस्तै बोट-बिरूवा रोप्ने, विद्यालयहरूमा ईको क्लवको स्थापना गरी विद्यार्थीहरूलाई वनजङ्गगल र वातावरण संरक्षण गर्न जागरुक

बनाउने, नर्सरीको स्थापना गर्ने, चुरे क्षेत्रका वरपरका मानव समुदायहरूलाइ त्यसको सही उपयोग र संरक्षणका लागि सचेतनाका कार्यक्रमहरू गर्ने, वनजङ्गल संरक्षणमा महत्वपूर्ण योगदान दिने कुनै पनि व्यक्ति अथवा संघ-संस्थाहरूलाई पुरस्कारको व्यवस्था पनि गरेको पाइन्छ। यस कार्यक्रमको मुख्य उद्देश्य भनेको चुरे क्षेत्रमा मानवद्वारा भईराखेको विनाशहरूलाई रोक्नु हो। चुरे संरक्षणमा मानव समुदायको ठूलो योगदान रहने गर्दछ।

उनीहरू नै त्यसका उपभोक्ता भएकोले उनीहरूबाट नै चुरेको संरक्षण हुन सक्दछ। स्थानीय स्तरबाट जनसमुदायले आफू वरिपरि रहेको चुरे क्षेत्रलाई सामान्य रूपमा उपयोग गर्दै त्यसको संरक्षणमा ठूलो पहल गर्नु आवश्यक हुन्छ। बर्षेनी चुरे क्षेत्रबाट ठूलो परिमाणमा ढुङ्गा, बालुवा, गिट्टी आदिको अवैधानिक निकासी हुँदैछ। मानिसहरू चेतनाको अभावले गर्दा चुरे क्षेत्रको संरक्षण कसरी गर्ने भन्दा पनि कसरी त्यसबाट आफूले फाइदा लिने भन्नेतिर सोच्ने गर्दछन्। मानिसहरूलाई त्यसका बारेमा थाहा हुँदा-हुँदै पनि त्यतातिर ध्यान भने कमै दिने गर्दछन्। नेपालमा अझै पनि कयौं मानिसहरू गरिबीको रेखामुनी छन्। उनीहरूले वैधानिक हिसाबमा कुनै पनि प्राकृतिक स्रोतको उपयोग गर्दा थुप्रै कर तिर्नु पर्ने हुन्छ। त्यति धेरै रकम तिर्न नसकेर मानिसहरू चुरे क्षेत्रको अवैधानिक रूपमा प्रयोग गर्ने गर्दछन्।

हामीले एकजुट भएर गर्ने हो भने केही पनि असम्भव छैन। चुरे क्षेत्रलाई जोगाउन सकियो भने हामी र हाम्रो देशलाई ठूलो सहयोग पुग्नेछ। बर्षेनी लाखौं सङ्ख्यामा पर्यटकहरू नेपालको प्राकृतिक सुन्दरताको अवलोकन गर्न आउने गर्दछन्। यसले गर्दा नेपालको अर्थतन्त्रमा ठूलो सुधार आउन सक्छ। त्यसैले हामीले हाम्रो गाउँ-ठाउँ देखि चुरे क्षेत्रको संरक्षण गर्नु अति आवश्यक छ। हामीले चुरे क्षेत्रको संरक्षणका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्छौं। खाली ठाउँमा बोट बिरूवाहरू रोप्ने, जनसमुदायहरूमा यस क्षेत्रको फाइदाका बारेमा चेतना दिने, विभिन्न संघ-संस्थाहरूसंग हातेमालो गर्दै अगाडि बढ्ने जस्ता कामहरू गर्नु पर्ने हुन्छ। यस्ता काम समुदायका मानिसहरूबाट हुने गर्दछ। वनजङ्गलको फडानी, आगो लगाउने, खुल्ला चरिचरन गर्ने, अव्यवस्थित बसोवास गर्नेहरूलाई कडा भन्दा कडा रूपमा सजाय दिनुपर्छ। स्थानीय स्तरबाट नै चुरे क्षेत्रको संरक्षण गर्नेतर्फ सोच्नु पर्दछ। यसो गर्दा हामीले हाम्रो ठाउँमा उपभोक्ता समिति गठन गरेर चुरे क्षेत्रको उचित रूपमा उपयोग गर्न सक्छौं। प्राकृतिक स्रोत संरक्षणको मान्यता

अनुसार हामीसंग भएका प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै ब्याज मात्र आफूले उपयोग गर्ने र सावाँ जस्ताको तस्तै भावी पुस्तालाई हस्तातरण गर्नु पर्ने हुन्छ।

यदि हामीले उपरोक्त कुराहरू कार्यान्वयनमा ल्याउन सक्यौं भने पक्कै पनि चुरे क्षेत्रको संरक्षण गर्न सकिन्छ। जसले गर्दा हामी विभिन्न प्राकृतिक प्रकोपबाट पनि बच्न सक्छौं। वनजङ्गल र चुरे क्षेत्रको सही सदुपयोग गरी त्यसको संरक्षणका निम्ति सबैलाई सचेतना दिने कार्यक्रमहरू हामी स्थानीय स्तरबाट नै सञ्चालन गरी भारी मात्रामा हामी लाभ लिन सक्दछौं।

# "चुरे संरक्षणमा समुदायको भूमिका"

**गोपाल साउँद, कक्षा - ९ (नौ)**
श्री महादेव माध्यमिक विद्यालय, शंकरपुर, कैलाली
**तृतीय स्थान प्राप्त**

नेपाल वन सम्पदाले भरिपूर्ण देश हो । यहाँको वन सम्पदा नै हाम्रो देशको अमूल्य गहना हो । नेपालमा धेरै किसिमका वनहरू रहेका छन् यी मध्ये चुरे वनक्षेत्र एक हो । नेपालको महाभारत पर्वत श्रृंखला भन्दा दक्षिण र तराई प्रदेश भन्दा उत्तरमा पूर्व पश्चिम फैलिएको वनक्षेत्रलाई चुरे वनक्षेत्र भनिन्छ । यो १२० मीटरदेखि १९७२ मीटरसम्मको उचाईमा रहेको छ । पूर्वको ईलामदेखि पश्चिमको कञ्चनपुरसम्म ३६ वटा जिल्लामा फैलिएको यस चुरे क्षेत्रले देशको भू-भागको १२.७८ प्रतिशत ओगटेको छ । बनावटको आधारमा पत्रे चट्टान र खुकुलो कमलो माटोले बनेको चुरे क्षेत्र अति कमजोर र संवेदनशील मानिन्छ । यहाँ रहेका प्राकृतिक सम्पदा, जैविक विविधता र भौगोलिक रूपले सुन्दर चुरे क्षेत्रको वन वसन्तमा मुसुक्क मुस्कुराई दिंदा, नदीले कलकल गरी वग्दा, मृग र मयूरले नाच्दा र चराचुरुङ्गीले मधुर स्वरमा गीत गाउँदा यो क्षेत्रको वन नै गुञ्जन थाल्दछ । जो कोही चुरेको सौहार्द वातावरणमा रमाउँन थाल्दछन् ।

वास्तवमा चुरे क्षेत्र नेपालको धरोहर हो, सम्पति हो, जैविक तथा भौगोलिक विविधताको पहिचान हो । चुरे क्षेत्रको वातावरण सन्तुलन हुँदा तराईको जल भण्डार अस्तित्वमा रहन्छ। हाल चुरे क्षेत्रमा मानव वस्तीको तुलनामा वनजङ्गलको प्रतिशत घट्दो दरमा रहेको छ। जनसङ्ख्या वृद्धि र मानिसको स्वार्थीपनका कारण अहिले चुरे क्षेत्रको वन विनाश हुँदै गएको छ। दोहनमा परेको छ। यहाँ रहेका साल, सिसौ, खयर, सतिसाल जस्ता वनस्पति संरक्षण गर्न अति आवश्यक छ। विनाशका मुख्य कारण अवैध धन्धा, चोरी निकासी, विदेश पैठारी, राजनीतिको आडमा अतिक्रमण, चरिचरन र वन डढेलो जस्ता मानवीय क्रियाकलापहरू रहेका छन्। नेपालको अन्नभण्डारका रूपमा रहेको तराई प्रदेशको जैविक विविधता कायम राख्न पनि चुरे क्षेत्रको संरक्षण अपरिहार्य रहेको छ। यस्ता अमानवीय क्रियाकलाप रोक्न समुदायको भूमिका महत्वपूर्ण रहन्छ। नेपालमा आर्थिक बर्ष २०६६/०६७ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू गरिएता पनि त्यति प्रभावकारी हुन सकेन । यसको मुख्य कारण समुदायलाई यसमा सहभागी गराउन नसक्नु हो। समुदायलाई

अधिकार सम्पन्न बनाई चुरे संरक्षणमा लगायो भने अहिले भईरहेका चोरी निकासी रोकिन सक्छन् । चुरेका खुल्ला भीर पाखामा वृक्षारोपण गरी हरियाली बढाउन सकिन्छ। वनको महत्त्वबारे जनताहरूलाई शिक्षित तथा सचेत बनाउँन सकिन्छ। कडा निगरानी राखी अपराध गर्नेलाई सजाय दिलाउन सकिन्छ । चुरे वनको संरक्षण, विनाश र उपयोगसंग समुदायको घनिष्ट सम्बन्ध रहेको हुनाले समुदायले नै यसको संरक्षण प्रभावकारी रूपले गर्न सक्छन् । चुरे संरक्षणमा जनसहभागिता सहितका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले समुदायको महत्व झन बढ्दो छ । अव समुदाय मात्र नभई सबै एकजुट भएर नाङ्गा उजाड डाँडामा हरियाली देख्नु छ । प्रकृतिको काखमा बसी रमाउनु छ ।

चुरे क्षेत्रको संरक्षणमा समुदायको गहन भूमिका रहेमा चुरे क्षेत्र परिवर्तन हुन बेर लाग्दैन । चुरे विनाशले नै वातावरण प्रदुषित भई तापक्रम वृद्धि भएर गएको छ। अनावृष्टि अतिवृष्टि, नदी तलाउ जस्ता पानीका मुहानहरू सुक्ने, चुरे कमजोर भई बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप बढेका छन्। यसका लागि सरकारले राम्रो कदम चाल्नु पर्छ र समुदाय पनि अग्रसर हुनु पर्छ। चुरेको स्रोत विनाशले सिरहा, सर्लाही, धनुषा जस्ता जिल्लाहरूमा इनार र ट्युवेलको पानी सुक्ने जस्ता समस्या देखा परेका छन्। यस्तो भयावह अवस्थालाई रोक्न सर्वप्रथम समुदायले चुरे क्षेत्रको संरक्षण गर्न अति आवश्यक छ। यसका लागि समुदायले सरकारी निकाय र अन्य संघ-संस्था संगै मिलेर संरक्षणका क्रियाकलाप गर्न सक्छन् । अर्को प्रमुख कारण ढुङ्गा, बालुवा, गिट्टी उत्खनन् हो । यसको रोकावट गर्न समुदायले सबैसंग सहकार्य गरी रोक्न सक्छ। यसरी समुदायले संरक्षणमा भूमिका निभाएमा मात्र “हरियो वन नेपालको धन” भन्ने उक्ति सार्थक हुन्छ। अनि मात्र प्रकृति लहरा छहरा, नदीका छाल तथा पालुवाका डालीहरू संग लुकामारी खेल्न सक्छौं । अनुपम सौन्दर्यमा रमाउन सक्छौं । यसर्थ चुरे संरक्षणमा समुदायले चिन्ता र चासो राखेमा तराई र मधेशले नयाँ जीवन पाउने छ। नेपालको प्राकृतिक सम्पदाको कायाका रूपमा रहेको यस चुरे वनको संरक्षणका लागि समुदायले महत्वपूर्ण कदम चाल्न सक्छ। सुन्दर हरियाली बनाउन मद्दत गर्न सक्छ।

## "चुरे संरक्षण आजको आवश्यकत"

**यमुना पन्त, कक्षा - १० (दश)**
श्री सत्यवादी माध्यमिक विद्यालय, वनगाउँ, कञ्चनपुर
**प्रथम स्थान प्राप्त**

आज विश्वले विकासको ठूलो फड्को मारेको छ । भनिन्छ केही कुरा पाउन केही त्याग गर्न सक्नुपर्छ । त्यसरी नै जतिजति विश्वले विकासको गति प्राप्त गरेको छ, त्यति नै हानी पनि भएको छ । विकास कार्यसंगै विभिन्न किसिमका जटिल समस्या पनि उत्पन्न भएका छन् । समस्या सामान्य भएपनि समाधानतर्फ नसोच्दा समस्याहरू जटिल हुँदै गएका छन् । त्यस्तै समस्याहरू मध्ये जैविक विविधता र पर्यावरण संरक्षण नहुनु पनि हो ।

माथि उल्लिखित समस्यासँगै सम्बन्धित समस्याहरू मध्ये ठूलो समस्या चुरे तथा पहाडी जङ्गलको संरक्षण पनि एक हो । चुरे क्षेत्र भनेको पहाडी प्रदेश र तराई प्रदेशलाई जोड्ने क्षेत्र हो । नेपालमा चुरे क्षेत्र समुद्री सतहबाट १२० मीटर उचाईदेखि १९७२ मीटर उचाईसम्म पर्दछ । चुरे जैविक विविधताको दृष्टिले धनी मानिन्छ । चुरे क्षेत्रको जङ्गल समशीतोष्ण सदावहार वन हो । चुरे क्षेत्रमा विभिन्न किसिमका जीवजन्तु, वनस्पति, पशुपक्षी, जडीबुटी आदि पाइन्छन् । यहाँ जङ्गली कुकुर, भालु, वन बिरालो, सालक, फ्याउरो आदि जीवजन्तुहरू पाइन्छन । चुरे क्षेत्रमा साल, सिसौ, खयर, कटुस, चिलाउने, आँप जस्ता बोट बिरूवा तथा वनस्पतिहरू पाइन्छन् । यो ठाउँ हरियो सुन्दर देखिन्छ । यहाँ ढुकुर, धनेस, मयुर, बकुल्ला आदि विभिन्न किसिमका पक्षीहरू पनि पाइन्छन् । यहाँ प्राय धेरै प्रजातिका बँदेलहरू पाइन्छन् । यसरी चुरे क्षेत्रलाई जैविक विविधताले भरिपूर्ण क्षेत्रका रूपमा पनि लिन सकिन्छ । चुरे क्षेत्रबाट हामीले सामान्य आवश्यकतादेखि ठूलाठूला आवश्यकता पनि पूरा गर्न सक्छौं । चुरे क्षेत्रको संरक्षण गर्नाले वातावरणीय सन्तुलन कायम गर्न सकिन्छ । चुरे क्षेत्रको संरक्षणबाट हामीले बिग्रिदो पारिस्थितिकीय पद्धतिलाई राम्रो बनाउन सक्छौं । यसरी चुरे क्षेत्रको जैविक आवश्यकता पनि धेरै छ । चुरे क्षेत्रबाट हामीले काठ, दाउरा प्राप्त गर्न सक्छौं । काठबाट फर्निचर उद्योग सञ्चालन गरी रोजगारी प्राप्त गर्न सकिन्छ । चुरे क्षेत्रबाट विभिन्न किसिमका नदीनालाहरू बगेर तराई प्रदेशमा आउने गर्दछन् । बगेर आएका नदीनालाहरूबाट हामीले कृषि क्षेत्रमा

सिंचाई गरी कृषि क्षेत्र बिस्तार गर्न सक्छौं । चुरे क्षेत्रबाट ढुङ्गा, बालुवा, गिट्टीको पनि परिपूर्ति गर्न सकिन्छ ।

यहाँ भएका जडीबुटीहरूको उपयुक्त उपभोग गरी औषधी निर्माण गर्न सकिन्छ । औषधीलाई विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेर आर्थिक स्थिति बलियो बनाउन सकिन्छ। चुरे क्षेत्रको संरक्षणले मानिसलाई बाँच्नका लागि अति आवश्यक अक्सिजन ग्याँसको पनि पूर्ति गर्नमा मद्दत मिल्न जान्छ। चुरे क्षेत्रको विनाश गर्नु हुँदैन । यसको विनाशले विभिन्न किसिमका जटिल समस्या उत्पन्न गर्न सक्छ । आज विश्वमा जटिल समस्याका रूपमा जलवायु परिवर्तनलाई लिइन्छ। चुरे क्षेत्रको विनाशले यहाँ पनि जलवायु परिवर्तनको असर देखा पर्न सक्छ। चुरे क्षेत्रबाट अवैध रूपमा ढुङ्गा, गिट्टी उत्खन्न भइरहेको छ। यसले गर्दा तराई प्रदेशमा भूक्षय, पहिरो आई तराई प्रदेश पुरै डुवानमा पर्न सक्छ। यसको विनाशले वातावरण सन्तुलनमा खलबल मच्चिन सक्छ। चुरे विनाशले गर्दा परिस्थितिकीय पद्धतिमा पनि नकारात्मक असर पर्न सक्ने सम्भावना छ। यस्ता समस्याले गर्दा वातावरणको अवस्था बिग्रन गई विभिन्न किसिमका सरुवा रोगहरू बढ्न जान्छन्। रोगहरूले महामारी हुन गई जनधनको ठूलो क्षति हुन सक्छ। चुरेको कारण तराई क्षेत्र मरुभूमिकरण हुनबाट बचेको छ। त्यसकारण चुरेको विनाश हुन दिनु हुँदैन्। यसरी नै विनाश हुँदै जाने हो भने के थाहा छिट्टै नै तराई प्रदेश मरुभूमिमा परिणत हुन सक्छ। अन्नको भण्डारको रूपमा चिनिने क्षेत्र मरुभूमिमा परिणत भएमा देशमा खाद्यान्न संकट पर्नेछ।

चुरे क्षेत्रको विनाशबाट धेरै हानी हुन जान्छ। जसबाट विश्वमा नै असर पर्न जान्छ। त्यसैले हामीले बेलैमा चुरे क्षेत्रको संरक्षणतर्फ ध्यान दिनु जरुरी छ। यसका लागि हामीले बेलैमा सकारात्मक कदम चाल्नु पर्दछ। चुरेको संरक्षणका लागि उचित नियम कानूनको व्यवस्था गर्नुपर्छ। कानूनलाई लिखित कागजमा मात्र सीमित राख्नु हुँदैन्। चुरेबाट हुने गरेका काठ, दाउरा चोरी निकासीमा रोक लगाउनुपर्छ। अवैध रूपमा चुरे क्षेत्रमा भएका जीवजन्तु, पशुपक्षी, वनस्पतिहरू तथा विभिन्न किसिमका जडीबुटीहरूको आयात निर्यात गर्नेहरूका लागि पनि उचित कानून अनुसार दण्ड सजाय र जरिवाना गर्नुपर्छ।

चुरे क्षेत्रको बारेमा कतिपय गाउँका व्यक्तिहरूलाई थाहा नहुन पनि सक्छ। यसका लागि गाउँघरमा घरदैलो अभियान चलाई उनीहरूलाई चुरे संरक्षणका बारेमा बताउनुपर्छ । विभिन्न किसिमका सञ्चारका माध्यमहरूमा कार्यक्रम

चलाउनुपर्छ । रेडियो कार्यक्रमहरू पनि सञ्चालन गर्नुपर्छ । जनतालाई चुरेको विनाशबाट पर्न जाने समस्या तथा असरहरूका बारेमा ज्ञान दिन जनचेतना अभियान चलाउनुपर्छ। यसको विनाशबाट देशको अन्नभण्डारका रूपमा चिनिने तराई प्रदेश मरुभूमिमा परिणत हुन जाने कुराको ज्ञान दिनुपर्छ। यसको विनाशबाट वातावरण पुरै विग्रने, जलवायु परिवर्तन हुने जस्ता नकारात्मक असरका बारेमा समयमै जानकारी गराउनुपर्छ। समस्या प्रति सचेत गराउनुपर्छ। चुरे संरक्षणमा लागिपर्ने व्यक्तिलाई उचित सम्मानको व्यवस्था गरी यसको संरक्षणतर्फ सबैलाई आकर्षित गराउनुपर्छ। साथै चुरे क्षेत्रको विनाश गर्ने व्यक्तिलाई कडा भन्दा कडा कानूनको व्यवस्था गर्नुपर्छ । चुरे संरक्षणका बारेमा मनोरञ्जनात्मक ढङ्गबाट बताउने, बुझाउने प्रयास गर्नुपर्छ । गीत, कविता, नाटक मार्फत ज्ञान दिने प्रयास गर्नुपर्छ। जस्तैः-

हराभरा जङ्गल, पशुपक्षी पनि धेरै
चुरे संरक्षण गरौं, धनसम्पत्ति सम्भिmएर हाम्रै ।

यसरी विभिन्न किसिमले चुरे संरक्षणका बारेमा ज्ञान दिनु अति आवश्यक छ। चुरे संरक्षण गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता भएको छ । चुरेको संरक्षणमा सबैलाई समयमै सचेत गराउनु आजको आवश्यकता हुन गएको छ। चुरे संरक्षणमा युवावर्ग लगायत सबै मिलेर अघि बढ्नु जरूरी छ ।

# “चुरे संरक्षण आजको आवश्यकत”

**अविषेक चन्द, कक्षा - १० (दश)**
श्री टोली फेम्ली हायर सेकेन्डरी इङ्गलिश मिडियम स्कुल, कञ्चनपुर
**द्वितीय स्थान प्राप्त**

सामान्य अर्थमा चुरे भन्नाले नेपालको पहाडी क्षेत्रको तल्लो भू-भाग र तराई क्षेत्रको उत्तरी भू-भागमा अवस्थित क्षेत्रलाई बुझिन्छ। समुद्री सतहबाट १२० देखि १९७२ मीटरसम्मको उचाईमा अवस्थित पर्वत श्रृंखला चुरे हो । ‘चुरिया’ भनेर पनि चिनिने यस क्षेत्रलाई दाङको देउखुरी भन्दा दक्षिणमा ‘डुँडवा’ वाग्मती नदी पूर्वतर्फ यसलाई ‘मटवाना’ र कोशी नदी पूर्वतर्फ ‘चुलाचुली’ पनि भन्ने गरेको सुनिन्छ । चुरे पर्वत श्रेणी पत्थर, ढुङ्गा, बालुवा, कंकड, रोडा, अभ्रक आदिबाट निर्मित छ । यसको सर्वोच्च टाकुरा कैलाली जिल्लाको सहजपुर गाबिसमा पर्ने भासुको पहाड हो, जसको उचाई १९७२ मीटर रहेको छ । चुरे क्षेत्र प्राकृतिक स्रोतको धनी मानिन्छ। यहाँ विभिन्न प्रकारका बोट बिरूवा, वन्यजन्तु, जडीबुटी, खनिज आदि रहेका छन् । तराई क्षेत्रलाई सिंचाई गर्ने नदीनालाहरू यही क्षेत्रबाट बगेका छन् । यहाँका प्राकृतिक स्रोतको व्यवस्थित रूपले प्रयोग गर्न सकियो भने नेपालमा विकासको गति तीव्र रूपमा बढ्नेछ। यहाँबाट प्राप्त हुने कच्चा पदार्थको सही प्रकारले प्रयोग गरिने हो भने नेपालका उद्योग राम्रोसंग संचालित हुन सक्छन् ।

चुरे क्षेत्र महाभारत पर्वत श्रेणी र हिमालय पर्वत श्रेणी भन्दा जीर्ण (कमजोर), कम खाँदिलो, कम उब्जनशील र उबडखावड छ। जसले गर्दा चुरेलाई संरक्षण गर्नु अति आवश्यक भएको छ । चुरे क्षेत्र त तराईवासीको ‘शिर’ हो । यदि तराईवासीहरू आफ्नो ‘शिर’ लाई जोगाउन असमर्थ हुने हो उनीहरूको भविष्य नै खतरामा पर्नसक्छ। बढदै गएको जनसङ्ख्या, जलवायु परिवर्तन, वातावरण प्रदुषणले आदिले गर्दा पर्यावरणलाई नकारात्मक प्रभाव पारिरहेको छ। यसले चुरे क्षेत्रलाई अत्याधिक प्रभाव पारिरहेको छ । अतः चरिचरनलाई न्यूनीकरण नगरी हुँदैन् । वनफडानी, अवैध रूपमा जडीबुटीको संकलन एवं वन्यजन्तुको शिकारलाई रोक्नुपर्छ । यी गतिविधिले चुरे क्षेत्रको उष्णीय जलवायु र वनजङ्गल ह्रास भइरहेको छ। यी सबै चुरे क्षेत्रको विनाशसंग जोडिन्छन् ।

चुरे क्षेत्रले वातावरणलाई सन्तुलन गर्नमा धेरै ठूलो भूमिका खेलेको छ । तसर्थ चुरे क्षेत्रको संरक्षण गर्नु भनेको समस्त पर्यावरण र वातावरणलाई संरक्षण गर्नु हो । यदि चुरेको संरक्षण गर्न सकिएन भने यसले हाम्रो राष्ट्रलाई आर्थिक रूपमा समेत कमजोर बनाउन सक्छ । चुरे क्षेत्रको विनाशका मुख्य कारण निम्न छन्ः-

- जनसङ्ख्याको बढ्दो चाप र जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव ।
- वातावरण प्रदुषणले गर्दा यस क्षेत्रको वायु, जल, भूमि  आदिमा अत्याधिक चाप परेको छ ।
- यहाँ पाइने वृक्ष जस्तै साल, सिसौ, चिलाउने, आदिको अवैध संकलन तथा वन फडानी ।
- जीर्ण (कमजोर) ठाउँमा विकासका कार्य अव्यवस्थित रूपले सञ्चालन गरिनु ।
- चुरे क्षेत्रमा चरिचरनको न्यूनिकरण गर्न नसक्नु ।
- संरक्षणमा खासै ध्यान नदिनु ।
- वनजङ्गलमा वसन्तयाममा डढेलो लाग्नु ।

चुरेको विनाशले सबैभन्दा बढी प्रभाव तराई क्षेत्रका जनसमुदायलाई पारेको छ। चुरेको विनाशले गर्दा तराईवासीले विभिन्न प्रकारका प्राकृतिक प्रकोपको सामना गर्नु परेको छ। जस्तै बाढी, पहिरो र भूक्षय आदि । चुरेको विनाशले गर्दा यहाँको पारिस्थितिकीय प्रणालीमा नकारात्मक असर परेको छ । चुरे क्षेत्रको विनाशबाट पर्ने प्रभावहरू यस प्रकार छन्ः-

- चुरे क्षेत्रको प्राकृतिक स्रोत नास हुने ।
- तराई क्षेत्रका वासिन्दाहरूलाई यसबाट दुःख र कष्ट हुने ।
- तराईमा बाढी र भूक्षय जस्ता प्राकृतिक विपत्ति आउने, जसले तराईको उर्वर माटोलाई बालुवा, कंकड र रोडाले पुरिदिने ।
- देशको आर्थिक स्थिति कमजोर हुने ।
- विकास निर्माण कार्यका लागि स्रोत उपलब्ध हुन कठिन हुने ।

चुरे क्षेत्रको संरक्षणको लागि सरकारबाट सञ्चालन गरिएको राष्ट्रिय गौरवको कार्यक्रम नै 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम' हो । यो कार्यक्रम हाल २८ जिल्लाहरूमा सञ्चालन गरिएको छ। यो कार्यक्रमको मुख्य उद्देश्य चुरे

क्षेत्रको पारिस्थितिकीय तथा पर्यावरणीय प्रणालीलाई संरक्षण गरी तराई क्षेत्रमा हुने क्षतिलाई न्यूनिकरण गर्नु हो । यो कार्यक्रम आर्थिक बर्ष २०६६/२०६७ देखि सञ्चालन गरिएको थियो ।

चुरे क्षेत्रको संरक्षणको लागि एउटा व्यक्ति तथा समुदायले मात्र नभई सबै देशवासी हातेमालो गरी अगाडि बढ्नु पर्छ । ऐन कानूनको मर्यादा भित्र रही कानूनको कार्यान्वयन गर्नु र गराउनु पर्छ । तब मात्र चुरे संरक्षण हुनेछ । 'हरियो वन नेपालको धन' भन्ने नारा तथा वाक्यांशलाई आत्मासाथ गरी प्रत्येक नागरिकले चुरे संरक्षणमा जोड दिनुपर्ने हुन्छ। स्थानीय जनसमुदायमा चुरे संरक्षणको महत्व बारेमा जानकारी गराउनु पर्दछ । चुरे संरक्षण सम्बन्धी जानकारी तथा जनचेतनामूलक कार्यक्रम प्रत्येक गाउँमा सञ्चालन गर्नुपर्दछ । विद्यालय स्तरीय पाठ्यपुस्तकमा पनि चुरे लगायत समस्त वनजङ्गल, वन्यजन्तु, जलवायु आदि बारे पढाउनु पर्दछ। वनफडानी गर्ने, अवैध रूपमा जडीबुटी संकलन गर्ने, पशुपक्षीको शिकार गर्नेलाई उचित दण्डसजाय तथा जरिवानाको व्यवस्था गर्नुपर्दछ। चुरे क्षेत्रका संवेदनशील स्थानहरूमा रहेका वस्तीलाई स्थानान्तरण गरिनु पर्दछ ।

प्रत्येक बर्ष चुरेको विनाशवाट हुने प्राकृतिक विपत्तिले गर्दा धेरै क्षति हुने हुँदा यसको समाधानका लागि चुरेको संरक्षण आजको आवश्यकता हो ।

# “चुरे संरक्षण आजको आवश्यकत”

**ज्ञानु बोहरा, कक्षा - १० (दश)**
श्री भुवनेश्वरी उच्च मा. वि. सुडा-३ सिसैया, कञ्चनपुर

**तृतीय स्थान प्राप्त**

नेपालको पहाडी प्रदेशमा अवस्थित सबभन्दा दक्षिणतर्फ रहेको तराई प्रदेशसंग जोडिएको उप-प्रदेशलाई चुरे पर्वत श्रेणी भनिन्छ। चुरे पर्वत पशिचमदेखि पूर्वमा कोशी नदीसम्म सामानान्तर रूपमा लम्बिएको छ भने त्यसभन्दा पूर्व खण्डित हुँदै ढिस्को वा थुम्कोको रूपमा रहेको छ। चुरे पर्वतलाई चुरिया वा चुरे श्रेणी भन्ने गरिए तापनि दाङ देउखुरीको दक्षिण क्षेत्रमा यसलाई डुँडवा, वाग्मती पूर्व भटवाना चुरे र कोशी नदी पूर्व चुलाचुली पनि भनिन्छ। भारतमा चुरे श्रेणीलाई शिवालिक पर्वतमाला र वर्मामा इरावदी पर्वतमाला भन्ने गरिन्छ। चुरे श्रेणीको उत्पत्ति प्लेइस्टोशियन युगमा भएको मानिन्छ। भू-गर्भविद्हरूको अध्ययन अनुसार करिब १ करोड ५० लाखदेखि १० लाख बर्ष अघिसम्म हिमालय पर्वत श्रृंखला अग्लिंदै गर्दा हिमालय र हिमालय भन्दा पारी तिब्बती पठारबाट बगेर आउने नदीहरूले थुपारेका थेगरबाट चुरे श्रेणीको निर्माण भएको हो भनिन्छ। नेपालमा चुरे श्रेणीको उचाई बढीमा १९७२ मीटरसम्म रहेको छ। पूर्वमा होचो तर पशिचममा अग्लिंदै गएको यो क्षेत्रको सबभन्दा अग्लो भाग कैलाली जिल्लाको सहजपुर गाविसमा पर्ने भासुको पहाड हो। पूर्वमा ५ माइल, मध्य तराई भागमा १० माइल, दाङदेउखुरी उपत्यकामा १२ माइल र सुदुरपशिचममा ५ माइल फ-राकिलो भएको यो चुरे श्रेणीलाई आजको परिवेशमा संरक्षण गर्नु अत्यावश्यक मानिन्छ।

पहाडी प्रदेशलाई उच्च पहाड, मध्य पहाड वा महाभारत श्रृंखला र चुरे पर्वत श्रेणी गरी ३ भागमा विभाजन गरिएको पाइन्छ। चुरे श्रेणीको अरु भू-भागहरू भन्दा पारिस्थितिक प्रणालीको संरचनामा केही भिन्नता पाइन्छ। यस क्षेत्रले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत क्षेत्रफल ओगटेको छ भने यहाँको तापक्रम ३० डिग्री सेन्टीग्रेडसम्म रहेको पाइन्छ। चुरे क्षेत्रमा विभिन्न किसिमका वनस्पति, जडीबुटीहरू तथा विभिन्न जातका पशुपक्षीहरू पाइन्छन्। चुरे क्षेत्र स्थानीय जनताहरूको दैनिक आवश्यकताहरूको आपूर्ति गर्ने साधन बनेको छ। चुरे क्षेत्र, जसले कृषि क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले प्रभाव पारिरहेको छ। चुरे क्षेत्र तराई प्रदेशसंग जोडिएको हुँदा यसको विनाश र संरक्षणसंग तराई क्षेत्रको गहिरो सम्बन्ध रहेको

छ । चुरेको काखबाट बगेका नदीहरूले तराईका समतल फाँटहरूलाई सिञ्चित गरी सम्पूर्ण नेपाललाई पुग्ने अन्न उत्पादनमा सहयोग पुऱ्याएको छ । करिब ३६ जिल्लामा फैलिएको चुरे पर्वत श्रेणीको संरक्षण गर्न सक्यो भने सर्वप्रथम नेपाली जनताले वर्षौं बर्षदेखि खेप्दै आएका पहिरो, बाढी, भूक्षय आदिको राम्रोसंग नियन्त्रण हुन सक्छ । त्यसैगरी वन पैदावारको आपूर्ति, स्वच्छ जलवायु, वातावरणीय सन्तुलन, राजस्वको स्रोत आदि महत्वका विषयहरू चुरे क्षेत्रमा नै भरपर्ने हुँदा सबै मिलेर यस क्षेत्रको संरक्षणतर्फ लाग्नु अपरिहार्य आवश्यकताका रूपमा रहेको छ । चुरे क्षेत्रको महत्व बुझेर हाम्रा अभिभावकहरूबाट तथा सरकारीस्तरबाट चुरे संरक्षण सम्बन्धी केही प्रयासहरू भएका छन् । चुरे विनाश र त्यस सम्बन्धी विभिन्न ऐन कानूनहरूको तर्जुमा गरिएको छ । वन ऐन २०४९ अनुसार चुरे क्षेत्रको जमिनमा जग्गा फाँडने, जोत्ने, जग्गा अतिक्रमण गरी घरटहरा बनाउने एवं आगोलागी हुन सक्ने जस्ता कार्यहरू गर्नेलाई १० हजार रूपैयासम्म जरिवना र १ बर्षम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । त्यस्तै वन डढेलो व्यवस्थापन सम्बन्धी रणनीति-२०६७ र वन अतिक्रमण नियन्त्रण सम्बन्धी रणनीति-२०६८ को पनि तर्जुमा भई लागू गरिएको छ । सरकारी निकायहरू मात्र नभई विभिन्न सामाजिक संस्थाहरू समेत आज चुरेको संरक्षणका लागि जुटेका छन् ।

केही बर्षयता चुरे व्यापक रूपमा मासिंदै गइरहेको छ । यहाँका पशुपक्षीहरू विस्थापित हुने अवस्थामा पुग्न सक्छन् । चुरे क्षेत्रको विनाश हुँदै जाने हो भने एक दिन यो निर्वस्त्र अवस्थामा पुग्न सक्छ । यहाँ पाईने अमूल्य जडीबुटीहरू लोप हुने अवस्थामा पुग्न केही बेर लाग्ने छैन । अनियन्त्रित रूपमा बसोवास, वन पैदावारहरूको तस्करी, जनसङ्ख्या वृद्धि, आगोलागी आदिलाई नियन्त्रण गर्नु पर्दछ । चुरे क्षेत्रमा अव्यवस्थित विकास निर्माणका कार्यहरू बन्द गरिनु पर्दछ । ठूलाठूला वन कर्मचारी, स्थानीय निकायका व्यक्तिहरू पनि बाहिर चुरे संरक्षण गरौं भनी नारा लगाई हिड्ने र भित्रभित्रै रातारात करोडपति हुने धन्धामा लागेको देखिन्छ । त्यसैले यसतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ । सरकारबाट उपयुक्त ऐन-कानूनको व्यवस्था हुन आवश्यक छ । चुरे क्षेत्रको संरक्षणका लागि सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट पहल हुन अति आवश्यक रहेको छ ।

खाली डाँडाहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । जथाभावी काठ, दाउरा बिक्री, निकासी गर्नु हुँदैन् । अग्नी नियन्त्रण सम्बन्धी राम्रो व्यवस्था गर्नुपर्दछ ।

विभिन्न अनुसन्धानहरूको व्यवस्था गरी सम्पूर्ण जनतामा डढेलो नियन्त्रण, वन अतिक्रमण र खुला चरिचरन सम्बन्धमा चेतना जगाई अगाडि बढ्नु जरूरी छ। स्थानीय वासिन्दाहरू देखि लिएर सम्पूर्ण सरोकारवाला निकायहरूले समेत हातमा हात र काँधमा काँध राखेर बाटोमा आइपर्ने काँडाहरूलाई पन्छाउँदै अगाडि बढी हाम्रो चुरे पर्वतीय क्षेत्रको संरक्षण गरी 'हरियो वन नेपालको धन' भन्ने उखानलाई उखानमा मात्रै सीमित नराख्नु आजको अपरिहार्य आवश्यकता भएको छ।





# चुरे बुझौं र बुझाऔं


**प्रकाशक**

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपर, नेपाल

फोन: ५५३१३११, फ्याक्स: ५५३७५११

ईमेल: mail@chureboard.gov.np